# गण्डकी प्रदेश सरकारका छ वर्ष

# उपलब्धी र प्रगति

# २०८०


प्रकाशक

**गण्डकी प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**पोखरा**

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

©प्रतिलिपि अधिकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोनः ०६१-४६७६४८, ४६७६६४, ४६७६८३, ४६७८५१
फ्याक्सः ०६१-४६७६६५
ईमेलः ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com
वेभसाईटः ocmcm.gandaki.gov.np

# मन्त्रिपरिषद्



**सुरेन्द्रराज पाण्डे**
माननीय मुख्यमन्त्री
गण्डकी प्रदेश सरकार



सुशिला सिंखडा
माननीय मन्त्री
सामाजिक व्यवस्था तथा स्वास्थ्य मन्त्रालय



सरस्वती अर्याल तिवारी
माननीय मन्त्री
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय



महेन्द्रध्वज जि.सी.
माननीय मन्त्री
कृषि तथा भूमि व्यवस्था मन्त्रालय



रेशम बहादुर जुग्जाली
माननीय मन्त्री
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय



जित प्रकाश आले मगर
माननीय मन्त्री
आर्थिक मामिला मन्त्रालय



दिपेन्द्र बहादुर थापा
माननीय मन्त्री
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## संरक्षक

सुरेन्द्रराज पाण्डे
मानवीय मुख्यमन्त्री

## सल्लाहकार

श्री लक्ष्मी कुमारी बस्नेत
प्रमुख सचिव

## सम्पादन मण्डल

| | |
|---|---|
| सचिव श्री यमुना प्रधान, शासकीय सुधार तथा समन्वय महाशाखा | -संयोजक |
| उपसचिव श्री राजन भट्टराई, योजना, अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | -सदस्य |
| कम्प्युटर अधिकृत श्री सज्जन भूर्त्याल, योजना, अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | -सदस्य |
| शाखा अधिकृत श्री जानकी देवी शर्मा, योजना, अनुगमन तथा नतिजा व्यवस्थापन शाखा | -सदस्य |



मुख्यमन्त्री

# शुभकामना

नेपालको संविधान बमोजिम गठित गण्डकी प्रदेश सरकारले छैटौ वर्ष पूरा गरी सातौं वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण गण्डकी प्रदेशबासीमा हार्दिक सुभकामना ब्यक्त गर्दछु। गण्डकी प्रदेश सरकारले स्थापनाकालदेखि हालसम्म अघि सारेका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरू समेटेर "गण्डकी प्रदेशका ६ वर्ष" शीर्षकमा पुस्तक प्रकाशन गर्न लागेको छ। यस पुस्तकले हालसम्म प्राप्त उपलब्धिलाई लिपिबद्ध गर्नुको साथै संस्थागत सम्झना राख्न महत्वपूर्ण भूमिका पनि खेल्नेछ भन्ने बिश्वास लिएको छु।

संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नै अधिकार र कार्यक्षेत्र तोकेको छ। यस समयावधिमा प्रदेश सरकारले संवैधानिक मूल्य, मान्यता एवं प्रचलित कानुन बमोजिम समन्वय, सहअस्तित्व र सहकारिताको सिद्धान्तलाई आत्मसात गरी नागरिकसामु लोकतन्त्र र सुशासनलाई स्थापित गरेको छ।

प्रदेश सरकारले स्थापनाकालदेखि नीतिगत, कानूनी र संस्थागत पक्षहरूलाई स्थापित गरी आफूलाई परिपक्व बनाउँदै लगेको छ। गण्डकी प्रदेशको दोस्रो आवधिक योजनाले 'आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी' सोच अगाडि बढाउदैछ। नागरिकको आधारभूत आवश्यकताका अतिरिक्त स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता मौलिक हक पूरा गरी प्रदेशबासीको जीवनस्तर उकास्न गण्डकी प्रदेश सरकार गम्भीर रहेको छ।

संघीयताको कार्यान्वयन सुदृढीकरणका लागि राष्ट्रिय समन्वय परिषदको बैठक दुई पटक सम्पन्न भैसकेको छ। गण्डकी प्रदेशको नेतृत्वमा सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा २०८० असार १५ गते सातवटै प्रदेशका मुख्यमन्त्रीहरू सम्मिलित अन्तर प्रदेश मुख्यमन्त्री बैठक र सबै प्रदेशका मुख्यमन्त्रीको बैठक बागमती प्रदेशको हेटौडामा बस्नुका साथै

अन्तरप्रदेश समन्वय परिषद्को बैठक समेतले संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, सहकार्य, सहअस्तित्व तथा कार्य जिम्मेवारी सम्बन्धमा थप स्पष्टता ल्याउँदै गरेको देखिन्छ।

गण्डकी प्रदेश सरकारले सीमित वित्तीय स्रोतका बावजुद विनियोजन दक्षतालाई कार्यकुशलता रूपमा परिस्कृत बनाउदै लगेको छ। हिमाल, पहाड, तराई तिनवटै भौगोलिक भूभागमा पूर्वाधार विकासलाई विशेष जोड दिन प्रदेशले परियोजना बैंक लागू गरी प्रदेश र स्थानीय तहका योजना व्यवस्थापनमा सुधार तथा परिमार्जनको थालनी गरेको छ। पूर्वाधारका क्षेत्रमा बीस लाखभन्दा माथिका योजना छनोट तथा कार्यान्वयन गरिएको छ। जनतासँग मुख्यमन्त्री कार्यक्रम अन्तर्गत प्रदेशगत अवस्था, बस्तुस्थिति, नागरिकको गुनासो, विकास निर्माणको अवस्था लागायतका बारेमा जानकारी लिन आफैं घरदैलोमा पुग्ने अभ्यासको सुरु भएको छ। यसबाट नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने र समाधान गर्ने वातावरण तयार भएको छ।

प्रदेश सरकारका विकास आयोजना र कार्यक्रमको गुणस्तर तथा प्रतिफललाई सुनिश्चित एवं सहजीकरण, प्राथमिकता प्राप्त आयोजनाको स्थलगत निरीक्षण लगायतका कार्यहरू गरिदैछ। यसबाट प्रदेशमा सञ्चालित आयोजनामा गुणस्तर कायम गर्न, समयमा आयोजना सम्पन्न गर्न र समग्र पुँजीगत खर्चको वृद्धि हुनमा सहयोग पुग्ने देखिन्छ। पुर्वाधार विकासतर्फ ३० लाख भन्दा न्यून रकमका आयोजना/कार्यक्रम विनियोजन नगर्ने नीतिले वजेट छरिने प्रणालीलाई न्यूनीकरण गरेको छ।

२०८० फागुन ४ गते गण्डकी प्रदेश सरकारले सातौं वर्षमा प्रवेश गर्ने र छैटौं वर्षसम्म सरकारले संचालन गरेका कार्यहरू र ती कार्यक्रमहरूबाट प्राप्त गरेका उपलब्धिहरूलाई पुस्तकले समेटेको छ। गण्डकी प्रदेश सरकारको स्थापनाकालदेखि हालसम्मको प्रगति प्रतिबिम्ब प्रस्तुत हुने यस पुस्तक प्रकाशनको तयारीमा खटिनु हुने "पुस्तक तयारी तथा प्रकाशन सहजीकरण समिति"का संयोजक प्रमुख सचिव लगायत सबै सदस्य तथा प्रदेश सरकारका सबै मन्त्रालय तथा निकायहरूलाई धन्यवाद व्यक्त गर्दछु।

मितिः- २०८० फागुन ४ गते शुक्रबार

**( सुरेन्द्रराज पाण्डे )**
**मुख्यमन्त्री**



प्रमुख सचिव

# मन्तव्य

नेपालको संविधान, २०७२ ले निर्धारण गरे बमोजिम निर्वाचन सम्पन्न भई वि.सं २०७४ फागुन ०४ मा गण्डकी प्रदेश सरकारको गठन भएको हो। स्थापनाकालदेखि गण्डकी प्रदेश सरकारले प्रशासनिक, वित्तीय व्यवस्थापन, सेवाप्रवाह एवं विकास निर्माणका कार्यहरू नागरिकसामु वितरण गर्दै आएको छ र यो समयावधिसम्म आइपुग्दा गण्डकी प्रदेशको छैटौं वर्षगाँठ पूरा भएको छ। गण्डकी प्रदेश सरकारले उपलब्ध शक्ति, अधिकार, स्रोत, साधन र जिम्मेवारी मार्फत सिर्जनशीलता, व्यावसायिकता र प्रतिस्पर्धा विकास गरी नागरिकको सन्तुष्टि बढाउँदै लगेको छ। संवैधानिक तथा कानूनी सीमा र सम्बन्धभित्र रहेर विविध चुनौतीको सामना गर्दै आफ्नो भूमिका प्रभावकारी बनाउदै लैजानुका साथै आफ्ना काम कारवाहीलाई जनमुखी, नतिजामुखी र परिवर्तनमुखी बनाउन निरन्तर प्रयास गरिरहेको छ।

बितेको छैटौं वर्षको अवधिमा गण्डकी प्रदेश सरकारले हालसम्म विभिन्न ६६ वटा ऐन र २२ वटा नियमावली तर्जुमा गरी प्रदेश सरकार सञ्चालनको लागि आधार तयार गरेको छ। नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन र प्रचलित कानुन समेतको आधारमा गण्डकी प्रदेशभित्र थप ३९ वटा क्षेत्रगत कानुन निर्माण गर्नुपर्ने पहिचान भएको छ र कतिपय कानुन तर्जुमाका चरणमा छन। प्रदेशको शासकीय विधि, पद्दति र अभ्यासमा लैङ्गिक सूचक, समावेशी विकास, दिगो विकास, मानवअधिकार, सुशासनका कार्ययोजना लागू गरिएका छन।

गण्डकी प्रदेश सरकारले दरबन्दी एवं जनशक्ति, संस्थागत संरचनाहरूको पुनरावलोकन गर्नुका साथसाथै प्रशासनिक संरचनालाई चुस्त र जनमुखी बनाउन मौजुदा संगठन/संरचनाको भूमिका र आवश्यकता मूल्याङ्कन गर्न प्रशासनिक अध्ययनका लागि कार्यदल समेत गठन गरेको छ। प्रदेशका कार्यालयलाई चुस्त, दुरुस्त, नागरिकमैत्री, जवाफदेही र व्यवस्थित बनाउने कार्यमा प्रोत्साहित गर्न 'नमूना कार्यालय छनौट' गरी पुरस्कृत गर्दै आइएको छ।

सार्वजनिक खर्चलाई मितव्ययी बनाउने, चालु खर्च कटौती गर्ने, पूँजीगत खर्च बढाउने, बेरूजु घटाउन ठोस कार्ययोजना तयार गरी निरन्तर कार्यान्वयन गरिएको छ। सार्वजनिक सेवाप्रवाहलाई नागरिकसामु कुशल र चुस्त रूपमा वितरण गर्न नागरिकको अभिमत बुझ्न, देख्न र सुन्न सार्वजनिक सुनुवाइ कार्यक्रम गर्दै आएको छ र सरकारका गतिविधि सम्प्रेण र पहुँच वृद्धिका लागि पारदर्शी शैली अपनाइएको छ। डिजिटल नेपालको राष्ट्रिय लक्ष्यानुसार डिजिटल गण्डकी प्रदेशको अवधारणा स्वीकृत गरी डिजिटाइजेसन एवं विद्युतीय शासन अन्तर्गत लोकसेवा, यातायात कार्यालय, उद्योग कार्यालय लगायत संरचनालाई प्रविधिमैत्री बनाउने प्रयास गरिएको छ। मन्त्रालय तथा मातहतका कार्यालयको वार्षिक कार्यक्रमभित्रका क्रियाकलापलाई माइलस्टोनमा रूपान्तरण गरी अनलाइन प्रणालीमा आबद्ध गरिएको छ र मासिक रूपमा सचिव बैठकमा समेत कार्यप्रगतिको समीक्षा गर्ने पद्धति विकास गरिएको छ।

संविधानमा प्रदत्त समन्वय, सहअस्तित्व र सहकार्यका माध्यमबाट अन्तरतह राजस्व संकलन, बाँडफाँड, वित्तीय हस्तान्तरण, मनसुनजन्य विपदबाट क्षतिग्रस्त निजी आवासलाई अनुदान, कमर्चारी व्यवस्थापन लगायतका कार्यक्रमबाट सम्बन्धलाइ सुदृढ पार्दै प्रदेश र स्थानीय तह राष्ट्रिय लक्ष्यका एकै विन्दुमा जोडिएका छन। यसले स्थानीय तह र प्रदेशबीच सेवाप्रवाह, सुशासन र आर्थिक विकासका क्षेत्रमा संयुक्त कार्यढाँचा, सहलगानी, साझेदारी कार्य संस्कृति लागू भएका छन। गण्डकी प्रदेश सरकार स्थानीय तहसँग नमुना कानून, जनप्रतिनिधिको तालिम, राजस्व सुधार कार्ययोजना, मध्यमकालीन खर्च संरचना, क्षमता विकास योजना, कर्मचारी व्यवस्थापन आदि क्षेत्रमा सँगसँगै सहकार्य गरिरहेको छ।

गण्डकी प्रदेश सरकारको स्थापना कालदेखिका नीति तथा कार्यक्रमहरू, मौजुदा राजस्व प्रणाली, योजनाको प्रभावकारिता अध्ययन विश्लेषणका लागि विश्वविद्यालयसँग सम्झौता गरी उपलब्धी र पृष्ठपोषण प्राप्त गर्ने अभ्यास गरिएको छ। यस्ता तेस्रो पक्षीय अध्ययन विश्लेषणबाट पक्कै पनि भावी दिनमा गण्डकी प्रदेश सरकारले तय गर्ने गन्तव्य र मार्गदर्शनका सोच र खाका प्राप्त भएका छन।

संघीय शासन प्रणालीले परिकल्पना गरेको लोकतन्त्रका लाभहरू जनतासम्म पुऱ्याउन गण्डकी प्रदेश सरकार नागरिक सामु सदैव जनमुखी र उत्तरदायी रही आएको छ। यसका

लागि संघीय निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, समानीकरण अनुदानका हिस्सा, जग्गा हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विषयहरूमा संघीय सरकारले सहजीकरण गर्नुपर्ने देखिन्छ। यसैले, संघीय शासन प्रणाली सुदृढिकरणका लागि तीनै तहका सरकारबीच समन्वय, सहअस्तित्व र सहकारिताको सिद्धान्त व्यवहारमा प्रतिबिम्बित हुन अपरिहार्य देखिएको छ।

गण्डकी प्रदेश सरकारले छैटौं वर्षमा गरेका उपलब्धिहरू समेटेर अभिलेखीकरण गर्ने उद्देश्यले प्रस्तुत पुस्तक "छ वर्ष" प्रकाशन गरिएको छ। यस पुस्तकमा गण्डकी प्रदेश सरकारले जारी गरेका कानूनहरू, वित्तीय व्यवस्थापन, कार्यसम्पादन, भौतिक उपलब्धिहरू र तीनवटै तहका सरकारहरू बीचको समन्वय सुदृढ गर्न प्रदेश सरकारको तर्फबाट भएका प्रयास लगायतका विषय समेटिएका छन्। यस पुस्तक प्रकाशनमा खटिनुहुने पुस्तक तयारी तथा प्रकाशन सहजीकरण समितिका संयोजक लगायत सबै सदस्यहरूलाई धन्यवाद व्यक्त गर्दछु। साथै, प्रकाशनका लागि महत्त्वपूर्ण सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सबै मन्त्रालय/आयोग/ प्रतिष्ठान/निकायका राष्ट्रसेवक कर्मचारीलाई धन्यवाद व्यक्त गर्दछु।

(लक्ष्मी कुमारी बस्नेत )

प्रमुख सचिव

# कार्यकारी सारांश

# गण्डकी प्रदेशको संक्षिप्त परिचय

## प्रदेशको नाम र राजधानी

- मितिः- २०७४/११/०४ पहिलो प्रदेश सरकारको गठन।
- मितिः- २०७५/०३/१८ मा प्रदेश सभाको २४ औं बैठकबाट यस प्रदेशको राजधानी **पोखरा** तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित।
- मितिः- २०७५/०३/२२ मा प्रदेश सभाको २६ औं बैठकबाट यस प्रदेशको नामाकंन **गण्डकी** तोक्ने प्रस्ताव दुई तिहाई बहुमतले पारित भएको।
- प्रदेश सिमानाः- पूर्व- वाग्मती प्रदेश, पश्चिम- लुम्बिनी र कर्णाली प्रदेश, उत्तर- चीन, दक्षिण- लुम्बिनी प्रदेश र भारत।

## प्रदेश अन्तर्गतका जिल्लाहरू -११ वटा

कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, पर्वत, मनाङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मुस्ताङ, वाग्लुङ, म्याग्दी, गोरखा।

## भौगोलिक अवस्थिति

- विश्व मानचित्रमा २७°२६'१५" उत्तरी अक्षांशदेखि २९°१९'५०" उत्तरी अक्षांशसम्म।
- ८२°५२'४५" पूर्वी देशान्तरदेखि ८५°१२'०५" पूर्वी देशान्तरसम्म ।
- नेपालको कूल भू-भागको १४.६७ प्रतिशत क्षेत्रफल अर्थात २१,९७४ वर्ग कि.मी. भूभाग ओगटेको।
- उचाइ समुद्र सतहबाट १०३ मिटर (त्रिवेणी) देखि ८,१६७ मिटर (धौलागिरी) सम्म फैलिएको।




- गाण्डव ऋषिको नामबाट गण्डकी नदी / सप्तगण्डकी नामकरण।
- गण्डकीका सातवटा सहायक नदीहरू रहेको (त्रिशुली, बुढीगण्डकी, दरौदी, मर्स्याङ्दी, मादी, सेती, कालीगण्डकी)

- कूल क्षेत्रफलः-२१७३३ वर्ग कि.मि.
    - हिमाली -५८१९ वर्ग कि.मि.,
    - पहाडी -१४६०४ वर्ग कि.मि.,
    - तराई - १३१० वर्ग कि.मि.

- 


## जनसांख्यिक विवरण

- कूल जनसंख्या २४,६६,४२७ मध्ये पुरुषको संख्या ११,७०,८३३ (४७.४७ प्रतिशत) र महिलाको संख्या १२,९५,५९४ (५२.५३ प्रतिशत)।
- लैङ्गिक अनुपात अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या ९०.३७ रहेको।
- वार्षिक औषत जनसंख्या वृद्विदर ०.२५ प्रतिशत।
- जनघनत्व ११५ जना प्रतिवर्ग किलोमिटर।
- धेरै जनघनत्व कास्की जिल्ला (२९७ जना प्रति वर्ग किलोमिटर)।
- सबैभन्दा कम मनाङ जिल्लामा (३ जना प्रति वर्ग किलोमिटर) ।
- कुल जनसंख्यामा ६२.८ प्रतिशत (१५ देखि ५९ वर्ष उमेरका )।
- १४ वर्ष वा सो भन्दा कम उमेर समूह २३.९ प्रतिशत।
- ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या १३.३ प्रतिशत ।
- वार्षिक जनसंख्या वृद्धिदर :- ०.२५%।
- औसत परिवार सदस्य संख्या :- ३.७२ जना।
- विदेशमा अक्सर बसोवास गर्ने :- १३.०८% प्रदेशको कुल जनसंख्या।




### सबैभन्दा बढी जनसंख्या

- जिल्ला :- कास्की (६ लाख ५१ जना)
- नगरपालिका :- कावासोती नगरपालिका (८६,८२१ जना), नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
- गाउँपालिका :- विनयी त्रिवेणी गाउंपालिका (३८,३७० जना), नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

### सबैभन्दा कम जनसंख्या

- जिल्ला :- मनाङ (५,६५८ जना)
- नगरपालिका :- राईनास नगरपालिका, लमजुङ (१७,४८१ जना)
- गाउँपालिका :- नार्पा भूमि गाउँपालिका, मनाङ (३९६ जना) , नेपालकै सबैभन्दा कम।

### जनघनत्व

- बढी जनघनत्व भएको जिल्ला :- कास्की (२९७ जना प्रतिवर्ग कि.मी.)
- कम जनघनत्व भएको जिल्ला :- मनाङ (३ जना प्रति वर्ग कि.मी.)
- बढी जनघनत्व भएको नगरपालिका :- कावासोती (८०१ जना प्रति वर्ग कि.मी.)।
- कम जनघनत्व भएको नगरपालिका :- ढोरपाटन, (१३५ जना)।

५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या




## लैंगिक अनुपात

- बढी लैंगिक अनुपात भएको जिल्ला :- मनाङ (१२९.४४ )
- कम लैंगिक अनुपात भएको जिल्ला :- स्याङ्जा (८५.५७)
- बढी लैंगिक अनुपात भएको नगरपालिका :- गैंडाकोट (९१.५७)
- कम लैंगिक अनुपात भएको नगरपालिका : भीरकोट (८२.९५)

## गण्डकी प्रदेशमा मानिने धर्महरू

- हिन्दु : ८२.२% (२० लाख २७ हजार ९८० जना)
- बौद्ध : ११.५% (२ लाख ८४ हजार ६४२ जना
- क्रिश्चियन : २.४% (५८ हजार ३१५)
- बोन : २.२% (५३ हजार ४०५ जना)
- इस्लाम : ०.९% (२२ हजार ३६१ जना)
- प्रकृति: ०.७% (१६ हजार ६३५५ जना)
- किंरात: ०.१% (२ हजार ९६८ जना)
- शिखः- ४७ जना
- जैनः- ३९ जना
- बहाईः- २५ जना

## मुख्य जातजाति र जनसंख्या

- प्रदेशमा जम्मा १०७ जातजातिको बसोवास।
- गण्डकी प्रदेशमा मिश्रित जातजातिको बसोबास।
- मुख्य जातिहरू ब्राह्मण, मगर, क्षेत्री, गुरुङ, दलित, थारु, नेवार, छन्त्याल, थकाली, मुसलमान आदि।

- धेरै जनसंख्या भएका ५ जातिहरू पहाडी ब्राह्मण :- २०%, मगर १८.८%, क्षेत्री (१३.१%), गुरुङ (११%), दलित (९.३%)।
- कम जनसंख्या भएका ५ जातिहरू हायु (१०जना), नाचिरिङ (११ जना), कुशवाडिया (१२जना), थुलुङ (१६ जना), चाम्लिङ (१६ जना)

## हिमश्रृङ्खलाहरू

१. अन्नपूर्ण हिमश्रृखला
२. धौलागिरी हिमश्रृङ्खला
३. मानसिरी हिमश्रृङखला
४. दामोदर हिमश्रृङखला
५. निलगिरी हिमश्रृङ्खला
६. पटुङ हिमश्रृङ्गला
७. पैरी हिमश्रृङ्खला
८. सेराड हिमश्रृङ्खला
९. मुकुट हिमश्रृखला

## ताल/ कुण्ड /दह /पोखरीहरू

### कास्की

-फेवा ताल, रुपा ताल, वेगनास ताल, दिपाङ ताल, मैदी ताल, खास्टे ताल, बुडुबा ताल, स्याखुं ताल, शान्ति कुण्ड

### मनाङ

तिलिचो ताल, गंगापूर्ण ताल, पोङ्कर ताल, डोना ताल

### मुस्ताङ

इम्बाना ताल, दामोदर कुण्ड, ढुम्बा ताल

### लमजुङ

निमापोखरी, दुध पोखरी, इलम पोखरी, मेमे पोखरी, बारा पोखरी, देउपोखरी, भरत

कुण्ड, इन्द्र पोखरी, बाहू पोखरी

### म्याग्दी

भाले बास्ने ताल, खयरबराही ताल

### बाग्लुङ

रुद्रताल, जाल्पा पोखरी, भुइफुटा ताल

### गोरखा

नारद पोखरी, रुन्चे ताल

## धार्मिक तथा पर्यटकीय स्थल

### वाग्लुङ

कालिका भगवति मन्दिर, पञ्चकोट, संसारकोट  ताराजाल कोट, माझकोट, , खड्ग कालिका मन्दिर, ढोरपाटन, भैरवस्थान मन्दिर, जैमिनीधाम, माइस्थान, हाँडीकोट, बाग्लुङ—कालिका, पन्चकोट, शालिग्राम संग्रहालय ढोरपाटन, उत्तरगंगा क्षेत्र, घुम्टेको लेक, गाँजाको दह (रुद्रताल), सत्यवती मन्दिर, गाईघाट झरना, भुलेनी, बिउकोट, शिवधुरी—हिमालयन भ्यू प्वाइन्ट र रामकोट।

### गोरखा

गोरखा दरबार, मनकामना मन्दिर, केबलकार, छेकम्पार, बारपाक, लाप्राक, लार्केपास, श्रीनाथकोट मण्डली, गोरखाकालिका र गोरखनाथ गुफा, लिगलिगकोट,गोरखा दरबार, मनकामना मन्दिर, गोरखा संग्रहालय, अजिरकोट, सीता गुफा, लिगलिगकोट

### **लमजुङ**

काउलेपानी, लमजुङ दरबार, राइनासकोट, इलमपोखरी, घलेगाउँ सार्क भिलेज, घनपोखरा, ईशानेश्वर महादेव, करापुटार, दूधपोखरी (गोर्खा र लमजुङको सिमाना) सिउरुङ गाउँ तथा भुजुङ गाउँ, पुरानकोट, राइनासकोट, तुर्लुङकोट, पुरानोकोट गढी

### तनहुँ

बन्दीपुर, देवघाट, सिद्ध गुफा, व्यास गुफा, घाँसी कुवा, छिम्केश्वरी मन्दिर, खड्कदेवी मन्दिर, अकला देवी, महालक्ष्मी, तीनधारा महादेव, रानीवन, राइपुर जन्तेढुंगा, ढोरबाराही, छाब्दी बाराही भानुभक्तको जन्मस्थान, छिम्केश्वरी मन्दिर, बूढी देवता मन्दिर, आँधिमुल बाराही तथा मिर्लुङकोट।

### कास्की

पन्चासे डाँडा, पुम्दीकोट, विन्ध्यवासीनी, तालवाराही, भद्रकाली, गुप्तेश्वर महादेव गुफा, शान्ति स्तुप, अन्नपूर्ण बेसक्याम्प, पाताले छाँगो, विश्व शान्ति स्तूप, गुफाहरू (गुप्तेश्वर, चमेरे, महेन्द्र, इन्द्र, शान्ति), फेवाताल, बेगनास ताल, रूपा तालसहितका तालहरू, विन्ध्यवासिनी मन्दिर, सराङकोट, कोटहरू (रुपाकोट, पुम्दीकोट, कास्कीकोट, स्याक्लुङकोट, ठूलाकोट) एवं काहुँडाँडा।

**मनाङ**

तिलिचो ताल, पोङकर ताल, डोना ताल, गंगापूर्ण ताल, अन्नपूर्ण हिमाल १, २, ३ र पदमार्ग, छो—कर्णताल, थोन्चे—लार्के पदयात्रा, मनाङ—थोराङपास पदयात्रा, नारफू—काङला पदयात्रा तथा तिब्बती खम्पाका बंकर, नार्फु उपत्यका

**मुस्ताङ**

लो—घेकर गुम्बा, दामोदर कुण्ड, लोमाङथाङ दरबार, मुक्तिनाथ, कागवेनी, कुछ्प तेरेङका गुम्बा र गुफाहरू, धौलागिरी आइस फल, लियोपार्ड क्याम्प (ठिनी), टिटी ताल जोमसोम।

**पर्वत**

भमरकोट माटे, जलजला, हम्पाल, कालान्जार पर्वत, पन्चासे पन्चधाम, डहरे—नीलकण्ठ पर्वत, प्राकृतिक टावर, चिसापानी, कालिका, पैयुँकोट, महाशिला, सेतीवेणी शालिग्राम, कुस्मा मोदीवेणी, गुफा र नेपालकै अग्ला लामा पुलहरू, महाभीर छहरा, बन्जीजम्प, स्काई साइक्लिङ तथा स्वीङ, गुप्तेश्वर गुफा, सितलपाटी गुफा, नरसिंह मन्दिर, शालिकग्राम शिला

स्याङ्जा

कोल्माकोट, शाल्मेडाँडा—गोर्खा स्मारक, नुवाकोट कालभैरव मन्दिर, सिरुवारी पर्यटकीय गाउँ, आलमदेवी मन्दिर, स्वरेक मैदान प्यराग्लाइडिङ, मिर्मी सेतीवेणी उच्च तथा स्टिमर यात्रा, चण्डीथान, गऱ्हौकालिका, छायाँ क्षेत्र (छ्याङछ्याङदी) राम्दीधाम तथा अन्धाअन्धी, कैलाश गुफा, राम्दीघाट, बुढाकोट

**म्याग्दी**

धौलागिरी बेसक्याप, धौलागिरी आइसफल, गलेश्वर धाम, पुलस्त्याश्रम, जगन्नाथ मन्दिर, पुला ढोलठाना, टोडर्के धुरी र हिमाल, पुन हिल , मालिका धुरी, रुप्से छहरा र अन्ध गल्छी, सिंगा तातोपानी एवं खोप्रा लेक, जगन्नाथ मन्दिर, घोरेपानी, रुप्से छहरा,

**नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

लोसेधारा, कैलाश आश्रम, देवचुली, त्रिवेणीगजेन्द्र मोक्ष धाम, मान्यबिन्दु, कैलाश पर्वत, घुमाउरीघाट (कामधेनु क्षेत्र), शाश्वत धाम, अकलादेवी तथा दाउन्ने देवी, मौलाकालिका मन्दिर, देवचुली, बवरचुली क्षेत्र, त्रिवेणी धाम।

संरक्षण क्षेत्र/शिकार आरक्ष

अन्नपुर्ण संरक्षण क्षेत्र

स्थापना :- वि.सं. २०४९

क्षेत्रफल :- ७६२९ वर्ग कि.मी.

अवस्थित जिल्ला :- कास्की, मुस्ताङ, मनाङ, लमजुङ, म्याग्दी।

मनास्लु संरक्षण क्षेत्र

स्थापना :- वि.सं २०५५ साल

क्षेत्रफलः- १६६३ वर्ग कि.मी.

अवस्थित जिल्ला :- गोरखा र मनाङ।

ढोरपाटन शिकार आरक्ष

एकमात्र शिकार आरक्ष

स्थापना :- वि.सं. २०४४ साल

क्षेत्रफलः- १३२५ वर्ग कि.मी.

अवस्थित जिल्ला :- वाग्लुङ, स्याग्दी र रुकुम पूर्व।

कला, साहित्य र संस्कृति

- रोदी, सेर्गा, घाँटु, छ्याँडु, कौरा, सोरठी, मारुनी, जीउमामा, बालन, भैरव, लाखे, झाम्टा, झुमरी, तरवार लगायतका मौलिक नृत्य।
- जातजाति, भाषाभाषीको जगेर्ना गर्न स्थापित संग्रहालय।
- विष्णु भगवानको साक्षात्कार रूप मानिने शालिग्राम शिला पाइने संसारकै एकमात्र नदी कालीगण्डकी नदी।
- कालीगण्डकी नदीको वहाव क्षेत्रमा पाइने जल शालिग्राम र स्थल शालिग्राम।

**आवतजावत एवं पहुँच**

- सिद्धार्थ राजमार्ग, पृथ्वी राजमार्ग, बेनी-जोमसोम-कोरला सडक,
- कालीगण्डकी करिडोर, शालिग्राम करिडोर र मध्यपहाडी लोकमार्ग।

राजनैतिक तथा प्रशासनिक विभाजन

- संघीय निर्वाचन क्षेत्र/प्रतिनिधि सभा क्षेत्र :- १८ वटा
- प्रादेशिक निर्वाचन क्षेत्र/प्रदेश सभा क्षेत्र :- ३६ वटा
- प्रदेश सभा सदस्य :- ६० प्रत्यक्ष ३६, समानुपातिक २४
- जिल्ला सभा :- ११ वटा, गाउँपालिका :- ५८ वटा,
- नगरपालिका :- २६ वटा, महानगरपालिका :- १ वटा (पोखरा)
- स्थानीय तह :- ८५ वटा, कूल वडा संख्या:- ७५९ वटा

## गण्डकी प्रदेशको राजनितिक तथा प्रशासनिक विभाजन

| | | स्थानिय तह | | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|
| क्र.स. | जिल्ला | नगरपालिका | गाउँपालिका | प्रतिनिधी सभा | प्रदेश सभा |
| १ | म्याग्दी | १ | ५ | १ | २ |
| २ | मुस्ताङ | ० | ५ | १ | २ |
| ३ | पर्वत | २ | ५ | १ | २ |
| ४ | बाग्लुङ | ४ | ६ | २ | ४ |
| ५ | मनाङ | ० | ४ | १ | २ |
| ६ | स्याङ्जा | ५ | ६ | २ | ४ |
| ७ | गोरखा | २ | ९ | २ | ४ |
| ८ | लमजुङ | ४ | ४ | १ | २ |
| ९ | तनहुँ | ४ | ६ | २ | ४ |
| १० | कास्की | १ | ४ | ३ | ६ |
| ११ | नवलपरासी (ब.सु.पू) | ४ | ४ | २ | ४ |

# प्रदेश सरकारका प्रतिबद्धता

## प्रथम पञ्चवर्षीय योजनाका लक्ष्यहरू देहाय अनुसार रहेका छन्:-

- बहुआयामिक गरिबी सूचकाङ्क १४.२० प्रतिशतबाट ७ प्रतिशतमा झार्ने।
- गण्डकी प्रदेशको वार्षिक औसत आर्थिक वृद्धिदर १०.२० प्रतिशत पुऱ्याउने।
- प्रतिव्यक्ति आय १,०४३ अमेरकी डलरबाट १,९५६ डलर पुऱ्याउने।
- प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.३ खर्ब ८ अर्बबाट ४ खर्ब ६८ अर्ब पुऱ्याउने।
- पूर्ण बेरोजगारी दर ९ प्रतिशतबाट ४ प्रतिशतमा झार्ने।
- अपेक्षित आयु ७१.४० वर्षबाट ७७ वर्ष पुऱ्याउने।
- ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २७ बाट २२ मा झार्ने।
- दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिलाको सङ्ख्या ६९.९ प्रतिशतबाट ८० प्रतिशत पुऱ्याउने।
- प्रजनन उमेरका महिलामा रक्तअल्पता २८.२० प्रतिशतबाट १६ प्रतिशतमा झार्ने।
- ५ वर्षमुनिका वालवालिकामा रक्तअल्पता ४६.२० प्रतिशतबाट १० प्रतिशतमा झार्ने।
- आधारभूत तहमा खुद विद्यार्थी भर्ना दर ९४.८० बाट ९९ प्रतिशत पुऱ्याउने।
- गण्डकी बिश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने।
- गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने।
- सबै निर्वाचन क्षेत्रलाई सडक सञ्जालले जोड्न "**एक निर्वाचन क्षेत्र-एक सडक**" निर्माण गर्ने।
- प्रदेशभित्रका सबै स्थानीय तहका प्रशासकीय केन्द्र जोड्ने सडक निर्माण गर्ने।
- आर्थिक वर्ष २०७८/७९ भित्र "**गण्डकी प्रदेश-उज्यालो प्रदेश**" बनाउने लक्ष्य पूरा गर्ने।
- आर्थिक वर्ष २०७८/७९ भित्र सबै घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुऱ्याउने।
- प्रदेश सरकारबाट घोषित "**एक घर-एक धारा**" को लक्ष्य पूरा गर्ने।
- प्रदेशको खाद्यान्न उत्पादन दोब्बर बनाउन कृषि प्रणालीलाई यान्त्रिकीकरण, व्यवसायीकरण र आधुनिकीकरण गर्ने।
- गण्डकी प्रदेशलाई पर्यटन हब र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रूपमा विकास गरी प्रदेशभित्र वार्षिक २० लाख पर्यटक भित्र्याउने।
- पोखरामा अत्याधुनिक सुविधा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने।
- प्रदेशस्तरीय २ औद्योगिक क्षेत्र र सम्भाव्य देखिएका ५१ स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने।
- संघ र पोखरा महानगरपालिकासँगको सहकार्यमा प्रदेशस्तरीय बसपार्क र पोखरा महानगरपालिकासँगको सहकार्यमा नगर बसपार्क निर्माण गर्ने।

- अत्याधुनिक सुविधा सम्पन्न प्रदेश प्रहरी प्रशिक्षण प्रतिष्ठान निर्माण गर्ने।
- सार्वजनिक सेवा प्रवाहलाई सरल, छिटो छरितो, पारदर्शी, जवाफदेही, परिणाममुखी, गुणस्तरीय, नागरिकमैत्री र प्रभावकारी बनाउन विद्युतीय सुशासन प्रवर्द्धन गरी डिजिटल प्रदेश बनाउने।

# दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)

**१.गरिबी** - हरेक क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने।

**२. भोकमरी र खाद्य सुरक्षा** - भोकमरी अन्त्य, खाद्यान्न सुरक्षा र उन्नत पोषण प्राप्ति।

**३. स्वास्थ्य** - स्वस्थ जीवनको सुनिश्चितता गर्दै सम्बद्ध जीवनस्तर प्रवर्द्धन गर्ने।

**४. शिक्षा**- समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरू सम्भव तुल्याउने।

**५. लैङ्गिक समानता र महिला सशक्तिकरण**- लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूलाई सशक्त बनाउने।

**६. खानेपानी र सरसफाइ**- खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन।

**७. ऊर्जा** - सुपथ, भरपर्दो र दिगो आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने।

**८ आर्थिक वृद्धि**- समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण तथा उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने।

**९. पूर्वाधार, औद्योगीकरण**- उत्थानशील (resilient) पूर्वाधार निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन, नवप्रवर्तनलाई प्रेरित गर्ने।

**१०. असमानता** - मुलुकभित्र र मुलुकहरूबीचको असमानता घटाउने।

**११. शहरहरू** - शहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने।

**१२. दिगो उपभोग र उत्पादन** - दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने।

**१३. जलवायु परिवर्तन**- जलवायु परिवर्तन र त्यसका प्रभावसँग जुध्न तत्काल कार्य।

**१४. महासागरहरू** - दिगो विकासका लागि महासागर, समुद्र र सामुद्रिक स्रोतहरूको संरक्षण र दिगो रूपमा प्रयोग गर्ने ।

**१५. जैविक विविधता** - पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन, वनको दिगो रूपमा व्यवस्थापन, जमीनको क्षयीकरण र जैविक विविधताको ह्रासलाई रोक्ने।

**१६. शान्ति र न्याय** - शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन, न्यायमा सबैको पहुँच सुनिश्चित र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने।

**१७. साझेदारी** - दिगो विकासका लागि कार्यान्वयनका उपाय र साधनलाई सुदृढ र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने।



# सूचकमा गण्डकी प्रदेश (०७९/०८०)

- नेपालको गण्डकी प्रदेशको राष्ट्रिय ग्राहस्थ उत्पादनमा कुल योगदान ८.४२%
- कुल गार्हस्थ्य उत्पादन रु. ४ खर्ब ३७ अर्ब अमेरिकी डलर
- औसत आर्थिक वृद्धिदर ४.१ प्रतिशत
- प्रतिव्यक्ति आय १४९२ अमेरिकी डलर
- बहु आयामिक गरिबी ९.६ प्रतिशत
- मानव विकास सूचकाङ्क ०.६०८
- विद्युतको पहुँच ९९.५० प्रतिशत
- ९३.७५ प्रतिशत जनसङ्ख्याको आधारभूत खानेपानीमा पहुँच पुगेको।
- १८ प्रतिशतको मध्यम तथा उच्च स्तरको खानेपानीमा पहुँच पुगेको।
- प्रदेश तथा स्थानीयस्तरमा कच्ची, ग्राबेल र कालोपत्र सडकसहित ११ हजार ७ सय २८ किलोमिटर सडक सञ्जाल पुगको।
- प्रदेश सडक सञ्जाल १७.७५ प्रतिशत अर्थात २ हजार ८२ किलोमिटर रहेको।
- गण्डकी प्रदेश सरकारबाट ५१० किमी सडक कालोपत्रे भएको।
- आ.व. २०७९/८० मा लैङ्गिक उत्तरदायी बजेट अन्तर्गत ५९.०१ प्रतिशत प्रत्यक्ष लाभ।
- जलवायु परिवर्तन सम्बन्धी बजेट अन्तर्गत ४१.९० प्रतिशत प्रत्यक्ष लाभ।



गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना
(आर्थिक वर्ष २०७६/७७-२०८०/८१) को
मध्यावधी समीक्षा प्रतिवेदन

प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल
२०७९

# दोस्रो पञ्चवर्षिय योजना (२०८१/८२- २०८५/८६) का अवधारणामा उल्लेखित संरचनात्मक क्षेत्र र रणनीति

- प्रादेशिक अर्थतन्त्रमा सुदृढीकरण
- वित्तीय स्रोत पहिचान व्यवस्थापन
- सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण र सशक्तिकरण
- श्रम, रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरण
- गुणस्तरीय शिक्षा, स्वास्थ्य, सञ्चारमा पहुँच र विस्तार
- दिगो पूर्वाधार, पर्यटन र सहरीकरण
- वन, वातावरण, जैविक विविधता तथा जोखिम व्यवस्थापन
- पूँजी निर्माण र लगानी
- विनियोजन कुशलता पुँजीगत खर्च, संस्थागत सज्मता
- सुशासन र सार्वजनिक सेवा प्रवाह



# क्षेत्रगत उपलब्धी र प्रगति

## गण्डकी प्रदेश सभा सचिवालय

**संघीयता कार्यान्वयनमा उपलब्धी**

- नेपालको संविधान र प्रचलित ऐन कानून बमोजिम कानून निर्माणमा अबलम्बन गर्नुपर्ने सम्पूर्ण विधायिकीय कार्य तथा प्रकृया सम्बन्धमा काम गरेको।
- प्रदेश सरकारको कार्यक्षेत्र भित्र रही कानून निर्माण गरिएको।
- विधायिकीय कार्य तथा प्रकृयालाई स्थानीय तहसम्म पुऱ्याई विधि निर्माणलाई आन्तरिकिकरण गरिएको।
- संघीयताको सबलीकरणका लागि स्थानीय तहसँग अन्तरक्रिया र छलफलका गतिविधिहरू सञ्चालन गरिएको।
- प्रदेश सभाका सदस्यहरूको क्षमता विकास, ज्ञान व्यवस्थापन लगायतका कार्य गरिएको।

### सभाको पहिलो कार्यकाल (२०७४-२०७९) का उपलब्धी

- नेपाल सरकारको निर्णय अनुसार निर्वाचन आयोगबाट नेपालमा प्रदेश सभाको निर्वाचन मिति २०७४ साल मंशिर १० र २१ गते २ चरणमा सम्पन्न भएको थियो। जस अनुसार प्रदेश नं ४ मा प्रदेश सभाको पहिलो कार्याकाल २०७४।१०।२२ प्रारम्भ भएको थियो।

**जरुरी सार्वजनिक महत्वका प्रस्तावः-**

- मिति २०७७।०९।२६ गतेको प्रदेश सभा बैठकमा मुल्य वृद्धि, कालोबजारी नियन्त्रण सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश भएको।
- मिति २०७७।०९।२७ गतेको प्रदेश सभा बैठकमा बन्द उद्योग कलकारखाना, पर्यटन व्यवसाय सञ्चालन तथा रोजगारी सिर्जना सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश भएको।
- मिति २०७७।०९।२८ गतेको प्रदेश सभा बैठकमा आ.ब. २०७७।७८ को गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयन सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश भएको।

**संकल्प प्रस्ताव**

- मिति २०७७।०४।२२ गते प्रदेश सभा बैठकमा कोभिड-१९ संक्रमण नियन्त्रण तथा रोकथाम सम्बन्धी संकल्प प्रस्ताव पेश भएकोमा बहुमतले अस्वीकृत भएको।
- मिति २०७७।१०।०४ गते प्रदेश सभा बैठकमा कोरोना परिक्षण, उपचार तथा व्यवस्थापन सम्बन्धी संकल्प प्रस्ताव पेश भएकोमा सर्वसम्मतिले स्वीकृत भएको।

**उपलब्धी तथा प्रगतिहरू**

- गण्डकी प्रदेश भित्र ५९ वटा प्रदेश कानूहरू निर्माण भएका।
- सभा र सचिवालयको लागि आवश्यक भौतिक पूर्वाधारको आधारभूत प्रबन्ध भएको।
- प्रदेश सरकारको पाँच वर्षको नीति तथा कार्यक्रम र बजेट पारित भई कार्यान्वयन भएको।
- प्रदेश सरकारको संबैधानिक अधिकार प्रचलन गर्नको आवश्यक कानून निर्माण भई कार्यान्वयन भइरहेको।
- सचिवालयको कार्यहरू समयसापेक्ष रूपमा अगाडि बढाउन विद्युतीय माध्यमबाट कार्य सम्पादन भइरहेको।
- प्रदेशको नामाकरण तथा राजधानीको विषयमा प्रदेश सभाबाट सर्वसम्मत रूपमा निर्णय भएको।
- संसदीय निगरानी सम्बन्धमा आवश्यक कार्यहरू भएको।
- प्रदेश सभाका कार्यहरूलाई पारदर्शी बनाउन युटुबको माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको।
- प्रदेश सभाका बैठक भित्रका सबै गतिविधिहरूलाई लिपिबद्ध गर्ने कार्य (VERBATIM) गरिएको।

## सभाको दोस्रो कार्यकाल (२०७९- हाल सम्म)

नेपाल सरकारको निर्णय अनुसार निर्वाचन आयोगबाट नेपालमा प्रदेश सभाको निर्वाचन मिति २०७९ साल मंशिर ४ गते सम्पन्न भएको थियो। जस अनुसार गण्डकी प्रदेश सभाको दोस्रो कार्याकाल २०७९।०९।१८ देखि प्रारम्भ भएको छ।

### उपलब्धी तथा प्रगतिहरू

- २ वटा अध्यादेश स्वीकृत भएका।
- ७ वटा प्रदेश विधेयक र १ वटा नियमावली पारित भएका।
- प्रदेश सरकारको यस वर्षको नीति तथा कार्यक्रम र बजेट पारित भएको।
- सचिवालयको कार्यहरू समयसापेक्ष रूपमा अगाडि बढाउन विद्युतीय माध्यमबाट कार्य सम्पादन भइरहेको।
- प्रदेश सभाका कार्यहरूलाई पारदर्शी बनाउन युटुवको माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको।
- प्रदेश सभाको बैठक भित्रका सबै गतिविधिहरूलाई लिपिबद्ध गर्ने कार्य (VERBATIM) गरिएको।
- सदनका फोटो, भिडियो तथा अन्य डकुमेन्टहरू माननीयज्यूसमक्ष पुर्याउन PAG Cloud संचालनमा ल्याईएको। यसवाट high quality फोटो तथा भिडियो माननीयज्यूहरूको हातहातमा तत्कालै पुर्याउन सम्भव भएको।

### भौतिक संरचना निर्माण

- सचिवालयको भौतिक संरचनालाई व्यवस्थापन गर्न प्रिफ्याब भवन निर्माण गरिएको।
- सचिवालयभित्र स्वास्थ्य सहायता कक्ष स्थापना गरिएको।

## प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश

**पाठ्यक्रम तथा परीक्षण प्रविधि**

- प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७८/०७९ देखि हालसम्म चौथो तहदेखि एघारौं तहसम्मका १०९ वटा पाठ्यक्रम निर्माण तथा परिमार्जन गरेको छ।

**विज्ञापन प्रकाशन**

- आयोगले आर्थिक वर्ष २०७८/०७९, २०७९/०८० मा प्रदेश सरकार र स्थानीय तहहरूबाट माग भएका चौथो तह देखि एघारौं तहसम्मका विभिन्न पदहरूको लागि १५५३ माग पदसंख्याका लागि विज्ञापन प्रकाशन गरेको छ।

**दरखास्त तथा राजश्व संकलन**

- आर्थिक वर्ष २०७८-७९ र २०७९-८० मा गरी कुल १८१२२२ जना आ.व. २०८०/०८१मा आयोगको बार्षिक कार्यतालिका बमोजिम चौथो तहदेखि नवौं तहसम्मका पदहरूमा बढुवा र खुला पदपूर्तिको ४९४ जना बढुवाबाट र १४६३ जना खुला प्रतिष्पर्धाद्वारा पदपूर्ति हुने गरी कुल १९५७ पदका लागि विज्ञापन प्रकाशन गरेको छ।
- उम्मेदवारको दरखास्तबाट प्रदेश सरकारको राजश्व खातामा करिब ९ करोड ५० लाख राजश्व संकलन भएको छ।
- आर्थिक वर्ष २०८०-८१ का लागि प्रकाशन गरिएका विज्ञापनमा करिब १ लाख ३० हजार दरखास्त प्राप्त भएकोमा करिब१० करोड राजश्व संकलन भएको छ।

**सिफारिस**

- आयोगले आर्थिक वर्ष २०७८-७९ र २०७९-८० को विज्ञापनमा ५९९ जना महिला र ८०२ जना पुरुष गरी कुल १४०१ जना उम्मेदवारहरू प्रदेश सरकार र स्थानीय तहहरूमा सिफारिस गरेको छ।
- आयोगले आर्थिक वर्ष २०८०-०८१ मा प्रदेश सरकारका विभिन्न मन्त्रालय अन्तर्गत रिक्त रहेका, प्रदेश वन सेवा, जनरल फरेष्ट्री तेस्रो तह वन रक्षक पद र सातौं तहका प्राविधिक पदमा २४ जना महिला र १०० जना पुरुष गरी १२४ जना उम्मेदवार सिफारिस गरेको छ।

**अनुगमन तथा निरीक्षण**

- आयोगमा प्राप्त उजुरी उपर कास्की, स्याङ्जा, बागलुङ र तनहुँ जिल्लाका पालिकाहरूको अनुगमन तथा निरीक्षण गरिएको छ। गोरखा, पर्वत, म्याग्दी, मुस्ताङ, मनाङ, स्याङ्जा र नवलपुर जिल्लाका स्थानीय तहहरूमा दरवन्दी, विद्यमान जनशक्ति र पदपूर्तिको अवस्थाको विषयमा अनुगमन तथा निरीक्षण गरिएको छ।

**नीति नियम, उजुरी तथा परामर्श**

- कर्मचारीहरूको सेवा शर्तहरू विषयमा कानून निर्माण गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्था अन्तर्गत ५ वटा परामर्श माग भई आएको छ। गण्डकी प्रदेश निजामती सेवा

अध्यादेश, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ तथा ती दुवै अध्यादेशको प्रतिस्थापन विधेयकको मस्यौदा उपर परामर्श प्रदान गरिएको छ। यसका साथै गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान कर्मचारी विनियमावली, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को मस्यौदा उपर परामर्श उपलब्ध गराइएको छ।

- गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० र गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका २०८० निर्माण गरिएको छ।
- आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालत र उच्च अदालत पोखरामा दायर भएका रिट उपर प्रतिरक्षाको कार्य समेत गरिएको छ।

**अभिमुखीकरण तथा अन्तरक्रिया**

- सिफारिस गरिएका उम्मेदवारहरूलाई कार्य जिम्मेवारी र सम्पादन गर्नुपर्ने कार्यहरू लगायतका विषयमा एक दिने सेवा प्रवेश अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। अभिमुखीकरण कार्यक्रममा सम्बन्धित सेवा समूह एवम् विशेषज्ञ र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको समेत सहयोग प्राप्त भएको छ।
- परीक्षा केन्द्र रहेका विद्यालय र क्याम्पसका शिक्षक कर्मचारीहरूलाई परीक्षा सञ्चालनसँग सम्बन्धित नीति, नियम र आचारसंहिताबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- गण्डकी प्रदेश भित्रका विभिन्न जिल्लाका दुरदराजमा रहेका प्रतिभावान् विद्यार्थीहरूलाई सार्वजनिक सेवामा आकर्षण बढाउन आयोगको उद्देश्य, भूमिका, परीक्षा प्रणाली र कार्य सम्पादन प्रक्रियाका विषयमा गोरखा, तनहुँ, स्याङ्जा, नवलपुर र म्याग्दी जिल्लाका सरकारी तथा सामुदायिक क्याम्पसहरूमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- आयोगको पदपूर्ति र स्थानीय तहका समस्या, चुनौति र आयोगले गर्नुपर्ने पहलका विषयमा गण्डकी प्रदेशका तनहुँ, स्याङ्जा, गोरखा, म्याग्दी, र मनाङ जिल्लाका सम्पूर्ण स्थानीय तहका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतहरूसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

**गोष्ठी एवं कार्यशालामा सहभागिता**

- प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशको आयोजनामा मिति २०७८ साल पौष १८ र १९ गते विराटनगर, लोक सेवा आयोगहरूको दुई दिने दोस्रो राष्ट्रिय सम्मेलनमा आयोगका पदाधिकारी र सचिवको सहभागिता रहेको थियो।
- लोक सेवा आयोगको आयोजनामा २०७८ साल फागुन २३ गतेदेखि बुटवलमा आयोजित लोक सेवा आयोगहरूको दोस्रो राष्ट्रिय सम्मेलनमा आयोगका पदाधिकारीको सहभागिता रहेको थियो।
- लोक सेवा आयोगको आयोजनामा २०७९ साल फागुन १९ र २० गते सुदुर पश्चिम प्रदेशको कैलाली जिल्लामा आयोजित लोक सेवा आयोग र सातै प्रदेश लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनमा सहभागिता रहेको थियो। सम्मेलनले लोक सेवा

आयोग र प्रदेश लोक सेवा आयोगका काम कारवाहीसँग सम्बन्धित घोषणापत्र जारी गरेको थियो।

**पूर्वाधार विकास**

- आयोगको कार्यालय व्यवस्थित तुल्याई आवश्यक पूर्वाधार थप गर्न कार्यालय भवनको माथिल्लो तलामा चार कोठा थप गरिएको, सूचना प्रविधिका सामाग्री अन्तर्गत विभिन्न उपकरणहरू खरिद गरी आफ्नै भवनमा कम्प्युटर सिप परीक्षण तथा प्रयोगात्मक परीक्षा कार्यक्रम सञ्चालन गरिएको छ।
- कर्मचारीलाई सूचना प्रविधिमैत्री कार्य सम्पादन गर्ने संरचना तयार गरी कार्यान्वयनमा ल्याइएको छ। कर्मचारीको डेस्क ब्यवस्थापन, उत्तरपुस्तिका परीक्षण हल, प्रश्नपत्र छपाई तथा परिमार्जन र अन्तर्वार्तामा समावेश हुने उम्मेदवारको पूर्व तयारीका लागि फर्निचर सहितको कोठा ब्यवस्थापन गरिएको छ।
- लोक सेवा आयोगबाट एक सय भन्दा कम संख्यामा उम्मेदवार हुने पदहरूको परीक्षा आयोगमा नै सञ्चालन गर्न भौतिक पूर्वाधारको व्यवस्था गरिएको छ।
- आयोगका सवारी साधनहरूलाई सुरक्षित ठाउँमा राख्न पार्किङको व्यवस्था गरिएको छ।

**वार्षिक प्रतिवेदन**

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७७-०७८, २०७८-७९ र २०७९-२०८० मा आयोगले सम्पादन गरेका काम कारवाहीहरूको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको छ।

समन्वय, सहकार्य र साझेदारी

- नेपालको संविधानको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम संघीयता कार्यान्वयनका क्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतिथ्यतामा २०८० असार १५ गते अन्तर प्रदेश मुख्यमन्त्री बैठक सम्पन्न गरी संघीयतालाई सबलीकरण गर्न १७ बुँदे साझा धारणा जारी गरेको छ। सो साझापत्रमा प्रहरी समायोजन, जग्गा प्राप्ति, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र परिभाषित, वित्तीय समानीकरण अनुदानको बजेट वृद्धि लगायतका विषयहरू रहेका छन। साथै, २०८० असार १६ गते सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक पोखरामा आयोजना गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले समन्वय र सहजीकरण गरेको छ।
- संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम र नवप्रवर्तन साझेदारी कोष कार्यक्रमबाट सुदृढ बनाइएको छ। यस नवप्रवर्तन क्षेत्रमा सञ्चालित परियोजनाहरू कार्यान्वयन गर्ने स्थानीय तहसँग अन्तरक्रिया र स्थलगत अनुगमन गरी पृष्ठपोषणको साझा अभ्यास सुरु गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय तहहरूबाट प्राप्त प्रस्ताव छनौट भई सम्झौताको चरणमा रहेको छ। मिति २०८० भाद्र ३ र ४ गते विगत वर्षहरूमा सञ्चालित कार्यक्रमहरूको उपलब्धी र अनुभवलाई साटासाट गर्न स्थानीय तहसँग नवप्रवर्तन साझेदारी कोष/कार्यक्रम समीक्षा कार्यशाला सम्पन्न भएको छ। यस्ता कार्यक्रमले सेवाप्रवाह, सुशासन र स्थानीय आर्थिक विकाससंग सम्वन्धित क्षेत्रका नवप्रवर्तनात्मक (innovative) गतिविधि मार्फत स्थानीय तह र प्रदेश बीच सम्बन्ध स्थापित गरेको छ।
- नवप्रवर्तन कार्यक्रम र कोषको कार्यान्वयनबाट स्थानीय तहलाई नवप्रवर्तनीय कार्यक्रमहरू सञ्चालन गर्न प्रेरित गरेको छ। संविधानले अंगिकार गरेको समन्वय र सहकार्यलाई प्रदेश र स्थानीय तहमा साझा रूपमा कार्यान्वयन गर्नका लागि संयुक्त लगानी मोडल(Co-Financing) लाई अवलम्बन गरिएको छ। यसबाट स्थानीय तहमा नवप्रवर्तनमा प्रतिष्पर्धात्मक भावनाको विकास हुनुका साथै स्रोत व्यवस्थापनमा समेत सहयोग पुगेको छ।
- नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रही गण्डकी प्रदेश सरकारले सुशासन, विकास र समृद्धिको लागि खाका तयार गरेको छ। जस अन्तर्गत गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८ जारी भएको छ। नेपालको संविधान, कार्यविस्तृतिकरण प्रतिवेदन र प्रचलित कानुन समेतको आधारमा गण्डकी प्रदेशभित्र थप ३९ वटा क्षेत्रगत

कानुन निर्माण गर्नुपर्ने संख्या पहिचान भएको छ। संघीय सरकारबाट संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम प्रदेशमा सडक, खानेपानी, पूर्वाधार सम्बन्धी योजनाहरू हस्तान्तरित भई आउनुका साथै, संघीय सरकारबाट २६७९ दरबन्दी एवं जनशक्ति, संस्थागत संरचनाहरू समेत प्रदेशलाई प्राप्त भएका छन्। प्रदेश समन्वय परिषद, प्रदेश समन्वय समिति, प्रदेश विकास समस्या समाधान समिति, दिगो विकास निर्देशक समिति, मानवअधिकार कार्ययोजना कार्यान्वयन समिति, दिगो विकास समन्वय समितिमा प्रदेश तथा स्थानीय तहको नेतृत्व एवं पदाधिकारीहरूको मनोनयन गरी उक्त संयन्त्रलाई गतिशील बनाइएको छ। प्रचलित कानून बमोजिम अन्तरतह राजस्व संकलन, बाँडफाँट र वित्तीय हस्तान्तरणलाई प्रभावकारी रूपले अभ्यासमा ल्याइएको छ।

- संघीयता कार्यान्वयनका सन्दर्भमा प्रदेश समन्वय परिषद्को छैटौं बैठकले १३ बुँदामा प्रदेश र स्थानीय तहका साझा समस्या र चुनौतीहरू पहिचान गर्दै संघीय सरकारको ध्यानाकर्षण गरेको छ। प्रदेश दिगो विकास निर्देशक समितिको बैठक बसी दिगो विकासका कार्यसूचीलाई स्थानीयकरण गर्न निकायगत जिम्मेवारी प्रदान गरिएकोमा उपलब्धी एवं कार्यप्रगतिको प्रतिवेदन लिने प्रणाली स्थापित गरिएको छ।

शासकीय सुधार र सुशासन

- जनतासँग मुख्यमन्त्री कार्यक्रम अन्तर्गत माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेबाट प्रदेशगत अवस्था, बस्तुस्थिति, नागरिकको गुनासो, बिकास निर्माणको अवस्था लागायतका बारेमा जानकारी लिन आफैं घर दैलोमा पुग्ने अभ्यासको सुरु भएको छ। यसबाट नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने र समाधान गर्ने वातावरण तयार भएको छ।
- लामो समयदेखि गण्डकी प्रदेशमा अलपत्र परेका योजनाहरूको अवस्था, अध्ययन र नीतिगत व्यवस्थाका बारेमा नेपाल सरकारका माननीय अर्थमन्त्री डा. प्रकासशरण महतसँग औपचारिक भेटघाट गरी आवश्यक सुधारका लागि समन्वय र सहकार्य गर्ने सहमति भएको छ।
- संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसको गण्डकी प्रदेशमा भ्रमण भई जलवायु परिवर्तनमा नेपालले भोग्नुपरेको समस्याका बारेमा विश्व मञ्चको ध्यानाकर्षण गरेको छ र उक्त भ्रमणका लागि गण्डकी प्रदेशद्वारा सहजीकरण र समन्वय गरिएको छ।
- माननीय मुख्यमन्त्री र चिनियाँ कम्युनिष्ट पार्टी (सिपीसी) तिब्बत स्वायत्त क्षेत्रका सेक्रेटरी वाङ छुङछेङबीच द्विपक्षीय हित र चासो सम्बन्धमा छलफल सम्पन्न भएको छ।
- माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसँग विभिन्न देशका महामहिम राजदुत, विदेशी नियोगका निर्देशक, प्रतिनिधिको शिष्टाचार भेटघाटमा यस प्रदेशका सम्भावना एवम् आपसी सहयोगका विषयमा छलफल भएको छ।

- गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका विभिन्न मन्त्रालय तथा अन्य केन्द्रीय निकायमा प्राप्त हुने विभिन्न किसिमका गतिविधिलाई प्रचारप्रसार गर्न नागरिकसँग मुख्यमन्त्री कार्यक्रम नेपाल टेलिभिजनसँग सम्झौता गरी कार्यान्वयनमा ल्याइएको छ।
- नमूना कार्यालय छनौट कार्यविधि अनुसार सबै जिल्लाका उत्कृष्ट कार्यालयलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। यस कार्यक्रमले आपसी प्रतिस्पर्धी वातावरण सिर्जना गरी सार्वजनिक सेवालाई नागरिकमैत्री र जवाफदेही बनाउने कार्यमा प्रोत्साहित गरेको छ।
- गण्डकी प्रदेशका मन्त्रालयहरूको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण स्वमूल्याङ्कन अनुसार सबै मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण (GESI Audit) सम्पन्न भएको छ। GESI निर्देशक समितिको बैठक नियमित रूपमा हुने गरेको छ। चालु आ.व. मा GESI Audit का लागि पृथ्वीनारायण क्याम्पस, पोखरासँग सम्झौता गरी अध्ययन अनुसन्धानको कार्य अगाडि बढाइएको छ।
- प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम तथा बजेटलाई लैंगिक उत्तरदायी बजेट सांकेतीकरण एवं दिगो विकास लक्ष्यको सूचक बमोजिम Coding गर्ने व्यवस्था मिलाइएको छ।
- गण्डकी प्रदेश सरकारले नागरिकको अभिमत बुझ्न, देख्न र सुन्न सार्वजनिक सुनुवाइ कार्यक्रम गर्दै आएको छ। आ.व. २०७९/०८० मा विभिन्न मन्त्रालय अन्तर्गत पाँचवटा कार्यालयहरूको स्थलगत सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ भने आ.व. २०८०/०८१ मा एघार जिल्लाका विभिन्न कार्यालयहरूको सेवा प्रवाहको सार्वजनिक सुनुवाइका लागि तेस्रो पक्षको छनौट कार्य मूल्यांकनको क्रममा रहेको छ।

नीति तथा कानुन निर्माण

- प्रदेश निजामती सेवा ऐन, २०७९, प्रदेश निजामती सेवा नियमाली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र गण्डकी प्रदेश स्थानीय सेवा नियमावली, २०७९ बमोजिम प्रदेश एवं स्थानीय तहका कर्मचारीको पदपूर्ति, वृत्तिविकास, स्तरवृद्धि, सरुवा, बढुवा जस्ता गतिविधि सञ्चालन गरी निजामती कर्मचारीहरूको उत्प्रेरणा र मनोवललाई उच्च तुल्याई नागरिकको सेवा प्राप्त गर्ने अधिकारलाई समेत कर्मचारी व्यवस्थापन मार्फत सुदृढ तुल्याइएको छ।

  - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची - २ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषदको निर्णयको कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था रहेको छ, जसको विवरण निम्नानुसार छ।

| वर्ष | बैठक सञ्चालन पटक | निर्णय संख्या |
|---|---|---|
| २०७५ | ४७ | ३२८ |
| २०७६ | ३९ | २४८ |
| २०७७ | ३४ | १७६ |
| २०७८ | ३८ | १७४ |
| २०७९ | ५२ | १५८ |
| २०८० (पुष मसान्तसम्म) | २७ | ५७ |

- गण्डकी प्रदेश सरकारले विभिन्न ६६ ऐन र २२ नियमावली निर्माण गरी कानूनमा सर्वसाधारणको पहुँच वृद्धिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वेबसाइटमा अद्यावधिक गरी प्रकाशन गरिएको छ। नेपालको संविधानको एकल अधिकार अनुसूची बमोजिम गण्डकी प्रदेशमा निर्माण गर्नुपर्ने ३९ वटा ऐन र सो अनुसारका नियमावलीहरू पहिचान तथा अध्ययन गरिएको छ।

प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

- डिजिटल गण्डकी प्रदेशको अवधारणा स्वीकृत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन Data Digitization, Online Monitoring System, Web Portal को निर्माण गरिएको छ।
- राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० ले प्रदेशमा सञ्चालित नीति तथा कार्यक्रमहरूको अध्ययन विश्लेषण गरी पृष्ठपोषण प्राप्त गर्ने व्यवस्था गरेको छ। सो अनुसार गण्डकी प्रदेश स्थापना भएदेखिका नीति तथा कार्यक्रमहरूको हालसम्मको प्रभावकारितालाई स्वतन्त्र मूल्याङ्कन गर्न पोखरा विश्वविद्यालयसँग सम्झौता गरी प्रकृया अगाडि बढाइएको छ। सो अध्ययनबाट प्राप्त हुने निष्कर्ष तथा सुझावहरूलाई स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।
- मानवअधिकार पाँचौं राष्ट्रिय कार्ययोजना प्रदेश समन्वय समितिको बैठकले राष्ट्रिय मानव अधिकार कार्ययोजनामा उल्लेखित सूचकहरूको अध्ययन विश्लेषण गरी कार्य प्रगतिको समीक्षा गरेको छ। साथै इन्सेक र मानवअधिकार कार्यालय, पोखराको सहकार्यमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भई आगामी दिनमा मानवअधिकारको क्षेत्रमा गरिनुपर्ने रणनीति तय गरिएको छ। यसका अतिरिक्त मानवअधिकार सम्बन्धी

अभिमुखीकरण तथा कार्य योजना सम्बन्धमा स्थानीय तहहरूलाई सुसूचित गराउने कार्य प्रारम्भ गरिएको छ।

- तनहुँ, लमजुङ र पर्वत जिल्लाका विभिन्न स्थानीय तह अन्तर्गत रहेका विद्यालयहरूमा समुदाय तथा विद्यालयमा आधारित कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। हालसम्म चारवटा विद्यालयमा सञ्चालन गरिएको सो कार्यक्रमले कानूनी साक्षरतामा टेवा पुग्ने देखिन्छ।
- प्रदेश कानून/फैसला कार्यान्वयन समिति गठन तथा सञ्चालनका पाँचवटा बैठक सम्पन्न भएका छन्। गण्डकी प्रदेश सरकारबाट उपभोक्ता संरक्षण ऐन र जीवनाशक विषादी ऐन सम्बन्धी विषयमा सर्वोच्च अदालतमा विचाराधीन रहेको रिटमा सर्वोच्च अदालतमबाट माग भए बमोजिमको प्रतिवेदन पेश गरिएको छ।
- प्रदेश सरकारलाई आवश्यक ऐन, कानून तथा कार्यविधि तर्जुमा/परिमार्जन सहयोगका लागि कानून तर्जुमा सहजीकरण समिति गठन भएको छ। स्थानीय तहहरूका लागि नमूना कानून निर्माणमा सहयोग कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश सरकारले स्थानीय तहबाट माग संकलन कार्य जारी गरेको छ। स्थानीय तहको न्यायिक सहजकर्ता सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको छ।

जनशक्ति व्यवस्थापन

- प्रदेश निजामती सेवा ऐन, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०९० बमोजिम विभिन्न सेवा समूहका कर्मचारीहरूको बढुवा नियमित रूपमा भईरहेको छ। प्रदेश लोक सेवा आयोगको सिफारिस बमोजिम गण्डकी प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन बमोजिम विभिन्न सेवाहरूमा ५ जना एघारौं, २७ जना नवौं, १५ जना सातौं, ३ जना पाँचौ र १ जना चौथो तहमा गरी जम्मा ५१ जना नयाँ कर्मचारीलाई नियुक्ति दिई पदस्थापन गरिएको छ।
- राष्ट्रिय किताबखानासँगको सहयोगमा प्रदेशमा कार्यरत निजामती कर्मचारीको व्यक्तिगत अभिलेख व्यवस्थित रूपमा राख्न राष्ट्रिय कितावखानाको कर्मचारी सूचना प्रणाली (Personnel Information System-PIS) सफ्टवेयर गण्डकी प्रदेशमा हस्तान्तरण भई सो प्रणाली सञ्चालन गर्न कर्मचारीहरूलाई तालिम प्रदान गरिएको छ। प्रदेशमा कार्यरत कर्मचारीको व्यक्तिगत विवरणको प्रविष्टिलाई व्यवस्थित गर्न प्रदेश कितावखाना कार्यविधिको मस्यौदा तयार पारी सकिएको छ।
- गण्डकी प्रदेशस्थित स्थानीय तहमा रहेका प्राविधिक जनशक्तिको अभावलाई पूरा गर्न गण्डकी प्रदेश सरकारले स्थानीय तहको मागको आधारमा २०८१ असार मसान्त सम्मको लागि कृषि, पशु, अमिन र सिभिल ईञ्जिनियरिङ विषयमा प्रि-डिप्लोमा उत्तीर्ण गरेका प्राविधिक स्वयंसेवक परिचालन गरेको छ। यसले स्थानीय तहमा देखिएको जनशक्ति न्यूनता र स्वयंसेवकको क्षमता

विकासमा सहयोग पुगेको छ। यस अन्तर्गत ३६ जना स्वयंसेवक कृषि/भेटेरिनरी/अमिन क्षेत्रमा परिचालन गरिएको छ।

- गण्डकी प्रदेश सरकारले प्रादेशिक अर्थतन्त्रको उन्नयन र कर्मचारीको उत्प्रेरणाका लागि पर्यटन काज बिदाको अवधारणा लागू गरेको छ। यसले प्रदेशको आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुगेको र कर्मचारीमा सकारात्मक उत्प्रेरणा प्रवाह गरेको छ।
- गण्डकी प्रदेश सरकारले प्रशासनिक संरचनालाई छरितो र जनमुखी बनाउन नेपाल सरकारका पूर्व सचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा कार्यदल गठन गरेको छ। सो कार्यदलले गण्डकी प्रदेशका संरचना, ती संरचनाका लागि आवश्यक जनशक्ति, पदपूर्ति, आवश्यकता लगायतका पक्ष विश्लेषण गरी सुझाव दिनेछ।
- प्रत्येक महिना प्रदेश सचिव बैठकमा गण्डकी प्रदेश सरकारका क्रियाकलाप र कार्यप्रगतिको नियमित समीक्षा गर्ने गरिएको छ।
- संघ सरकारबाट कर्मचारी समायोजन ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त हुन आएका दरबन्दीहरू यकीन गरी मन्त्रिपरिषद्बाट स्वीकृत समेत भई अभिलेखीकरण गरिएको छ। जस अनुसार संघ सरकारबाट प्रदेश सरकारलाई विभिन्न तहका गरी २६७९ दरबन्दीहरू प्राप्त भएको अभिलेख छ। जुन निम्नानुसार रहेको छ।

| सि नं | तह | दरबन्दी संख्या |
|---|---|---|
| १ | प्रमुख सचिव | १ |
| २ | एघारौं | २५ |
| ३ | नवौं/ दशौं ( प्राविधिक/अप्राविधिक) | १८४ |
| ४ | सातौं/आठौं ( प्राविधिक/अप्राविधिक) | ५५९ |
| ५ | पाँचौं/छैटौं (प्राविधिक/अप्राविधिक) | ८०९ |
| ६ | चौथौ/पाँचौं(प्राविधिक/अप्राविधिक) | २५१ |
| ७ | तहबिहीन | ८०५ |
| **कूल** | | **२६७९** |

## शान्ति सुरक्षा र समन्वय

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयको संयुक्त आयोजनामा २०८० माघ १९ र २० गते "गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी-२०८०" सम्पन्न भएको छ। सो गोष्ठीमा माननीय उपप्रधान तथा गृहमन्त्री सहित केन्द्रिय सुरक्षा समितिका पदाधिकारीहरू, मुख्यमन्त्री सहित प्रदेश सुरक्षा समन्वय समितिका पदाधिकारी, सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा समितिका पदाधिकारीबीचमा समग्र शान्ति सुरक्षा, विपद् व्यवस्थापन, समस्या/चुनौती, असल अभ्यास तथा अपेक्षाहरू सन्दर्भमा विस्तृत छलफल भएको छ।
- गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रतिनिधिसभा/प्रदेशसभाका माननीय सदस्यहरू, प्रमुख सचिव, प्रदेश तथा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू समेतको

सहभागीतामा सुरक्षा समन्वय बैठक, अन्तराष्ट्रिय सीमा नाकामा पदाधिकारी सहित निरीक्षण र विपद् व्यवस्थापन सम्बन्धी समन्वय बैठक सम्पन्न भएको छ।

- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र निर्माण आयोजना अन्तर्गत ५ वटा प्रिफ्याब भवन निर्माण भएको तथा ब्यारेक, क्वाटरगार्ड लगायतका भौतिक संरचना निर्माणाधीन रहेका छन्। गण्डकी प्रदेश प्रहरी अस्पतालको सेवा विस्तार तथा प्रभावकारीताको लागि भौतिक पूर्वाधार निर्माण गरिएको छ। प्रदेशका नागरिकको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन स्थायी भवन नभएका २१ इलाका प्रहरी कार्यालय/प्रहरी चौकीको भवन निर्माण सम्पन्न भएका छन् र ३ वटा निर्माणाधिन अवस्थामा रहेका छन्।

| क.सं. | कार्यक्रमको नाम |
|---|---|
| १ | निर्माणाधिन ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरूको भवन निर्माण (ई.प्र.का. मुक्तिनाथ, प्र.चौ. हुम्दे, प्र.चौ. मालिङ्ग) (क्रमागत) |
| २ | निर्माणाधिन गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको भौतिक संरचना निर्माण (क्रमागत) |
| ३ | प्रहरी कार्यालयहरूको नयाँ भवन निर्माण |
| ४ | गण्डकी प्रदेश प्रहरी अस्पतालको भौतिक संरचना निर्माण |
| ५ | जिल्ला ट्राफिक प्रहरी कार्यालय, नवलपरासी (ब.सु.पू.) को कार्यालय, मेश, ब्यारेक भवन निर्माण |
| ६ | प्रदेशका मुख्य मुख्य स्थान, चोक, भि.आ.ई. पी एरिया, प्रवेश विन्दु हरूमा सिसिटिभी खरिद तथा जडान |
| ७ | प्रहरी कार्यालयहरूमा अन्य सार्वजनिक निर्माण (तनहुँ, बाग्लुङ्ग, स्याङ्गजा, कास्की समेतका जिल्लामा) |
| ८ | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रमा तारवार तथा घेरावार निर्माण |
| ९ | जिल्ला प्रहरी कार्यालय, गोरखा परिसरमा कंक्रिट पिल्लर सहितको घेराबार निर्माण |
| १० | जिल्ला प्रहरी कार्यालय, म्याग्दी परिसरमा घेराबार निर्माण |
| ११ | प्रहरी कार्यालय / प्रहरी चौकीको भौतिक पूर्वाधार स्तरोन्नति |

- प्रदेश भित्रका विशिष्ट व्यक्तिहरूको आवागमन हुने स्थान, बढी भिडभाड हुने स्थान, चोक तथा प्रदेश नाकाहरूमा सिसिटिभि जडान गरिएको छ।
- बेगनासताल हुनसक्ने विपद जोखिम तथा खोज उद्दार कार्यका लागि Watch Tower र अस्थायी सुरक्षा पोस्ट स्थापनाका लागि र कारागारमा भौतिक पूर्वाधार निर्माण/मर्मत सम्भारका लागि म्याग्दी गोर्खा स्याङजा लगायतका सातवटा जिल्लामा भौतिक पूर्वाधार कार्यालयमा अख्तियारी प्रदान गरिएको छ।
- प्रदेशको अन्तराष्ट्रिय सीमानाका त्रिवेणी र कोरलामा सुरक्षा निकायका लागि भौतिक संरचना निर्माण गर्ने सम्बन्धी कार्यको लागि समन्वय भएको छ।

- प्रदेश सुरक्षा समन्वय समिति र जिल्ला सुरक्षा समिति बीचको समन्वय बैठक म्याग्दी, मुस्ताङ, लमजुङ, कास्की, स्याङजा, नवलपरासी जिल्लामा सम्पन्न भएको छ।
- मिति २०८० माघ २० गते प्रदेश सुरक्षा समन्वय समिति र सबै जिल्ला सुरक्षा समिति (११) बीच संयुक्त बैठक सम्पन्न भएको छ।

विपद् व्यवस्थापन र राहत

- गण्डकी प्रदेश सरकारले कोभिड–१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्ब्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ तयार गरी व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम, २०७७ संचालनमा ल्याएको छ। सो कार्यविधि बमोजिम व्यवसाय जीवन रक्षा कर्जा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत कार्यान्वयन गरिने हुँदा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागको स्वीकृती बमोजिम नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय र गण्डकी प्रदेश सरकारबीच मिति २०७७ माघ ६ मा सम्झौता भएको थियो। सो सम्झौता अनुसार, नेपाल राष्ट्र बैंकले कर्जा प्रवाहको लागि बैंक तथा वित्तीय संस्थाहरूसँग सम्झौता गर्ने, सम्झौता बमोजिम कर्जा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण गर्ने र बैंकहरूलाई त्रैमासिक रूपमा ब्याज अनुदान भुक्तानी गर्ने व्यवस्था रहेको छ। नेपाल राष्ट्र बैंक अनुसन्धान इकाइ पोखराले गरेको अध्ययन अनुसन्धान अनुसार निम्न छन-




- आ.व. २०८०/८१ को माघ मसान्तसम्म क्यान्सर, मुटु, मृगौला, हेड इन्जुरी लगायत कडा रोगबाट २०५ पीडितलाई आर्थिक सहायता उपलब्ध गराइएको छ।
- माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा रहेको प्रदेश विपद् व्यवस्थापन परिषद् तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले विपद् सम्बन्धमा आवश्यक निर्णय गर्नुका साथै आपतकालीन समयमा खोज, उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा प्रभावकारिता ल्याएको छ।
- मनसुनजन्य विपद्बाट क्षतिग्रस्त निजी आवासलाई सुरक्षित तरिकाले मर्मत प्रबलीकरण पुनःनिर्माण र पुनःस्थापना गर्ने कार्यलाई व्यवस्थित रूपले संचालन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट स्वीकृत अनुदान कार्यविधि २०७७ बमोजिम लागत

सहभागिताको आधारमा प्रदेश सरकारले व्यहोर्नु पर्ने ३० प्रतिशत रकम जिल्ला विपद् व्यवस्थापन कोषमा अनुदान उपलब्ध गराइएको छ।

- विपद् व्यवस्थापनको पूर्व तयारी स्वरूप तीन वटै सुरक्षा निकाय र नेपाल रेडक्रस मार्फत् पोखरा विमानस्थलमा विपद् व्यवस्थापन सम्बन्धी हवाईजहाज नमूना अभ्यास सम्पन्न गरिएको छ भने हरेक आर्थिक वर्षहरूमा समेत सुरक्षा निकाय मार्फत विभिन्न जिल्लामा विभिन्न विपद् नमूना अभ्यास (Simulation) गर्दै आइरहेको छ।
- प्रदेश आपतकालीन कार्यसंचालन केन्द्र (PEOC) र प्रदेश गोदाम घरलाई प्रभावकारी बनाउने उद्देश्यका साथ स्तरोन्नति एवं स्रोत साधनयुक्त बनाउने कार्य भइरहेको छ।
- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ विपद् जोखिम क्षेत्र पहिचान तथा बस्ती स्थानान्तरण सम्बन्धी अध्ययन, नक्साङ्कन, प्रतिवेदन; सेती नदी खोंच जोखिम अध्ययन; विपद् पूर्ण सूचना प्रणाली स्थापना; प्रदेशस्तरीय आपतकालीन कार्यसंचालन केन्द्र (PEOC) मा सूचना उपकरण खरिद; राजमार्गमा विपद् व्यवस्थापन सूचना प्रणाली स्थापना; मोटरबोट खरिद लगायतका कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन्।

योजना व्यवस्थापन, अनुगमन तथा मूल्यांकन

- प्रदेश गौरवको रूपमा रहेको विद्युतीय सुशासन गुरुयोजना (e-Governance Master Plan) अन्तर्गत सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई मन्त्रालय/ निकाय/ कार्यालयहरूको कार्यक्रमको Milestone सहितको कार्ययोजनामा आधारित Online Monitoring System (गण्डकी प्रदेश अनुगमन प्रणाली) लागु गरी सम्बन्धित निकायको कार्ययोजना समीक्षा गर्ने अभ्यास सुरु भएको छ। यसले कार्यक्रमको कार्यान्वयमा गति दिने अपेक्षा राखिएको छ। गण्डकी प्रदेश अनुगमन प्रणालीको कुशल कार्यान्वयनका लागि प्रदेश सरकार मातहतका प्रत्येक मन्त्रालय तथा निकायहरूबाट हरेक महिना माइलस्टोन अनुसारको प्रगति प्रविष्टि गरी Dash Board मा समष्टि उपलब्धीको प्रतिबिम्ब (Reflection) हुने पद्दति विकास गरिएको छ। यस प्रणालीमा समावेश भएका कार्यक्रम र कार्य प्रगतिको मासिक रूपमा सचिव बैठकमा समेत समीक्षा हुँदै आएको छ। यस अनलाइन अनुगमन प्रणाली सम्बन्धमा मन्त्रालय र मातहतका कार्यालयका कर्मचारीलाई समेत अभिमुखिकरण तथा प्रशिक्षण दिइएको छ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प्रदेश सरकारका विकास आयोजना र कार्यक्रमहरूको गुणस्तर तथा प्रतिफललाई सुनिश्चित एवं सहजीकरणका लागि प्रदेश गौरव र प्राथमिकता प्राप्त आयोजनाको सघन अनुगमन गर्ने गरिएको छ। माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूबाट प्रदेशका महत्वपूर्ण आयोजनाको स्थलगत निरीक्षण भ्रमण गर्नु भई  समुदायसँग अन्तर्किया गरी नीतिगत सहजीकरण र निर्देशन भएको छ। यसबाट प्रदेशमा सञ्चालित आयोजना अनुगमन गरी तोकिएको गुणस्तर कायम गर्न तथा र समयमा आयोजना सम्पन्न गरी पुँजीगत खर्च वृद्धिमा सहयोग पुग्ने देखिन्छ।

- सरकारले विकास साझेदारहरूसँग नियमित बैठक तथा अन्तरक्रिया गरी अन्तर्राष्ट्रिय विकास सहायताको उपलब्धीपूर्ण परिचालन र एकीकृत कार्य प्रणालीमा जोड दिएको छ। यसबाट विकास साझेदारद्वारा सञ्चालन गर्ने कार्यक्रममा रहेको दोहोरोपना साथै प्रदेशको आवश्यकता र प्राथमिकता बमोजिम कार्यक्रम सञ्चालन गर्ने तथा प्रदेश सरकारप्रति जवाफदेही हुने वातावरण तयार भएको छ।
- प्रदेशले विकास आयोजना बाँडफाँट सम्बन्धी मापदण्डका आधारमा प्रदेश गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, नयाँ प्रमुख कार्यक्रम र बहुवर्षीय ठेक्कामा गएका अन्य आयोजनाका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी विषय क्षेत्रगत बजेट खाका निर्माण गरिएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाको कार्यान्वयन अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्नसक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धताका आधारमा पुनर्बोध गरिएको छ। कार्यान्वयनको अवस्था, आयोजना अवधि, सिर्जित दायित्व तथा खर्च गर्नसक्ने अवस्था अनुसार क्रमागत कार्यक्रम तथा आयोजनाको पुनःप्राथमिकीकरण गरी विनियोजनको प्राथमिकता निर्धारणमा जोड दिइएको छ। रुग्ण, क्रमागत कार्यक्रम तथा आयोजनाको पुनरावलोकन गरी दोहोरोपना रहेका एकै प्रकृतिका कार्यक्रम वा आयोजना एक आपसमा गाभ्ने वा खारेज गर्ने गरी बजेट अनुमान गरिएको छ। नयाँ आयोजनाको लागि पूर्व तयारी, कार्य सम्पन्न भएका बहुवर्षीय ठेक्का लगाउनु पर्ने प्रकृतिका आयोजनालाई कार्यान्वयनमा लैजान आवश्यक बजेट विनियोजन हुने गरी तथा तयारी कार्य नभएका आयोजनाको लागि आवश्यक रकम विनियोजन गरी तयारी कार्य सम्पन्न गर्ने गरी बजेट लागू गरिएको छ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बीच सम्झौता (MoU) भई कार्यान्वयनमा रहेको प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत प्रदेश समन्वय समितिका पदाधिकारीहरूको स्थानीय तहमा भएका असल अभ्यास र अनुभव आदान प्रदान कार्य सम्पन्न भएका छन। प्रदेश समन्वय समितिका पदाधिकारीहरू अन्तर्गत पोखरा महानगरपालिकाको उपमेयरको नेतृत्वमा व्यास, भिरकोट, वालिङ, फेदीखोला नगरपालिका तथा गाउँपालिकामा स्थलगत अनुगमन भएको छ। स्थानीय र प्रदेश बीचको अन्तरक्रिया एवं सिकाई आदान प्रदानको अभ्यासमा प्रदेश सरकारले संयोजनको भूमिका निर्वाह गर्दै आएको छ।

# आर्थिक मामिला मन्त्रालय

प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वन र नियमन गर्ने कार्य अर्थ मन्त्रालयमा रहेको छ। प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन लगायतका आर्थिक एवं योजना क्षेत्रका नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्नु यस मन्त्रालयको प्रमुख कार्यजिम्मेवारी रहेको छ।

क) वित्तीय विवरण र प्रगति

**१. आर्थिक वर्ष २०७५/७६ मा आर्थिक मामिला तथा योजना मन्त्रालयको लागि विनियोजन गरिएको कुल बजेट र खर्चको विवरण निम्न अनुसार रहेको छ।**

तालिका १ अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७५/७६ वित्तीय विवरण

(रु. हजारमा)

| क्र. स. | विवरण | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालू | ११३७१४ | ३९८३७ | ३५.०३ |
| २ | पुँजीगत | ४६०२३ | ३३१७८ | ७२.०९ |
| जम्मा | | १५९७३७ | ७३.१५ | ४५.७१ |







**२. आर्थिक वर्ष २०७६/७७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयको लागि विनियोजन गरिएको कुल बजेट र खर्चको विवरण निम्न अनुसार र/हेको छ।**

तालिका २ अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ वित्तीय विवरण

(रु. हजारमा)

| क्र. स. | विवरण | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | चालू | २१,९३,३१ | ६,४०,९९ | २९.२२ |
| २ | पुँजीगत | २,२३,५० | १,४२,६८ | ६३.८४ |
| जम्मा | | २४,१६,८१ | ७,८३,६७ | ३२.४३ |







३. आर्थिक वर्ष २०७७/७८ मा आर्थिक मामिला तथा योजना मन्त्रालयको लागि विनियोजन गरिएको कुल बजेट र खर्चको विवरण निम्न अनुसार रहेको छ।

तालिका ३ अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ वित्तीय विवरण

(रु. हजारमा)

| क्र. स. | विवरण | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १८१९७५ | ६०१४६ | ३१.४३ |
| २ | पुँजीगत | ९९०० | १२६२० | ८४.१३ |
| | जम्मा | १९१३७५ | ७२७६६ | ३५.२६ |







४. अर्थ मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र कुल खर्चको विवरण निम्न अनुसार छ :

तालिका ४ अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ वित्तीय विवरण

(रु. हजारमा)

| क्र.सं. | विवरण | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १६००९४ | ७६३७० | ४७.७ |
| २ | पुँजीगत | १३२०० | ५५२० | ४१.८२ |
| | जम्मा | १७३२९४ | ८१८९० | ४७.२६ |







५. अर्थ मन्त्रालयको लागि आर्थिक वर्ष २०७९/८० मा विनियोजन गरिएको जम्मा बजेट र कुल खर्चको विवरण निम्न अनुसार छ :

**तालिका ५ अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७९/८० वित्तीय विवरण**

(रु. हजारमा)

| क्र. स. | विवरण | खुद बजेट | खर्च | प्रतिसत |
|---|---|---|---|---|
| १ | चालु | १०९१९६ | ८२२३४.४ | ७५.३१ |
| २ | पुँजीगत | ९९२६.४ | ७९६९.१८ | ८०.२८ |
| | जम्मा | ११९१२२.४ | ९०२०३.६ | ७५.७२ |







**ख)** आर्थिक वर्ष २०७९/८० मा आर्थिक मामिला मन्त्रालयबाट सम्पादित प्रमुख कार्यक्रमहरूको प्रगति विवरण

**१) छलफल तथा अन्तरक्रिया**

- राजस्व परिचालनका सम्भावित क्षेत्रहरूको पहिचान र क्षेत्र विस्तार सम्बन्धी सरोकारवालाहरू सँग अन्तरक्रिया एवं छलफल भएको छ।
- प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरूसँग बजेट कार्यान्वयन र आर्थिक अनुशासनसम्बन्धी अन्तरक्रिया एवं छलफल कार्यक्रम सम्पन्न भएको छ।
- प्रदेश सरकारको बजेट कार्यान्वयन तथा आर्थिक अनुशासनसम्बन्धी प्रदेश लेखा ईकाई कार्यालयहरूसँग छलफल तथा अन्तरक्रिया भएको छ।
- गण्डकी प्रदेशका मालपोत कार्यालय र यातायात कार्यालयसँग राजस्व संकलन र परिचालन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम भएको छ।
- मन्त्रालयहरूलाई PLMBIS सम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ।
- बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम,
- बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा प्रदेश सभा सदस्यहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम

**<u>२) प्रकाशन</u>**

एकीकृत वित्तीय विवरण तयार गरी प्रकाशित गरिएको छ भने, वार्षिक बजेट समीक्षा गरी प्रकाशन गरिएको छ। साथै बजेट तथा कार्यक्रमको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। यस मन्त्रालयका अन्य प्रकाशन निम्न रहेका छन-

- गण्डकी प्रदेशको सामाजिक-आर्थिक विश्लेषण
- गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण
- बजेटका सिद्धान्त र प्राथमिकता तर्जुमा र प्रकाशन,
- वार्षिक विकास कार्यक्रम तर्जुमा र प्रकाशन,
- बजेट वक्तव्य तर्जुमा र प्रकाशन,
- विनियोजन ऐन र आर्थिक ऐन तर्जुमा र प्रकाशन।

**२) वित्तीय व्यवस्थापन**

**संघबाट प्राप्त अनुदान**

- समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान बापत आर्थिक वर्ष २०७५/०७६ मा जम्मा रू. ११ अर्ब ९३ करोड ७८ लाख ४९ हजार, आर्थिक वर्ष २०७६/०७७ मा जम्मा रू. १५ अर्ब १० करोड ७८ लाख ३३ हजार, आर्थिक वर्ष २०७७/०७८ मा जम्मा रू. १३ अर्ब ९६ करोड ८४ लाख ६० हजार, आर्थिक वर्ष २०७८/०७९ मा १३ अर्ब ८७ करोड ४४ लाख ८० हजार र आर्थिक वर्ष २०७९/०८० मा रु. १३ अर्ब ४० करोड ६० लाख ३८ हजार र आर्थिक वर्ष २०८०/०८१ को मंसिर मसान्तसम्म रु. ३ अर्ब ५४ करोड ६९ लाख ८७ हजार गरी हालसम्म जम्मा रु.७१ अर्ब ८४ करोड १६ लाख ४७ हजार अनुदान प्राप्त भएको छ।
- बाँडफाट भइ प्राप्त हुने मुल्य अभिवृद्धि कर र अन्तःशुल्क बापत आर्थिक वर्ष २०७५/०७६ मा रु. ६ अर्ब ९ करोड ९३ लाख ८६ हजार, आर्थिक वर्ष २०७६/०७७ मा रु.४ अर्ब ८१ करोड ७० लाख ६३ हजार, आर्थिक वर्ष २०७७/०७८ मा रु.६ अर्ब ४९ करोड ११ लाख २६ हजार, आर्थिक वर्ष २०७८/०७९ मा रु.७ अर्ब ५० करोड २६ लाख ६ हजार र आर्थिक वर्ष २०७९/०८० मा रु. ७ अर्ब ३४ करोड २३ लाख ३२ हजार र चालु आर्थिक वर्ष २०८०/०८१ को मंसिर मसान्तसम्म रु. २ अर्ब १७ करोड ७३ लाख ७६ हजार गरी सुरुदेखि हालसम्म रु.३४ अर्ब ४२ करोड ९९ लाख १० हजार प्राप्त भएको छ।

**आन्तरिक राजस्व संकलन विवरण**

- प्रदेश सरकारको आन्तरिक राजस्व आर्थिक वर्ष २०७५/०७६ मा रु.२ अर्ब राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा रु. २ अर्ब ६० करोड ९९ लाख ३३ हजार संकलन भएको, आर्थिक वर्ष २०७६/०७७ मा रु.३ अर्ब २७ करोड ७५ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा रु. २ अर्ब ४१ करोड ४ लाख ७६ हजार संकलन भएको, आर्थिक वर्ष २०७७/०७८ मा रु. ५ अर्ब ८५ लाख ६० हजार संकलन गर्ने लक्ष्य रहेकोमा रु.३ अर्ब २१ करोड २३ लाख ३३ हजार रुपैयाँ राजस्व संकलन भएको, आर्थिक वर्ष २०७८/०७९ मा रु. ५ अर्ब ६० करोड संकलन गर्ने लक्ष्य रहेकोमा रु ३ अर्ब ८० करोड ८५ लाख १८ हजार संकलन भएको, आर्थिक वर्ष २०७९/०८० मा रु. ५ अर्ब ८१ करोड १६ लाख संकलन गर्ने लक्ष्य रहेकोमा रु. ३ अर्ब ८९ करोड ३० लाख २२ हजार र चालु आर्थिक वर्ष २०८०/८१मा रु. ५ अर्ब ९६ करोड ९१

लाख ८४ हजार संकलन गर्ने लक्ष्य रहेकोमा मंसिर मसान्तसम्म रु. १ अर्ब ५९ करोड ४१ लाख ६६ हजार गरी प्रदेश स्थापनाको सुरुदेखि हालसम्म रु.१५ अर्ब १७ करोड ९५ लाख ०८ हजार राजस्व संकलन भएको छ।

**स्थानीय तहलाई वित्तीय हस्तान्तरण**

- वित्तीय समानीकरण, समपुरक, सशर्त र विशेष अनुदान तर्फ आर्थिक वर्ष २०७५/०७६ मा रु.१ अर्ब १५ करोड ११ लाख विनियोजन भएकोमा रु. १ अर्ब ११ करोड ४३ लाख ७१ हजार निकासा गरिएको, आर्थिक बर्ष २०७६/०७७ मा रु.१ अर्ब ८२ करोड ७८ लाख २ हजार विनियोजन भएकोमा रु. १ अर्व ५४ करोड ८२ लाख ९ हजार निकासा गरिएको, आर्थिक वर्ष २०७७/०७८ मा रु. २ अर्व १८ करोड ९१ लाख ५१ हजार विनियोजन भएकोमा  रु. १ अर्व ७५ करोड ९६ लाख १८ हजार निकासा गरिएको , आर्थिक वर्ष २०७८/०७९ मा रु.१ अर्ब ९७ करोड ५८ लाख २३ हजार विनियोजन भएकोमा रु.१ अर्ब ६४ करोड ९५ लाख ९४ हजार निकासा गरिएको, आर्थिक वर्ष २०७९/०८० मा रु. २ अर्ब २६ करोड १० लाख विनियोजन भएकोमा १ अर्ब ८९ करोड १५ लाख १८ हजार निकासा गरिएको र चालु आर्थिक वर्ष २०८०/८१ मा रु.२ अर्ब १० करोड ५५ लाख विनियोजन भएकोमा रु.१ अर्ब ५ करोड २७ लाख ५० हजार निकासा भएको छ।

**स्थानीय तहसँग साझेदारी**

- प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा ३३ वटा स्थानीय तहका प्रशासकीय भवन निर्माण कार्य सञ्चालन भइरहेको छ। उक्त निर्माणका लागि मङ्सिर मसान्तसम्म ४६ करोड १५ लाख १९ हजार निकासा भइसकेको छ।

# भौतिक पूर्वाधार तथा यातायात व्यवस्था

सडक, सडक पुल तथा झोलुङ्गे पुल

- गण्डकी प्रदेशभित्र आर्थिक वर्ष २०७९/०८० सम्म पक्की (कालोपत्रे/ढलान) ६७४.६ कि.मि. र ग्राभेल ५६६.८५ कि.मि. सडक निर्माण सम्पन्न भइसकेको छ। आगामी दुई वर्षभित्र सम्पन्न गर्ने गरी ५१५.५ कि.मि. सडक कालोपत्रे गर्न र ६७.७७ कि.मि. ग्राभेल गर्न बहुवर्षीय ठेक्का सम्झौता गरी निर्माण कार्य भइरहेको छ।
- एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गतका हाल ३३ सडक आयोजनाहरूको कुल २७९.७१ कि.मि. सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन्।
- प्रादेशिक सडक "क" वर्ग कार्यक्रम अन्तर्गतका हाल १६ सडक आयोजनाहरूको कुल १२२.५५ कि.मि. सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन्।
- प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रम अन्तर्गतका हाल ११ सडक आयोजनाहरूको कुल ८९.३७ कि.मि. सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन्।
- सबै स्थानीय तहको केन्द्रमा सडक सञ्जाल पुर्याउनका लागि हालसम्म पालिकाको केन्द्रसम्म सडक नजोडिएको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमिका केन्द्रमा सडक सञ्जाल पुर्याउने लक्ष्य अनुसार विस्तृत आयोजना प्रतिवेदन तथा वातावारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको छ।
- सडकको दिगोपनाका लागि सडक मर्मत कार्यलाइ प्राथमिकतामा राखी बजेट बिनियोजन गर्ने पद्दतिको बिकास गरिएको छ।
- सडक सुरक्षा अभिवृद्धिका लागि बजेट बिनियोजन गर्ने कार्यको थालनी गरिएको छ। प्रादेशिक सडक यातायात गुरुयोजना तयारि कार्य अन्तिम चरणमा पुगेको छ।
- प्रदेश स्थापना भए पश्चात सडक पुल कार्यक्रम अन्तर्गत ८५ वटा सडक पुलको निर्माण कार्य सम्पन्न भएका छन्। हाल ५३ वटा सडक पुल निर्माणाधीन अवस्थामा छन् भने २३ वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदन तयारीको प्रक्रियामा रहेका छन्।
- प्रदेश स्थापना भए पश्चात झोलुङ्गे पुल अन्तर्गत ६३ पुलको निर्माण सम्पन्न भएका छन्। हाल १० वटा झोलुङ्गे पुल निर्माणाधीन अवस्थामा छन् र ५१ वटा झोलुङ्गे पुलको निर्माण गर्ने प्रकृया सुरु भएको छ।
- सडक तर्फ १६२, सडक पुल तर्फ ७० , झोलुंगे पुल तर्फ १७, भवन तर्फ १० गरि जम्मा २५९ आयोजनाहरू बहुबर्षीय आयोजनाका रूपमा निर्माणाधीन अवस्थामा छन्।

शहरी विकास तथा भवन

- प्रदेश प्रशिक्षण भवन निर्माण कार्य, महेन्द्रगुफा बृहद बिकास परियोजनाको land scaping गर्ने कार्य चालु आब २०८०/८१ मा सम्पन्न हुने गरी कार्य भैरहेको छ।
- प्रदेशभित्र ५० शैयाको संक्रामक तथा सरुवा रोग अस्पताल भवन र प्राकृतिक चिकित्सालय निर्माण कार्य भैरहेको छ।
- भिमाद, मध्यनेपाल, कुश्मा, पुतलीबजार, शुक्लागण्डकी नगरपालिकालाई स्याटलाइट सिटीका रूपमा बिकास गर्ने गरि कार्यक्रम संचालन भैरहेका छन् |
- दुइवटा मन्त्री आवास भवन निर्माण सम्पन्न भएका छन। मुख्यमन्त्री निवास मर्मत कार्य, सिचाई बिकास डिभिजन कार्यालय, कास्की र पूर्वाधार बिकास कार्यालय पर्बतको भवन निर्माण भएका छन्
- प्रदेश सभा भवनको चालु आबमा निर्माण कार्य सुरु हुने गरि बिस्तृत आयोजना प्रतिबेदन तयारि अन्तिम चरणमा पुगेको छ।
- कास्कीस्थित बयाली मनकामना बहुउद्देश्यीय सामुदायिक भवन, पर्वतस्थित जयमा आमा समूह, तनहुँस्थित छिम्केश्वरी सामुदायिक भवन लगायत विभिन्न जिल्लाका संघसंस्थाको भवन निर्माण र मर्मतसम्भार कार्य सम्पन्न गरिएको छ।
- प्रदेश र स्थानीय तहको सहलगानीमा शहीद पार्क तथा मनोरञ्जन स्थल, सार्वजनिक शौचालय र कास्कीको माछापुच्छ्रे, स्याङ्गजाको कालीगण्डकी, पर्वतको विहादी, बाग्लुङ्गको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङ्गको घरपझोब गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको छ।

जनता आवास कार्यक्रम

- दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तीकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम अन्तर्गत हालसम्म पहिचान भएका २,९०१ लाभग्राहीमध्ये १,९३५ लाभग्राहीसँग सम्झौता भएकोमा १,५०० घर निर्माण सम्पन्न भइ हस्तान्तरण गरिएको छ।

यातायात व्यवस्थापन

- चालु आ.व. बाट यातायात व्यवस्था कार्यालय बागलुङबाट चारपाङ्ग्रे सवारीको License परीक्षा सञ्चालनमा आएको छ।
- नवलपरासी (ब.सु.पू.), कावासोती र डुम्रे, तनहुँमा यातायात व्यवस्था कार्यालयहरू स्थापना भई यातायात व्यवस्था सेवा प्रवह भइरहेको छ।
- पूर्वाधार विकास कार्यालयहरू गोरखा, लमजुङ र स्याङ्जामा यातायात शाखा खोली सवारी कर, प्रवेस कर र सवारी जाँचपासको कार्य भइरहेको छ।

- प्रदेशभरका सवारी चालक अनुमतिपत्र वितरण गर्ने कार्यालयबाट राजस्व तिरेकै दिनमा परीक्षणकालीन सवारी चालक अनुमतिपत्र दिने व्यवस्था मिलाइएको छ।
- गण्डकी प्रदेशका सवारी चालक अनुमतिपत्र जारी गर्ने ४ वटै कार्यालयमा सवारी चालक अनुमतिपत्र परिक्षा संचालन कार्यविधि निर्देशिका, २०७७ लागु गरी प्रयोगात्मक परिक्षामा ७०% अंक प्राप्त गर्ने परिक्षार्थीहरू उत्तीर्ण हुने व्यवस्था कार्यान्वयन गरिएको छ।
- यातायात व्यवस्था कार्यालय सवारी, कास्कीका सम्पूर्ण फाइल ढड्डा Scanning गरी Digital गर्ने कार्य गरी यातायात व्यवस्था सेवालाई Online प्रणालीमा लैजान तयारी गरिएको छ।
- यातायात कार्यालयहरूको भौतिक पूर्वाधार विकास र परिसर सुधार गर्ने कार्यलाई निरन्तर प्रयास गरिएको छ |
- आ.व. ०७९/८० मा यातायात कार्यालयहरू बाट रु. ३,१६,८४,०८,०४१ राजस्व संकलन भएको छ |

रोजगारी र सेवा प्रवाह

- गण्डकी प्रदेश स्थापना पश्चात ६ बर्षे अबधिमा करिब ५५ लाख श्रम दिन रोजागारी सिर्जना भएको छ। यस अबधिमा भौतिक पूर्वाधार तर्फ जम्मा ४८ अर्ब ५२ करोड ६० लाख पुजीगत खर्च भएको छ।सेवा प्रबाहमा पहुच बढाउन, सहज तुल्याउन थप ७ कार्यालय स्थापना भएका छन ।

**दस्तावेज तयारी र प्रकाशन**

- गण्डकी प्रदेश सडक ऐनको विधयेक २०८० तर्जुमा( मस्योदा)।
- जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५
- सडक तथा सडक पुल बर्गिकरण मापदण्ड , २०७७
- झोलुंगेपुल रणनीति २०७७
- विद्युतीय सवारी साधन मापदण्ड २०८०
- सार्बजनिक खरिदमा कन्टिन्जेंसी रकम खर्चलाइ व्यवस्थित गर्ने सम्बन्धि मापदण्ड, २०७९
- प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन , २०७६
- गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८०

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय (स्वास्थ्य तर्फ)

नीतिगत व्यवस्था तथा सेवा विस्तार

- गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ स्वीकृत भई लागू भएको छ।
- स्वास्थ्य आपूर्ति श्रृङ्खला व्यवस्थापन मापदण्ड, २०७८ लाई योजनाबद्ध रूपमा कार्यान्वयनमा ल्याईएको छ।
- गण्डकी प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश घोषणा गरिएको छ। साथै, प्रदेश खोप कोष स्थापना गरी हालसम्म २ करोड ६५ लाख जम्मा गरिएको छ।
- जटिलतामा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूको हेलिकप्टर मार्फत Air Lifting गर्ने कार्य निरन्तर रहेको। उक्त कार्यक्रम थप व्यवस्थित रूपमा संचालन गर्नको लागि गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट "जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्यविधि, २०८०" स्वीकृत भएको छ।
- लमजुङ अस्पताल प्रदेश सरकार मातहात ल्याई सञ्चालनमा आएको छ। नौ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी उक्त अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छ।
- अस्पतालहरूमा सञ्चालित औजार-उपकरणको नियमित मर्मत सम्भारका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा बायोमेडिकल व्यवस्थापन इकाईको स्थापना भई सञ्चालनमा आएको छ।
- सहिद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाईते, ख वर्गका अपाङ्गता भएका व्यक्ति र नियमित डायलाईसिस सेवा लिने मृगौला पीडित परिवारका सदस्यहरूको स्वास्थ्य वीमा गरिएको छ।
- १० बर्ष भन्दा मुनि र ६० बर्ष भन्दा माथिको मानिसहरूलाई सरकारी अस्पतालमा हुने प्रयोगशाला परिक्षण शुल्कलाई निशुल्क गरिएको छ।
- मुक्तिनाथमा हाई अल्टिच्युट सिक्नेस उपचार केन्द्र सञ्चालन गरिएको छ।

स्वास्थ्य केन्द्रको विस्तार र स्तरोन्नति

- साथै लमजुङ, गोरखा, मध्यविन्दु, धौलागिरी र संक्रामक तथा सरुवा रोग अस्पतालमा प्रत्येकमा २५ शैयाका दरले कुल १२५ शैयालाई हाई डिपेन्डेन्सी युनिट (HDU) मा स्तरोन्नति गरिएको छ।
- आँपपिपल अस्पताल, गोरखा र बुर्तिबाङ्ग प्राथमिक स्वास्थ्य केन्द्र, बाग्लुङलाई ५० शैयाको अस्पतालमा स्तरोन्नती गरी गण्डकी प्रदेश सरकार मातहत सञ्चालनको लागि गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८०/०६/०२ को निर्णयबाट नेपाल सरकारलाई अनुरोध गरी लेखि पठाइएको छ।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको साथै स्याङ्जा, दमौली र लमजुङ अस्पताल भवन निर्माणका लागि डि. पि. आर. तयार भएको छ।
- प्रदेश मातहतका अस्पतालहरूमा ५२ शैया सघन उपचार कक्षमा २७ थान भेन्टिलेटर जडान भएको छ।

- गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरू स्तरोन्नतिका लागि अध्ययन भई स्तरोन्नति गर्ने प्रक्रियामा रहेको छ।
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा गण्डकी प्रदेशमा ५० बेडको मुटु तथा क्यान्सर रोग अस्पताल स्थापनाको लागि Detail Project Report (DPR) तयार भएको छ।
- क्षयरोग उपचार केन्द्र, पोखरामा अत्याधुनिक BSL Level 3 Culture Lab संचालनमा आएको छ।
- नसर्ने रोगको स्क्रिनिङ लगायतका कार्य गर्न स्वास्थ्य चौकीहरूमा प्रयोगशाला सञ्चालन एवं सञ्चालित प्रयोगशालाहरूको स्तरोन्नती गरिएको छ।

डायलासिस केन्द्र स्थापना र सञ्चालन

- डायलायसिस सेवाका लागि पर्खाइमा रहेकोमा उक्त संख्यालाई शून्यमा झार्ने उद्देश्यका साथ प्रदेश अन्तर्गतका सबै अस्पतालको क्षमता विस्तार गरी डायलायसिस सेवा सुचारु कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाइएको छ।
- संक्रामक तथा सरूवा रोग अस्पताल, कास्कीमा आवश्यक जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यवस्थापन गरी २५ शैया क्षमताको डायलासिस केन्द्र स्थापना गरी संचालन कार्यका लागि गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०४/२४ को बैठकबाट विशेषज्ञ चिकित्सक सहित ४८ जना जनशक्तिको अस्थायी दरबन्दी स्वीकृत भएको छ।

अस्थायी दरबन्दी स्वीकृत

- अस्पताल/प्रयोगशालाबाट नियमित स्वास्थ्य सेवा एवं परिक्षणको अतिरिक्त हाल दिइरहेको विशेष सेवाहरू (Dialysis Service, ICU / PICU / HDU / Ventilator Service, Safe Delivery Service आदि) नियमित सञ्चालन तथा निरन्तरताको लागि आवश्यक जनशक्ति गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०५/०६ को बैठकबाट विशेषज्ञ चिकित्सक सहित १७० जना स्वास्थ्य जनशक्तिको अस्थायी दरबन्दी स्वीकृत भएको छ।

प्रविधिमैत्री सेवा तथा सुशासन

- प्रदेश सरकार मातहतका मनाङ, मुस्ताङ, स्याङ्जा र पर्वत अस्पतालमा राष्ट्रिय आविस्कार केन्द्र मार्फत, संक्रामक तथा सरुवा रोग अस्पताल र मध्यबिन्दु जिल्ला अस्पतालमा WHO मार्फत र गोरखा, लमजुङ, धौलागिरी, बेनी, दमौली र मातृशिशु मितेरी अस्पतालहरूमा NSI मार्फत Electronic Medical Record [EMR] प्रणाली सञ्चालन गरिएको छ।
- आकस्मिक सेवा व्यवस्थापनलाई व्यवस्थित बनाउन १०२ नम्बरको सम्पर्क सहित एम्बुलेन्स Dispatch Centre को सञ्चालनमा ल्याइएको छ।
- एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न प्रदेश अन्तर्गतका एम्बुलेन्सहरूमा पहिलो चरणमा GPS जडान गर्ने कार्य सम्पन्न भएको छ।
- प्रदेशभर महामारी निगरानीको लागि सर्भिलेन्स आउटब्रेब रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लागू गरिएको छ।

- धौलागिरी अस्पताल, बाग्लुङमा CT Scan सेवा प्रारम्भ गरिएको छ।

परीक्षण विस्तार, तालिम र संस्थागत सुदृढीकरण

- प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट नसर्ने रोगको परीक्षण विस्तार गरी Thyroid Function test, Vitamin D, Vitamin B12, Hormone Test, Testosterone लगायत ३०० भन्दा बढी प्रकारका परिक्षण हुने व्यवस्था मिलाइएको छ।
- स्थानीय तहहरूमा रहेका Birthing Center हरूको सुदृढीकरण गरिएको छ। स्वास्थ्य तालिम केन्द्र मार्फत SBA (Skilled Birth Attendant), ICU, SAS, Implant/ IUCD, Post Burn Care लगायतका तालिम प्रदान गरिनेछ।
- प्रदेशका ११ जिल्लाका विभिन्न १८ वटा विद्यालयमा सञ्चालन विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिएको छ।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कास्की मार्फत आधारभूत तथा आकस्मिक सेवाका लागि औषधी व्यवस्थापन गरिएको छ।
- ANM/SN हरूलाई तालिम प्रदान गरिएको छ। मृगौला डायलाएसिस सेवा विस्तार गरिने तथा डायलाएसिस सेवा संचालन गरेका अस्पतालका स्वास्थ्यकर्मिहरूलाई मृगौला डायलाएसिस सम्वन्धी तालिम प्रदान गरिएको छ।
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा मृगौला ट्रान्सप्लान्ट केन्द्र स्थापनाको लागि आवश्यक औजार उपकरण खरिद गरी हस्तान्तरण गरिएको छ।
- गर्भवती महिलाको लागि अस्पतालमा निःशुल्क USG कार्यक्रम (३ देखि ६ महिनाको गर्भवती महिला) सञ्चालन गरिएको छ।
- अस्पतालमा गुणस्तरीय सेवा संचालनका लागि न्यूनतम स्वास्थ्य सेवा मापदण्ड (MSS) कार्ययोजना कार्यान्वयन एवं संचालन मार्फत सेवा एवं गुणस्तर विस्तार गरिएको छ।
- बालगृह तथा वृद्ध आश्रममा निशुल्क स्वास्थ्य जाँच एवं उपचार गरिएको छ।
- सरुवा रोग (कोभिड १९, क्षयरोग, डेंगु आदि) को केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ गरिएको छ।

अभिमुखीकरण तथा तथ्यांक व्यवस्थापन

- महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षीय निकायहरूबीच समन्वयत्मक बैठक, RRT परिचालन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- संक्रामक तथा महामारी जन्य रोगहरूको निगरानी कार्यलाई प्रभावकारी बनाउन अस्पतालहरूमा Onsite Coaching र अभिमुखीकरण गरिएको छ।
- जटिलतामा रहेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रमसम्वन्धी वृत्तचित्र निर्माण गरिएको छ।
- गण्डकी प्रदेशका हालसम्म ३६ वटा स्थानीय तहमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयार गरिएको छ।

- स्वास्थ्यसम्बन्धी तथ्यांकलाई प्रभावकारी रूपमा प्रस्तुतीकरण गर्नका लागि स्वास्थ्य कार्यालय प्रमुखहरू र तथ्यांक सम्बद्ध कर्मचारीहरूलाई Data Visualization को बारे अभिमुखीकरण सम्पन्न गरिएको छ ।

*साक्षेदारी र सहकार्य*

- स्थानीय तहको साक्षेदारीमा पूर्वप्रसूति र उत्तरप्रसुती (ANC & PNC) का घर घरमा स्वास्थ्य कर्मी सेवा कार्यक्रम सञ्चालन गरिएको छ ।
- क्यान्सरको उपचारमा एक लाख आर्थिक सहायता (भरतपुर क्यान्सर अस्पताल, पाटन अस्पताल, भक्तपुर अस्पताल) सुरुवात गरिएको छ ।
- प्रकोप पूर्व आवश्यक तयारी तथा रेफरल प्रणाली सुदृढीकरणका लागि हब तथा स्याटेलाइट अस्पतालको समन्वय बैठक सम्पन्न गरिएको छ ।

शैक्षिक उन्नयन र पहुँच बिस्तार

- २०७८ असोज २४ मा साक्षर गण्डकी प्रदेश घोषणा भएको छ (गण्डकी प्रदेशको लक्षित उमेर समूह (१५-६० वर्ष) औषत साक्षरता दर ९६.५७ प्रतिशत रहेको छ)।
- गण्डकी प्रदेश शिक्षा नीति, २०७८ प्रदेश सरकारबाट जारी भई उक्त नीति कार्यान्वयनका लागि शिक्षा क्षेत्रको रणनीतिक योजना (२०७९/८०-२०८३/८४) स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।
- कोभिड-१९ का कारण अभिभावक गुमाएका १८९ जना बालबालिकाको पालनपोषण एवम् सिकाइ सहायताका लागि मासिक रु ५०००।- का दरले राहत रकम उपलब्ध गराइएको छ।
- उच्च शिक्षा अध्ययन गर्ने २०८ जना अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिएको छ।
- ८५ वटै स्थानीय तहमा गणित, विज्ञान र अंग्रेजी विषयका विषयगत शिक्षक समूह गठन भई परिचालन भएको छ।
- विशेष शिक्षा प्रदान गर्ने ४५ वटा विद्यालयको व्यवस्थापकीय पक्ष सुधार भएको छ, जसबाट ७९३ जना बालबालिकाहरू लाभान्वित भएका छन्।
- प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका १० वटा माध्यमिक विद्यालयमा सिक्दै कमाउँदै कार्यक्रम कार्यान्वयन भएको छ। जसबाट ११४५ जना विद्यार्थी लाभान्वित भएका छन्।
- निर्मित सामुदायिक शैक्षिक संस्थाहरूको भौतिक संरचनाको मर्मतसम्भार कार्यक्रमबाट ४८ विद्यालयहरूको मर्मतसम्भार भएको छ।
- न्यून विद्यार्थी भएका विद्यालयहरूको एकिकरण समायोजनमा सहयोग पुर्‍याउन ८ वटा सामुदायिक माध्यमिक विद्यालयहरूलाई साझेदारीमा विद्यालय बस खरिद गर्न अनुदान उपलब्ध गराइएको छ।
- आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षालाई एकरूपता, गुणस्तरीय र मर्यादित बनाउन आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका जारी गरी ८५ वटै स्थानीयलाई अभिमुखीकरण समेत गरिएको छ।
- ११ जिल्लामा सामाजिक विकास कार्यालय स्थापना गरी जिल्ला तहबाट सेवा प्रवाह गरिएको छ।

भवन निर्माण र पूर्वाधार विकास

- हिमाली तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूको शिक्षामा पहुँच र गुणस्तर विस्तार गर्नका लागि गोरखा, म्याग्दी र मुस्ताङ जिल्लाका ४ नमुना विद्यालयमा आवासीय भवन निर्माणको कार्य भईरहेको छ।
- गण्डकी विश्वविद्यालयको पूर्वाधार निर्माणका लागि कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. ३२ स्थित मालेपाटन र स्यालटहरामा ३५२ रोपनी १५ आना जग्गा र तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा १७५ रोपनी जग्गा प्राप्त भएको छ भने शुक्लागण्डकी नगरपालिकाको कसेरीघाटमा २३६ रोपनी जग्गा प्राप्तिको प्रक्रियामा रहेको छ। विश्वविद्यालयको मुख्य प्रशासनिक भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार हुने क्रममा रहेको छ भने गण्डकी विश्वविद्यालय शिक्षण अस्पतालको भवन निर्माणस्थलको संरक्षण कार्य सम्पन्न भएको छ। विश्वविद्यालयको अन्वेषण र आविष्कार केन्द्रको भवन निर्माण सम्पन्न भई उक्त केन्द्र राष्ट्रिय आविष्कार केन्द्रसँग सहकार्य गरी

सञ्चालनमा आएको छ। त्यसैगरी नाष्ट विशिष्टीकृत अनुसन्धान केन्द्र, गण्डकी प्रदेश कार्यालय स्थापना भएको छ।

- ५२ वटा सामुदायिक क्याम्पसमा कम्प्युटर प्रयोगशाला, भवन मर्मत र पुस्तकालयको व्यवस्थापन र स्तरोन्नति गर्न सहयोग गरिएको छ।
- स्थानीय तहसँगको समन्वयमा प्रति विद्यालय २००० विद्यार्थीका लागि मध्यविन्दु नगरपालिका, देवचुली नगरपालिका र पोखरा महानगरपालिकामा गरी जम्मा तीन वटा विद्यालयलाई ठुला विद्यालय विकास कार्यक्रम अन्तर्गत विस्तृत आयोजना प्रतिवेदन (DPR) निर्माण भई पूर्वाधार विकास कार्य भईरहेको छ।
- पृथ्वी नारायण क्याम्पस, पोखरा, पश्चिमाञ्चल ईञ्जिनियरिङ क्याम्पस, लामाचौर, धौलागिरी क्याम्पस, बागलुङ र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुन्चौर, कास्की गरी चार आङ्गिक क्याम्पसका विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्थापन सुधार गरिएको छ। १० जिल्लाका ४१ वटा सार्वजनिक तथा सामुदायिक पुस्तकालयको पूर्वाधार विकास र पुस्तकालय व्यवस्थापन गरिएको छ।
- बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रदेशस्तरीय आवासीय विद्यालय निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई त्रिभुवन शान्ति मा.वि., पोखरा म.न.पा.-३०, खुदीमा निर्माण कार्य भईरहेको छ।
- १७० माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालनका लागि सहयोग गरिएको छ।
- प्रविधिमैत्री वित्तीय साक्षरता कार्यक्रमबाट ५४ सामुदायिक सिकाई केन्द्र मार्फत १९४ कक्षा सञ्चालन भएको छ। उक्त कक्षा बाट ९२ पुरुष र ३७८९ महिला गरी जम्मा ३८८१ जना लाभान्वित भएका छन्।

### तालिम र क्षमता विकास

- आधारभूत तथा माध्यमिक विद्यालयका प्र.अ. नेतृत्त्व क्षमता विकास तालिम ४६३ जना, माध्यमिक तहका शिक्षकहरूका लागि शिक्षक पेशागत विकास तालिम १०७३ जना, निम्नमाध्यमिक तहका शिक्षकहरूका लागि शिक्षक पेशागत विकास तालिम १२०८ जना, प्राथमिक तहका शिक्षकहरूका लागि शिक्षक पेशागत विकास तालिम १२८४ जना, प्रारम्भिक बालविकास शिक्षकहरूका लागि शिक्षक पेशागत विकास तालिम टिपिडी २५३ जना, प्रारम्भिक बालविकास शिक्षकहरूका लागि सिकाइ सामग्री निर्माण कार्यशाला ८४१ जना, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शिक्षक तालिम ६७७ जना, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक र लेखा कर्मचारीका लागि विद्यालय नेतृत्त्व तथा लेखा व्यवस्थापन तालिम ३५४ जना, स्रोत कक्षामा अध्यापनरत शिक्षकहरूका लागि शिक्षक पेशागत विकास तालिम ५० जना, अपाङ्गता भएका शिक्षकहरूका लागि विशेष क्षमता विकास तालिम ७८ जना, नवीनतम शैक्षणिक रणनीतिको प्रयोग सम्बन्धी शिक्षक तालिम ३६३ जना, विद्यार्थी मनोसामाजिक परामर्श सम्बन्धी शिक्षक तालिम २९९ जना, विद्यालय सहकार्यकलाप सम्बन्धी शिक्षक तालिम ३६० जना, प्रशिक्षक प्रशिक्षण तालिम १४५ जनालाई तालिम प्रदान गरिएको छ।
- प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Early Grade Reading Programme EGRP) अन्तर्गत २१० जना शिक्षकहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ। सबै तहका ३६० जना प्रधानाध्यापकहरूका लागि नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

- प्रदेश सरकारको सहयोगमा रक एण्ड टनेल इन्जिनियरिङमा स्नातकोत्तर तहको पाठ्यक्रम निर्माण भइ पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस, लामाचौरमा पठनपाठन भईरहेको छ। तीन शैक्षिक सत्र पुरा भएको र प्रत्येक वर्ष २० जना विद्यार्थी भर्ना भई अध्ययनरत छन्।
- गण्डकी प्रदेश सरकार र मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबिच भगिनी सम्बन्ध स्थापना भए पश्चात हेनान नर्मल विश्वविद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्न २० जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन्।
- ४१ प्राविधिक माध्यमिक विद्यालयमा कम्प्युटर ल्याव तथा शैक्षिक सामग्री एवम् शैक्षिक उपकरण व्यवस्थापन भई १२३० जना विद्यार्थीले प्रयोगात्मक रूपमा सिक्ने अवसर प्राप्त गरेका छन्। एकीकृत पाठ्यक्रम (कक्षा १-३) परिक्षणका रूपमा रहेका गोरखा र तनहुँका १२ विद्यालयका प्र.अ. एवम् शिक्षकको क्षमता विकास गरिएको छ।
- प्रदेश सरकारबाट पहिलो पटक माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SEE) व्यवस्थापन सम्बन्धी कार्यारम्भ भएको साथै ११ वटै जिल्लाका विषय शिक्षकहरूको उपस्थितीमा SEE परीक्षाको प्रश्नपत्र तथा उत्तरकुञ्जिका निर्माण सम्बन्धी कार्यशाला सम्पन्न भएको छ।

### प्रतिभा प्रष्फुटन कार्यक्रम र छात्रवृत्ति

- प्रदेशका प्रत्येक निर्वाचन क्षेत्रमा स्वावलम्बी र राष्ट्रप्रेमी नागरिक उत्पादन गर्ने उद्देश्यले ३६ विद्यालयमा **आदर्श विद्यालय विकास कार्यक्रम** सञ्चालनमा ल्याइएको छ। ६१ बालविकास केन्द्रलाई नमुना बालविकास केन्द्रमा स्तरोन्नति गरिएको छ। स्थानीय तहको समन्वयमा सामुदायिक विद्यालयलाई खेलकुद र सङ्गीत विद्यालयका रूपमा विकास गर्न ६० विद्यालय छनौट गरी कार्यक्रम सञ्चालनमा ल्याइएको छ। जसबाट २६२८० जना विद्यार्थीहरू लाभान्वित भएका छन्।
- विगतका वर्षहरूमा विद्यार्थीहरूको मात्र प्रतिभा पहिचान हुँदै आएकोमा गत आ.व. २०७९/०८० मा पहिलो पटक ११ वटै जिल्लाका शिक्षकहरूको समेत प्रतिभा पहिचान कार्यक्रम सम्पन्न गरी शिक्षक र विद्यार्थी दुवैमा रहेका प्रतिभा प्रष्फुटन कार्य गरिएको छ।
- गोरखा, म्याग्दी र मुस्ताङ जिल्लाका दुर्गम र हिमाली क्षेत्रका विद्यालयहरूमा अध्ययनरत २८० जना विद्यार्थीका लागि आवासीय छात्रवृत्ति प्रदान गरिएको छ।
- गरिब, दलित, अल्पसङ्ख्यक समुदायका एमवीवीएस, इन्जिनियरिङ्, कृषि र बन विज्ञान क्षेत्रमा छात्रवृत्ति प्राप्त ३० जना विद्यार्थीलाई उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति प्रदान गरिएको छ। साथै स्नातकोत्तर तहमा अध्ययनरत १८ जना विद्यार्थीलाई प्रति विद्यार्थी ३० हजार रुपैंया शोधवृत्ति सहयोग प्रदान गरिएको छ।
- शिक्षामा मूलप्रवाहीकरणका लागि मदरसा/गुम्बा/गुरुकुल/आश्रम र वैकल्पिक विद्यालय गरी ५१ विद्यालयलाई सञ्चालन एवम् व्यवस्थापनका लागि प्रदान गरिएको अनुदानबाट ६६६ जना बालबालिका एवम् प्रौढ लाभान्वित भएका छन्।

### पाठ्यक्रम निर्माण र अनुसन्धान कार्य

- जीवनोपयोगी मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति तयार गर्न गण्डकी विश्वविद्यालय स्थापना भई वि.एस्सी. नर्सिङ (B.Sc. Nursing), बि.पि.टि (Bachelor of Physiotherapy), वि.एस्सी. रेडियो इमेजिङ टेक्नोलोजी (B.Sc. Radio-Imaging Technology), बि. फार्मेसी (B. Pharmacy), बि. डाइट एण्ड न्यूट्रिसन (B. Diet and Nutrition), वि.एस्सी. एमएलटी (BSc Medical Lab

Technology), वि.एस्सी. हर्टिकल्चर (B.Sc. Horticulture), व्याचरल अफ स्पोर्ट म्यानेजमेण्ट (Bachelor of Sports Management), व्याचरल अफ स्पिच अडियोमेट्रि (Bachelor of Speech and Audiometry), व्याचरल अफ कस्मेटोलोजी (Bachelor of Cosmetology), व्याचरल अफ एग्रीकल्चर इञ्जिनियरिङ (Bachelor of Agriculture Engineering), व्याचरल अफ फिसरी (Bachelor of Fishery), वि.आइ.टी (BIT- Bachelor of Information Technology) र एम.वि.वि.एस/वि.डि.एस. MBBBS/BDS विषयको पाठ्यक्रम निर्माण भएको छ भने खेलकुद व्यवस्थापन, सूचना प्रविधि BBA, वि.ए.एल.एल.वि. (BALLB) र वि.फार्मेसी विषयको स्नातक तहको पढाइ सञ्चालन भएको छ।

- गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण, प्रमाणीकरण तथा बजार माग अनुरूपका मध्यमस्तरको मानव संसाधन विकास गर्ने उद्देश्यले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान स्थापना गरिएको छ। प्रतिष्ठानको भौतिक पूर्वाधार विकासका लागि स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं १ गुर्दुममा १४७ रोपनी दुई आना जग्गा प्राप्त भएको छ। भौतिक पूर्वाधार निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयारीको कार्य भइरहेको छ। उक्त प्रतिष्ठानले अटोमोबाइल्स विषयको दुई वर्षे र तीन महिने तथा जिओ टुरिजम (GEO Tourism) विषयको तीन महिने पाठ्यक्रम निर्माण गरेको छ।
- विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम ज्ञान, सिप र प्रविधिको प्रयोग गरी अनुसन्धनात्मक क्रियाकलाप प्रवर्द्धन गर्न गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सञ्चालनमा आएको छ। प्रतिष्ठानको स्थापना पश्चात् पोखरा-३३ मा अनुसन्धान प्रयोगशाला सञ्चालन भई फाइटो-केमिस्ट्री (PHYTO-CHEMISTRY), फुड-केमिस्ट्री (FOOD-CHEMISTRY), पोषणसम्बन्धी र औषधी विज्ञान (PHARAMACY) सम्बन्धी विषयहरूमा अनुसन्धान कार्य शुरू भएको छ। अनुसन्धानकर्ताहरूले विद्युतीय मोटरसाइकल र च्याउ प्रशोधन गर्ने उपकरण निर्माण गरी सफल परिक्षण समेत भएको छ। साथै खेर गएका प्लाष्टिकको प्रयोग मार्फत् वातावरणमैत्री विकासमा टेवा पुऱ्याउन प्लाष्टिक काट्ने उपकरणको विकास गरी सोको माध्यमबाट प्लाष्टिकलाई सडक पिच गर्ने कार्यमा परीक्षण गरिएको छ। यस प्रदेशमा पाइने ४० ओटा जडीबुटीहरूको वैज्ञानिक सूचना सुचिकृत गरिएको छ। त्यसैगरी गण्डकी प्रदेशका स्नातकोत्तरमा शोध गर्ने १४ जना विद्यार्थीलाई अनुसन्धान वृत्ति, ६ जनालाई अनुसन्धान फेलोसिप एवं विज्ञान तथा प्रविधि विषय अध्ययनरत स्नातक तह पुरा गरी दुई वर्ष ननाघेका ११ जनालाई ईन्टर्नशिप अनुदान उपलब्ध गराइएको छ।
- गण्डकी प्रदेशको प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका वस्तु तथा सम्पदाहरू समेटी सांस्कृतिक वृत्तचित्र निर्माण गरिएको छ।

## गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम

- प्रारम्भिक बालविकास केन्द्रमा सिकाई सामग्री व्यवस्थापन, आधारभूत विद्यालयहरू (कक्षा १-८) मा विज्ञान प्रयोगशाला स्थापना, विद्यालयमा अनलाइन अफलाइन सामग्री व्यवस्थापन, माध्यमिक विद्यालयमा STEM LAB, र गणित प्रयोगशाला स्थापना तथा सामुदायिक क्याम्पस तथा विद्यालयमा ICT सामग्रीको व्यवस्थापन भएको छ।
- १४८ वटा बालविकास केन्द्रहरूमा सिकाइ सामग्री व्यवस्थापन अनुदान दिइएको छ।
- १०० वटा आधारभूत विद्यालयहरू (कक्षा १-८) मा विज्ञान प्रयोगशाला स्थापना अनुदान उपलव्ध गराइएको छ।

- ६० वटा माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना तथा स्तरोन्नतिका लागि अनुदान उपलव्ध गराइएको छ।
- १७ वटा माध्यमिक विद्यालयमा गणित प्रयोगशाला स्थापनार्थ अनुदान उपलव्ध गराइएको छ।
- ५१ वटा माध्यमिक विद्यालयहरूमा STEM (Science, Technology, Engineering and Mathematics) Lab स्थापनाका लागि अनुदान उपलव्ध गराइएको छ।
- २४ वटा प्राविधिक धार सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरूलाई प्रयोगशाला सुदृढीकरणका लागि अनुदान उपलव्ध गराइएको छ।
- बैद्धिक तथा धार्मिक शिक्षा प्रदान गर्ने ३६ शैक्षिक संस्था तथा शैक्षिक/बैद्धिक, आध्यात्मिक तथा साधनात्मक अनुसन्धानका लागि १ वटा संस्थालाई अनुदान उपलव्ध गराइएको छ।
- विज्ञान, गणित तथा अंग्रेजी विषयमा कक्षा ८, ९ र १० का न्यून सिकाइ उपलव्धी भएका ७५ वटा विद्यालयहरूमा अतिरिक्त कक्षा सञ्चालन भएको छ।
- १६९ माध्यमिक विद्यालयमा अनलाइन अफलाइन सिकाइ सामग्री प्रयोगमा आएको छ।
- कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न, गरिब तथा दलित १५० जना विद्यार्थीसँग प्रदेश प्रमुख कार्यक्रम मार्फत छात्रवृत्तिका लागि रकम उपलव्ध भएको छ।
- ४० वटा सामुदायिक विद्यालय तथा ४३ वटा सामुदायिक क्याम्पसहरूमा सूचना प्रविधि विस्तारका लागि सामग्री तथा अनुदान उपलव्ध गराइएको छ।
- पृथ्वीनारायण क्याम्पस पोखरामा जर्ज जोन डिजिटल गणित प्रयोगशाला स्थापनाका लागि अनुदान उपलव्ध गराइएको छ।
- उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास भएको छ।
- रोजगारी एवं स्वरोजगारी सिर्जना गर्नका लागि प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरूको प्रभावकारिता अध्ययन भएको छ।
- गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका लागि शिक्षा क्षेत्रको पञ्चवर्षीय रणनीतिक योजना निर्माण भएको छ।

भाषा, संस्कृति तथा पुरातत्त्व क्षेत्र

◆ गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यशाला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवं सम्बर्द्धन गर्न गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना भई सञ्चालनमा आएको छ। सञ्चालनमा आए पश्चात् प्रतिष्ठानबाट निम्न कार्यहरू सम्पन्न भएको छन् :

- पृथ्वी नारायण क्याम्पसको १७ रोपनी जग्गा १६ वर्षका लागि भाडामा लिएर प्रशासनिक तथा ६५० जना क्षमता भएको सभाहल निर्माण भएको छ।
- पुस्तकालय कक्ष र लोकबाजा संकलन/संरक्षण कक्षको निर्माण गरी २४ प्रकारका लोक बाजाहरू संरक्षण गरिएको छ।
- ७ सय क्षमताको भानु हल तथा आर्ट ग्यालरी निर्माण भएको छ।
- राष्ट्रिय खुला दोहोरी गीत प्रतियोगिता, नाटक महोत्सव तथा नाटक सुनकेशरीको प्रदर्शन गरिएको छ।
- रसियन साँस्कृतिक प्रस्तुती सम्पन्न गरिएको छ। साथै धुनहरूमा दीपा नारायण झा कार्यक्रम सम्पन्न गरिएको छ।
- ४ देशका १३० जना कलाकार सहभागी भएको पोखरा आर्ट क्याम्प सम्पन्न भएको छ।

- खिन, बासुरी, धीमे, सेर्गा, टुंना, ढोरग्री तथा सारङ्गी बाजाको १/१ महिने प्रशिक्षण तथा नेवारी भाषा, मगर भाषा, लिम्बु भाषा, तामाङ भाषा तथा दुरा भाषाका २ महिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।
- प्रदेशका १३ जातिको सामाजिक तथा सांस्कृतिक पक्षको अनुसन्धान तथा सम्बन्धित जातिको ३/३ वटा लोकनाच तथा ५/५ वटा बाजाको अनुसन्धान कार्य सम्पन्न गरी त्यसैको आधारमा कक्षा ३ देखि ५ सम्मको लागि प्रारम्भिक सांस्कृतिक पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको छ।
- गुरुङ जातिको सेर्गा (छ्याँडु), मगर जातिको जिउमामा, ब्राह्मण जातिको बालन, गन्धर्व जातिको तरवार नाच र नेवार जातिको भैरव नाच तथा हेल्मो जातिको स्याब्रु गीत रेकर्डिङ भएको छ।
- सामन्त अवशेष, मगर इतिहास, तमु इतिहास, दुरा इतिहास, थारु इतिहास, ब्राह्मण इतिहास र गण्डकी नाट्य दपर्ण नामक कृतिहरू प्रकाशन भएको छ।
- माझी समुदायको डकुमेन्ट्री निर्माण भएको छ।
- गण्डकी प्रदेशमा रहेका कला, साहित्य, संगीत र संस्कृतिको क्षेत्रमा विशेष योगदान पुऱ्याउने ४१८ जना स्रष्टाहरूको बायोग्राफी संकलन एवं निर्माण कार्य सम्पन्न भएको छ। वरिष्ठ संस्कृतिविद् डा. जगमान गुरुङको श्रव्यदृश्य सहितको बायोग्राफी निर्माण भएको छ। साथै २०० जना स्रष्टाहरूको स्वास्थ्य विमा गरिएको छ।
- नाटक लेखन तथा निर्देशन, नेवारीनृत्य, थारुनृत्य, ठाडो भाका तथा जलरङ सम्बन्धी कार्यशाला सम्पन्न भएको छ भने बहुसांस्कृतिक तीन दिने प्रज्ञा उत्सव सम्पन्न भई गण्डकी प्रज्ञा पुरस्कारबाट पाँच जना स्रष्टाहरूलाई सम्मान गरिएको छ। साथै पोखरामा साहित्य मेला (Literature Festival) सम्पन्न गर्न सहयोग गरिएको छ।

◆ प्रदेश भित्रका स्थानीय जातिहरूको बाहुल्यता भएका स्थानको अध्ययन प्रतिवेदन, २०७६, प्रदेशमा प्रयोगमा रहेका ८० विभिन्न भाषाहरूको प्रोफाइल तथा प्रदेशका धार्मिक सांस्कृतिक सम्पदाको प्रोफाइल तयार गरिएको छ।

◆ प्रदेश सरकारको सहयोगमा नवलपरासी (ब.सु.पू.) को थारू सङ्ग्रहालय, लमजुङको दुरा सङ्ग्रहालय, म्याग्दीको मङ्गला गाउँपालिकाको सङ्ग्रहालय, नवलपरासी (ब.सु.पू.) को गैंडाकोटमा रहेको आदिवासी जनजाति सङ्ग्रहालय, कास्कीको पोखरामा रहेको नेवाः साँस्कृतिक समाजको सङ्ग्रहालय, कास्कीको पोखरामा रहेको खस आर्य सङ्ग्रहालय, स्याङ्जाको पुतलीवजारमा रहेको नेवार सङ्ग्रहालय, बागलुङको काठेखोलामा रहेको जिमाक साँस्कृतिक सङ्ग्रहालय, गोरखाको पालुङटारमा कुमाल जातिको सङ्ग्रहालय लगायत ३४ वटा सङ्ग्रहालय स्तरोन्नति गरिएको छ।

◆ देश र समाजको लागि जीवन बलिदान गरेका एवं राज्यद्वारा सहिद घोषणा भएका सहिदहरूको नाममा स्थापित ४ वटा सहिद पार्कहरूको स्थापना र विकासमा सहयोग पुऱ्याईएको छ।

◆ प्रदेश भित्रका विभिन्न स्थानीय तहमा स्थापना भएका ४१५ मठ मन्दिर, गुम्बा, मस्जिद लगायत धार्मिक आस्थाका केन्द्रहरूको स्तरोन्नति तथा संरक्षण गरिएको छ।

◆ विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी वर्दघाट सुस्ता पूर्वमा त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासका कार्यहरू सञ्चालन भएका छन्।

◆ गण्डकी प्रदेशको संस्कृति संरक्षणका लागि ३५ वटा संस्थाहरूलाई अनुदान उपलब्ध गराइएको छ।

लैङ्गिक समानता तथा महिला सशक्तिकरण

- लैङ्गिक हिंसा एवम् मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरूका लागि प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्रको सञ्चालनको लागि पोखरा महानगरपालिका वडा नं ३३ मा पूर्वाधार निर्माणको कार्य भईरहेको छ। लैङ्गिक हिंसा पीडितहरूको उद्धार तथा संरक्षणको लागि मन्त्रालयमा निःशुल्क हटलाइन सेवा (टोल फ्री नं. १६६०६१५२०१५) सञ्चालनमा रहेको छ।
- प्रादेशिक लैङ्गिक समानता नीति तथा बालबालिका सम्बन्धी नियमावलीको मस्यौदा तयार गरिएको।
- हिंसा पीडितहरूको लागि अल्पकालीन सेवा सहितको जिल्ला सेवा केन्द्रहरूको लागि संचालन कार्यविधि, २०७९ तर्जुमा गरिएको।
- प्रदेशभित्रका विभिन्न जिल्लाका ३० वटा आमा समूहहरूलाई सुदृढिकरण वापत अनुदान रकम उपलब्ध गराइएको छ।
- ११० जना महिलाहरूलाई उद्यमशीलता प्रवर्द्धनको लागि वस्तुगत पुँजी/प्रविधि वापतको अनुदान रकम उपलब्ध गराइएको छ।
- सक्षम महिला समानान्तर पाइला कार्यक्रम अन्तर्गत करिव ७२५ जना महिलाहरूलाई विभिन्न सीपमूलक तालिम संचालन तथा ३० जना महिला उद्यमीहरूलाई प्रविधि सहयोग अनुदान उपलब्ध गराइएको छ।
- सरकारी सेवामा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने उद्देश्य अनुरूप प्रतियोगितात्मक परीक्षा तयारी कार्यक्रम सञ्चालनबाट ४९० जना महिलाहरू लाभान्वित भएका छन्।
- स्थानीय तहहरूसँगको समन्वयमा लैङ्गिक हिंसा, बाल विवाह, दाइजो प्रथा, जातीय भेदभाव तथा छुवाछुत लगायतका परम्परागत हानिकारक अभ्यासहरू न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।
- प्रदेशस्तरीय तत्काल उद्धार समन्वय सञ्जाल गठन भई उद्धार तथा पुनःस्थापनाका कार्यहरू भइरहेका छन्।
- प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठन भई प्रतिकार्य योजना समेत प्रकाशन भई समिति क्रियाशील रहेको छ।
- विपद् व्यवस्थापनमा सामाजिक संस्थाहरूलाई परिचालन गरिएको छ।
- सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक तथा कानुनी रुपान्तरणको लागि अभियानमूलक कार्यक्रमहरू सञ्चालन तथा पैरवी भएको छ।
- प्रदेशस्तरमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरूको स्थितिपत्र प्रकाशन गरिएको छ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको तथ्याङ्क सङ्कलन तथा प्रकाशन भएको छ।
- लक्षित वर्गका महिलाहरू (विपन्न/एकल/हिंसा पीडित/सिमान्तकृत आदि) को लागि व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, पर्वत मार्फत् ६० जना र व्यावसायिक तथा सिप

विकास तालिम केन्द्र, कास्की मार्फत ४१ जना गरी १०१ जनालाई तालिम प्रदान गरिएको छ।

बालबालिका

- बालअधिकारको क्षेत्रमा पैरवी गर्न सहयोग पुग्ने गरी बाल परिषद् गठन भइ क्रियाशील रहेको छ। बालबालिकाको क्षेत्रमा नीति तथा योजना तर्जुमा, स्रोत विनियोजन तथा अधिकारको संरक्षणका कार्यक्रम तयार गर्न बालबालिका स्थितिपत्र प्रकाशन गरिएको छ। प्रदेश बालबालिका सम्बन्धी नियमावलीको मस्यौदा तयार भएको छ।
- हिंसा प्रभावित महिला तथा बालबालिकाहरूको लागि तत्काल उद्धार संरक्षण तथा पुनःस्थापना गर्न तनहुँ, बाग्लुङ, गोरखा, स्याङ्जा, नवलपुर, पर्वत र म्याग्दी जिल्लामा अल्पकालीन आश्रय सहितको जिल्ला सेवा केन्द्र सञ्चालनमा रहेका छन्।
- बाल प्रतिभा पहिचान अन्तर्गत प्रदेशस्तरीय कविता लेखन तथा वाचन प्रतियोगिता संचालन गरी २० जना बालबालिकाहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको छ।
- सडक बालबालिका व्यवस्थापनका लगि कास्की जिल्लास्थित अन्नपूर्ण गाउँपालिका लेवाडेमा प्रदेशस्तरीय दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालनमा आएको छ।
- प्रदेश बाल अधिकार समिति गठन भई क्रियाशील रहको तथा प्रदेशका ११ वटै जिल्लामा जिल्ला बाल अधिकार समिति तथा जिल्ला बाल क्लवहरू गठन भएका छन्।

अपाङ्गता भएका व्यक्ति

- दृष्टिविहीन लक्षित अडियो लाइब्रेरी स्थापना तथा ५० वटा श्रव्य पुस्तक उत्पादन गरी गण्डकी नेत्रहीन संघ मार्फत् वितरण गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिलाई सूचना, सञ्चार तथा सेवा प्रवाहमा सहज पहुँच दिलाउन मन्त्रालयमा अपाङ्गता सहायता कक्ष सञ्चालन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापनमा सहजता ल्याउने उद्देश्य अनुरूप दृष्टिविहीन अपाङ्गता भएका ८०० जनालाई सेतो छडी र शारीरिक अपाङ्गता भएका ९० जनालाई ह्वील चेयर, ८० जनालाई कमोड चेयर, ६९ जनालाई बैशाखी लठ्ठी र ७५० जनालाई विभिन्न किसिमका सहायता सामग्री उपलब्ध गराइएको छ। भाषिक सञ्चारमा सहजता ल्याउनको लागि बहिरा अपाङ्गता भएका २४ जना व्यक्तिलाई साङ्केतिक भाषाको तालिम प्रदान गरिएको छ।
- ११ वटै जिल्ला मार्फत अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको छ।
- अटिजम भएका बालबालिकाहरूलाई स्याहार गर्ने संस्था अटिजम केयर सोसाइटी गण्डकी तथा बालहितकारी परियोजना कास्कीलाई अनुदान रकम उपलब्ध गराइएको। जसबाट ६० जना बालबालिकाहरू लाभान्वित भएका छन्।

- ८५ वटै स्थानीय तहका जनप्रतिनिधिहरूलाई अपाङ्गता समावेशी विकास तथा योजना निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश मार्फत संचालन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरूको लागि कास्की, स्याङ्जा, गोरखा तथा नवलपुर जिल्लामा रहेका संस्थागत भवनको पूर्वाधार निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेका छन्।
- प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति गठन भई क्रियाशील रहेको छ।
- प्रदेशस्तरीय अपाङ्गता ग्राम निर्माणको लागि तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं ८ को ४२ रोपनी जग्गा प्राप्तिको चरणमा रहेको छ।
- अपाङ्गता भएका व्यक्तिहरूको स्वरोजगारी प्रवर्द्धनका लागि व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, पर्वत मार्फत् २४ जना र व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, कास्की मार्फत २३ जना गरी ४७ जनालाई सिपमूलक तालिम प्रदान गरिएको छ।
- विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि सचेतनामूलक तथा सीपमूलक कार्यक्रम संचालन गरिएको छ।

ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकको दिवा समयलाई सहज, रचनात्मक तथा सिर्जनात्मक बनाउन प्रदेशभित्र १५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माण भएको छ।
- प्रदेशभित्र संचालित १६ वटा ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमहरूको पूर्वाधार सदृढीकरण तथा सञ्चालन कार्य भएको छ।

सामाजिक सुरक्षा तथा संरक्षण

- गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गण्डकी प्रदेश घोषणा गरी मानव सेवा आश्रमसँग सम्झौता तथा समन्वय गरी तत्काल उद्धार र संरक्षणका कार्यहरू भइरहेका छन्। गण्डकी प्रदेशका चार जिल्लामा रहेका शाखाहरूलाई संचालन अनुदान उपलब्ध गराइएको छ।
- आर्थिक स्रोतको अभावमा उपचार गराउन कठिन भएका विपन्न नागरिकहरूलाई जिल्ला अस्पतालबाट सोझै भुक्तानी दिइएको साथै मन्त्रालयबाट २१३ जना विपन्न नागरिकहरूलाई उपचारमा सहुलियत प्रदान गरिएको छ।
- प्रदेशका कास्की, गोरखा, लमजुङ तथा बाग्लुङ जिल्लामा संचालित मानव सेवा आश्रमहरूको पूर्वाधार निर्माणको कार्य भइरहेको छ।

श्रम तथा रोजगार

- सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू तथा गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान मार्फत् बेरोजगार युवा, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गका महिला (विपन्न/एकल/हिंसा पीडित/सिमान्तकृत

आदि) समेत गरी ९,२५५ जनालाई स्वरोजगारका लागि छोटो र लामो अवधिका सिपमूलक तालिमहरू प्रदान गरिएको छ।

- मानव बेचबिखनमा परेका तथा वैदेशिक रोजगारीमा जाने युवा लक्षित परामर्श सेवा कार्यक्रम मार्फत् ६५० जनालाई परामर्श सेवा दिइएको छ।
- यातायात क्षेत्रमा काम गर्ने ८५० जना मजदुरलाई ट्राफिक नियम सम्बन्धी अभिमुखीकरण कार्यक्रम दिइएको छ।
- श्रमिकको हकहितका लागि प्रदेश श्रम सल्लाहकार परिषद् गठन गरिएको छ।
- प्रदेश श्रम तथा रोजगार नीति निर्माण भएको छ।

युवा तथा खेलकुद

- प्रदेश खेलकुद परिषद् स्थापना भई पोखरा रङ्गशाला परिसरमा प्रशासनिक भवन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।
- "एक स्थानिय तह-एक खेलमैदान" को नीति अनुरूप ७८ स्थानिय तहहरूमा एक स्थानिय तह एक खेलमैदान निर्माण कार्यक्रम कार्यान्वयन भएको जसका लागि १७ करोड २२ लाख रुपैया अनुदान उपलब्ध गराइएको छ।
- प्रदेश सरकारको स्रोतबाट ३४९ र नेपाल सरकारबाट प्राप्त सशर्त बजेटबाट ७० वटा गरी जम्मा ४१९ वटा खेल पूर्वाधराको निर्माण र स्तरोन्नति गरिएको छ।
- प्रदेश गौरबका आयोजनाको रूपमा प्रदेश क्रिकेट मैदान आयोजना अन्तर्गत अन्तराष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गर्न पोखरा महानगरपालिका वडा नं.३३ पशुपतिघाट-भरतपोखरीमा १७७ रोपनी १४ आना जग्गा प्राप्त गरी क्रिकेट मैदान तथा तटबन्ध निर्माणको विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको छ।
- मुस्ताङ, मनाङ र बागलुङ जिल्लामा अन्तराष्ट्रियस्तरको उच्च उचाइ खेलमैदान निर्माणको सम्भाव्यता अध्ययनको कार्य भइरहेको छ।
- तेह्रो दक्षिण एसियाली खेलकुदका आठवटा प्रतियोगिता पोखरामा सम्पन्न गराउन सहयोग गरिएको साथै पदक विजेता तथा यस प्रदेशका ४० जना खेलाडी, ५ जना प्रशिक्षक तथा २ जना व्यवस्थापकलाई प्रशंसापत्र र नगद पुरस्कार प्रदान गरिएको छ।
- बंगलादेशमा सम्पन्न एसियन सेन्ट्रल जोन महिला भलिबल प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल राष्ट्रिय टोलीमा सम्मिलित गण्डकी प्रदेशका ४ जना खेलाडीलाई नगद र प्रशंसापत्र सहित पुरस्कृत गरिएको छ।
- प्रथम मुख्यमन्त्री कप फुटबल प्रतियोगिता-२०७७ पोखरामा सम्पन्न गरिएको छ भने सहिद स्मारक ए डिभिजन लिगका दुई म्याच पोखरामा सम्पन्न भएका छन।
- विभिन्न १४५ वटा युवा क्लब तथा खेल सम्बद्ध संस्थालाई खेलकुद प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहायता प्रदान गरिएको छ।

- उत्कृष्ट खेलाडी र प्रशिक्षकहरूलाई गण्डकी खेलकुद पत्रकार मञ्च मार्फत पोखरा स्पोर्ट्स अवार्डद्वारा सम्मान गरियको छ।
- २०७८ सालमा सुदुरपश्चिमान्चल प्रदेशमा सञ्चालित मुख्यमन्त्रि कप प्रतियोगितामा यस प्रदेशबाट सहभागी भएका १७ जना खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई नगद रु. ५० हजारका दरले पुरस्कृत गरिएको।
- प्रदेश सरकार मातहतका कार्यालय र स्थानीय तहमा कामकाज गर्न १३६ जनाको प्रदेश विकास स्वयंसेवक दरबन्दी स्वीकृत गरी हाल ४९ जना प्रदेश विकास स्वयंसेवक परिचालन भईरहेका छन्।
- युवा उद्यम तथा स्वरोजगार कार्यक्रम अन्तर्गतका युवाहरूमा सिर्जनशील तथा उद्यमी युवा तयार गर्ने उद्देश्यका साथ युवा उद्यम तथा स्वरोजगार कार्यक्रम अन्तर्गत ७७ जना युवा उद्यमीहरूलाई उद्यम सञ्चालनका लागि अनुदान प्रदान गरिएको।
- विभिन्न कारणले दुर्व्यसनमा परेका व्यक्तिहरू र १२ वटा पुनस्थापना केन्द्रमा रहेका ५३५ जना युवाहरूलाई परामर्श/प्रशिक्षण/पौष्टीक आहार सहयोग कार्यक्रम सम्पन्न गरियको छ।
- १६ जना अपाङ्गता भएका युवाको लागि उद्यमशीलता विकास र १८ जना परम्परागत पेशा व्यवसायमा लागेका युवा उद्यमीलाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराइएको छ।
- युवामैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम अन्तर्गत प्रस्ताव परेका विभिन्न स्थानीय तहमध्ये उत्कृष्ठ बन्न सफल पर्वत जिल्लाको मोदी गाँउपालिकालाई युवामैत्री स्थानीय तह घोषणा गरी पुरस्कृत गरिएको छ।
- गण्डकी प्रदेश स्काउटलाई विभिन्न तालिम सञ्चालन गर्न र स्काउटसँग सम्बन्धित पोशाक खरिद गर्नका लागि अनुदान सहयोग उपलब्ध गराएको छ।
- आ.व २०८०/८१ का २४ वटा युवा तथा खेलकुद सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइएको छ।
- विभिन्न खेलका खेलाडीलाई प्रोत्साहन गर्न ५४७ वटा भलिबल, ५३८ वटा फुटबल, १४५ वटा जर्सी, १२४ वटा बास्केटबल, ४२ वटा भलिबल नेट र ३४६ वटा टीटी बल जस्ता खेलकुद सामग्रीहरू विभिन्न विद्यालय, खेल संघ, कार्यालय तथा युवा क्लबलाई वितरण गरिएको छ।
- प्रदेश खेलकुद परिषद् मार्फत विभिन्न खेलका खेलाडी, प्रशिक्षक, रेफ्री तथा खेलकुद शिक्षकलाई प्रशिक्षण उपलब्ध गराएको छ।
- नवौ राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशले ३२ वटा स्वर्ण पदक (७२ जना खेलाडी, २१ वटा रजत पदक (९२ जन खेलाडी) गरी जम्मा १२१ पदक (३२५ जना खेलाडी) सहित ११ वटा टिम मध्ये चौंथो स्थान र सात प्रदेशहरू मध्ये प्रथम स्थान प्राप्त गर्न सफल भएकोले ३२५ जना खेलाडी, २८ वटा खेल संघ, ४६ जना प्रशिक्षक र ३५ जना व्यवस्थापकहरूलाई नगद प्रमाण-पत्र सहित सम्मान गरिएको छ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# (उद्योग तथा पर्यटनतर्फ)

पर्यटन पूर्वाधार र सेवा विस्तार

- गण्डकी प्रदेश सरकारले ग्रामिण पर्यटनलाई महत्व दिंदै आइरहेको छ। प्रदेशमा हालसम्म ३२७ होमस्टे प्रवर्द्धन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत विभिन्न पूर्वाधार (सामुदायिक भवन, स्वागतद्वार, सांस्कृतिक संग्रहालय, पदमार्ग आदि) निर्माण कार्य सम्पन्न भएको छ।
- विभिन्न जिल्लामा १५२.६ कि.मि. पदमार्ग/पैदलमार्गको निर्माण, मर्मतसम्भार तथा सौन्दर्यीकरण गरिएको छ।
- प्रदेशका सबै जिल्लामा पर्यटन विकासका लागि ११ पर्यटकीय स्थलको DPR तयार गरी क्रमशः कार्यान्वयन गर्दै आइरहेको छ।
- प्रदेश सरकारको पहलमा पोखराबाट भैरहवा, भरतपुर, सिमरा, नेपालगञ्ज, भद्रपुर, जनकपुर र विराटनगरलाई हवाई सेवा सञ्चालमा जोडिएको छ भने कर्णाली प्रदेशको राजधानी सुर्खेत लगायतका स्थानमा थप सेवा विस्तारको लागि छलफल भैरहेको छ।
- गण्डकी प्रदेश सरकारले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तराष्ट्रिय हवाई सञ्चालनका लागि विभिन्न अन्तराष्ट्रिय हवाई कम्पनीका प्रतिनिधिहरूसँग आवश्यक समन्वय र सहजीकरण गरिरहेको छ।

पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसार

- प्रदेशको पर्यटन प्रवर्द्धन गर्न **"Glorious Gandaki"** पर्यटकीय ब्राण्ड तयार गरी टेलिभिजन, एफ.एम. रेडियो, छापा र अनलाइन मिडियामार्फत् प्रचारप्रसार गरिएको छ।
- गण्डकी प्रदेशका ११० प्रमुख पर्यटकीय गन्तव्यहरू समेटी पुस्तिका प्रकाशन गरी प्रचारप्रसार गरिएको तथा ती गन्तव्यमा पूर्वाधार निर्माण कार्य सुचारू गरिएको छ साथै, थप नयाँ गन्तव्यको पहिचान, प्रवर्द्धन र विकास गर्ने काम भइरहेको छ।
- गण्डकी प्रदेशका मुख्य-मुख्य हिमश्रृङ्खलाहरूको प्रोफाइल निर्माण गरिएको छ। पोखराको पहिचान झल्कने गरी पोखराको ड्यामसाइडमा साइन पोष्ट निर्माण गरिएको छ।
- गण्डकी प्रदेशका पर्यटन सम्बन्धी सूचना तथा जानकारीलाई एकीकृत गर्न पर्यटन सम्बन्धी छुट्टै वेब पोर्टल (www.tourism.gandaki.gov.np) को निर्माण गरिएको छ।
- पर्यटन व्यवसायीहरूसँगको सहकार्य र सहलगानीमा गण्डकी प्रदेशको पर्यटनलाई विश्वसामु प्रचार प्रसार गर्न विभिन्न किसिमका प्रवर्द्धनात्मक कार्यहरू गरिएको छ।

- प्रदेशका पर्यटकीय गन्तव्यहरूको डिजीटल प्रचार प्रसारका लागि नवलपुर, पर्वत, तनहुँ र म्याग्दीका मुख्य मुख्य पर्यटकीय गन्तव्यहरूको डिजिटल प्रोफाईल तयार गरी प्रचारप्रसार सुरुवात गरिएको छ।
- गण्डकी प्रदेशका पर्यटकीय स्थलको अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गर्न अन्तराष्ट्रिय सञ्चार माध्यमका प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- यस अवधिमा ७,३३,६४९ जना विदेशी पर्यटकहरूले गण्डकी प्रदेश भ्रमण गरेका छन।
- गण्डकी प्रदेशलाइ पर्यटकीय राजधानीका रूपमा घोषणा गर्न अध्ययन तथा अनुसन्धान भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति

- स्थापनाकालदेखि हालसम्म प्रदेशमा ३५,७१६ नयाँ उद्योग तथा ३२,९९४ नयाँ व्यापार व्यवसाय दर्ता गरिएको छ।
- उद्यमी बन्न अभिप्रेरित गर्ने उद्देश्यले १३,९७४ जनालाई उद्यम विकास तालिम र उद्यमी तथा स्वरोजगार बन्नका लागि १४,३१६ जनालाई विभिन्न किसिमका सिपमुलक तालिम प्रदान गरिएको छ।
- घरेलु तथा साना उद्योगहरूलाई प्रोत्साहन तथा आधुनिकीकरण गर्नका लागि १,४११ जना उद्यमीहरूलाई विभिन्न मेशिन औजार (प्रविधि हस्तान्तरण) सहयोग उपलब्ध गराईएको छ।
- पोखरा महानगरपालिका वडा नं. ३३ को पुँडीटार र नवलपरासी (बर्दघाट सुस्तापूर्व) को लोकाहा खोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन तयार गरी वातावरण अध्ययनको कार्य अगाडि बढाईएको छ।
- डिजिटल गण्डकीको नीति अनुरूप १,०८,२५३ उद्योग तथा वाणिज्य फर्महरूको विद्युतिय अभिलेखन कार्य सम्पन्न गरी पर्यटन, उद्योग तथा वाणिज्य प्रशासन सम्वन्धी सेवा प्रवाहको काम विद्युतीय माध्ययमबाट सुरु गरिएको छ।
- प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर कायम गर्न तथा कालोबजारी, एकाधिकार, सिन्डिकेट र कार्टेलिङ अन्त्य गर्न नियमित बजार अनुगमन गरी गुणस्तर र मूल्यमा नियमन गरिएको छ।
- उपभोक्तालाई दैनिक उपभोग्य वस्तु खरिद गर्दा अपनाउनु पर्ने सतर्कताका लागि जनचेतनामूलक अभियान कार्यक्रम सञ्चालन भइरहेको छ।
- "एक स्थानीय तह, एक उद्योगग्राम" अन्तर्गत घोषणा भएका २९ स्थानीय तहमा पूर्वाधार विकास तथा निर्माणको कार्य भइरहेका छन्। गण्डकी प्रदेश सरकारले २३ वटा उद्योग ग्राममा ८ करोड ५० लाख आर्थिक सहयोग गरेको छ।
- गण्डकी प्रदेशमा निर्यातयोग्य बस्तुहरूको सम्भाव्यता अध्ययन गरिएको छ।
- गण्डकी प्रदेशको आयात निर्यातको अवस्थाको अध्ययन गरिएको छ।

- प्रदेशस्तरीय उद्यमी लगानीकर्ता सम्मेलन सम्पन्न गरिएको छ।
- उद्योगी व्यवसायीहरूको सहकार्य तथा सहलगानीमा औद्योगिक प्रवर्द्धनका लागि विभिन्न मेला महोत्सव आयोजना गरिएको छ।

ऐन कानुनहरुः

- औद्योगिक व्यवसाय ऐन, २०७५
- गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८
- गण्डकी प्रदेश पर्यटन ऐन, २०७९
- प्रदेश बजार अनुगमन नियमावली, २०७६
- गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता नियमावली, २०७९
- गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९
- प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६

# उद्योग, पर्यटन वन तथा वातावरण (वन र वातावरण)

## नीतिगत एवं कानुनी व्यवस्था

- वन तथा जलाधार व्यवस्थापन नीति, २०७५।
- वातावरण तथा जलवायु परिवर्तन नीतिको मस्यौदा तयार।
- वर, पिपल, समी, चौतारो संरक्षण ऐन, २०७५।
- ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५।
- वातावरण संरक्षण ऐन, २०७६।
- वन ऐन, २०८०।
- ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६ र वातावरण संरक्षण नियमावली २०७९।
- वन नियमावली विधेयकको मस्यौदा तयार।
- केही प्लाष्टिकजन्य पदार्थ नियन्त्रण गर्न बनेको विधेयकको मस्यौदा तयार।
- बर, पीपल, समी, चौतारो संरक्षण नियमावलीको मस्यौदा तयार।

## अध्ययन र कार्ययोजना

- प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान सम्वन्धी अध्ययन भएको।
- Modis sattelite images को प्रयोग गरी गण्डकी प्रदेशको वन डढेलो सम्बन्धी विवरण (with 250 spatial resolution) तयार गरिएको।
- प्रदेशस्तरीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (Provincial Adaptation Plan of Action to Climate Change) तयार गरिएको।

## समुदायमा आधारित वन व्यवस्थापन

- गण्डकी प्रदेशभर रहेको ८,६१,००० हेक्टर वनको संरक्षण र व्यवस्थापन भएको।

## समुदायको सक्रिय सहभागितामा भएको वनको व्यवस्थापन

- ३,९५० वटा सामुदायिक वन (क्षेत्रफल २,७२,१८८ हे.)
- १,१२७ वटा कबुलियती वन (क्षेत्रफल ४,६५२.१५ हे.)
- ३६ वटा धार्मिक वन (क्षेत्रफल ३५५.८२ हे.)

- १ वटा साझेदारी वन (क्षेत्रफल ५८५.७५ हे.)
- १ वटा चक्ला वन (क्षेत्रफल ३८३८.८२ हे.)
- आठ जिल्लाका १२२ वटा वनको २३,१७३ हेक्टर वनमा वैज्ञानिक वन व्यवस्थापनको काम सञ्चालन भएकोमा हाललाई स्थगन गरिएको छ।

## समुदायको आर्थिक र सामाजिक सशक्तिकरण

- २५ हजार भन्दा बढी महिला, दलित र जनजाति समेत समावेश भएका समुदायमा आधारित वन समूहमा ५० हजार जनाभन्दा बढी व्यक्तिहरू समितिमा समावेश भएका छन्।
- उक्त समूहहरूबाट करिब १० लाख क्यू.फिट काठ र २५,००० चट्टा दाउरा उत्पादन भई आन्तरिक प्रयोगमा ल्याईएको छ भने ३ अर्व १३ करोड भन्दा बढी रकम समूहको कोषमा कारोबार गरेको देखिन्छ।

## राष्ट्रिय अर्थतन्त्र र प्राकृतिक स्रोत संरक्षणमा योगदान

- वन पैदावार विक्रि तथा अन्य कार्यहरूबाट रु ९६,०७,२२,१५५ राजश्व संकलन भएको छ।
- राष्ट्रिय वन र निजी वनबाट कुल ३३,०५,०३१ क्यु. फिट काठ, ३४,५३१ चट्टा दाउरा र २,०१,२५० किलोग्राम जडिबुटी उत्पादन भएको छ।
- वार्षिक स्विकृत कार्यक्रमको कार्यान्वयन, वन पैदावरको संकलन र अन्य विभिन्न कामहरूबाट कुल २४ लाख भन्दा बढी श्रमदिनको रोजगारी सिर्जना भएको छ।
- डिभिजन वन कार्यालयहरूमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गरिएका छन्। प्रदेशभर विभिन्न नर्सरीबाट विभिन्न प्रजातिका एकबर्षीय र बहुबर्षीय गरी कुल ८४,४३,४१३ विरुवा उत्पादन भई सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपणका लागि निःशुल्क रूपमा वितरण गरिएको छ।
- प्रकृतिमा आधारित समाधान (Nature based solution)लाई जोड दिँदै प्रदेशका सबै पालिकालाई समेट्ने गरी २०५ वटा उद्यान तथा वाटिका र ६७ वटा सामुदायिक वनमा पर्यापर्यटनका कार्यहरू सञ्चालन भइरहेको छ।
- प्रदेशभर २३ वटा वर, पीपल, समी र चौतारोको मर्मत, सम्भार र सौन्दर्यिकरण गरिएको छ।

## समुदायमा आधारित उद्यम

- कास्कीमा रुख उन्यू र लप्सीका ३ वटा, बाग्लुङ्गमा खोटेसल्ला र गोब्रेसल्लाका २ वटा, म्याग्दीमा लेकचाँपको १ वटा, तनहुँमा सिप्लीकानको १ वटा, गोरखामा श्रीखण्डको १ वटा, मनाङ्गमा लौँठसल्लाको १ वटा र स्याङ्जामा खयरको १ वटा गरी १० वटा बन बीउ बगैँचा ( Breeding seed orchard) को स्थापना गरिएको छ।

- प्रदेशस्तरीय जडिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन सम्पन्न भै २४ वटा समुदायमा आधारित उद्यम स्थापना भएका छन्।

## विकास योजनामा सहजीकरण

- विकास र वातावरणबीच सन्तुलन कायम गर्ने उद्देश्यले हाइड्रो पावर, विद्युत प्रसारण लाइन, खानेपानी, स्वास्थ्य केन्द्र र रिसोर्ट लगायतका विभिन्न ५५ वटा आयोजनालाई ५२६ हे. वन क्षेत्र उपलब्ध गराउन र भोगाधिकारका लागि सिफारिस गरिएको छ।

## मानव वन्यजन्तु सह-अस्तित्व

- समस्याग्रस्त घाइते र टुहुरा वन्यजन्तुको उद्धार र व्यवस्थापन गर्न पोखरा महानगरपालिकाको पचभैयामा प्रदेशस्तरीय प्राणी उद्यान तथा उद्धार केन्द्र निर्माणको काम भइरहेको छ। वन्यजन्तु उद्धार, उपचार र व्यवस्थापनको लागि वन्यजन्तु एम्बुलेन्सको व्यवस्था गरिएको छ।
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि नवलपरासी (ब.सु.पू.) मा चार किलोमिटरभन्दा बढी ढलानसहितको मेस वायर फेन्सिङ निर्माण गरिएको छ।
- मानव—वन्यजन्तु द्वन्द्ध न्यूनीकरणका लागि वन्यजन्तुबाट भएको जनधन, पशुधन र बालीनाली क्षतिपूर्ति बापत वन्यजन्तु पीडितलाई **रु ५,५८,२२,०७३ राहत** वितरण गरिएको छ।

## सिमसार तथा जलाधार संरक्षण तर्फ

- प्रदेशभित्रका महत्वपूर्ण सिमसारहरूको स्रोत सर्वेक्षण गरिएको छ। साथै फेवाताल किनारमा १४०० मिटर फुटट्र्याक र हरित पार्क निर्माण गरिएको छ।
- फेवातालको संरक्षणका लागि प्रदेश सरकार तथा पोखरा महानगरपालिकाको ५०/५० प्रतिशत (कुल २८ करोड १६ लाख रुपैंया) को लगानीमा ४ वटा सिल्टेसन ड्याम निर्माण सम्पन्न भएको छ।
- रामसारमा सूचीकृत पोखरा उपत्यका ताल क्लष्टरका नौ ताल, मुस्ताङको टिटी र ढुम्वा ताल, नवलपरासी (ब.सु.पू.) को ढवाहा ताल समेत २२ वटा तालमा संरक्षण र पूर्वाधार निर्माणका कार्य सम्पन्न भएको छ।
- ३०० भन्दा बढी गल्छी, पहिरो नियन्त्रण, १८० जलाधार संरक्षण पोखरी, ११७ पानी मुहान संरक्षण, ३० कि.मि. सडक पाखा सरक्षण, ३० वटा संवेदनशील जलाधार क्षेत्रको संरक्षण लगायतका कार्यहरू सम्पन्न भई सोबाट एक लाख भन्दा बढी घरधुरीहरू लाभान्वित भएका छन्।
- नेपाल सरकारको "स्वच्छ वातावरण महाअभियान" र प्रदेश सरकारको "स्वच्छ वातावरण, स्वस्थ जीवन" अभियानलाई ११ वटा जिल्लामा कार्यान्वयन गरिएको छ।

- हरितगृह ग्यास न्यूनीकरणका लागि विद्युतीय सवारी साधन खरिद गरिएको छ भने नमूनाको रूपमा तनहुँ र कास्कीमा गरी दुई वटा विद्युतीय चार्जिङ स्टेशनको निर्माण गरिएको छ।

# ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

**ऊर्जा विकासः**

- प्रदेश सरकार गठन हुँदा राष्ट्रिय प्रसारण लाइन मार्फत् विद्युतमा पहुँच पुगेका परिवार ८२.२ प्रतिशत रहेकोमा उक्त अंक हाल वृद्धि भई ९९.५० प्रतिशत पुगेको छ। विद्युत सुविधा पुग्न बाँकी रहेका २,४९३ परिवारलाई उक्त सुविधा पुऱ्याउने उद्देश्य राखी बागलुङ, नवलपुर र तनहुँ जिल्लामा विद्युत विस्तार गर्ने कार्य भइरहेको छ।
- हालसम्म ९० वटा लघु जलविद्युत आयोजनाको मर्मत सम्भार गरी जम्मा ३२९५ किलोवाट विद्युत नियमित गरिएको छ र जसबाट १५ हजार ४ सय ४० घरधुरी लाभान्वित भएका छन्।
- स्याङ्जा जिल्लामा रहेको पुतपुते खोला ९८ किलोवाट क्षमता दोस्रो लघु जलविद्युत आयोजनाको राष्ट्रिय प्रसारण लाइनसँग जोड्ने कार्य सम्पन्न गरिएको छ।
- हालसम्म राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका गोरखा, म्याग्दी, मनाङ, मुस्ताङ र बागलुङ जिल्लाका १,५९६ घरधुरीमा प्रदेश सरकारको सहुलियतमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी सोलार बत्ती बलिसकेको छ।
- गण्डकी प्रदेश सरकारका विभिन्न मन्त्रालयहरू, कार्यालयहरू, स्वास्थ्य चौकी तथा सामुदायिक विद्यालयमा गरी कूल २०७ किलोवाट पिक क्षमताको संस्थागत सौर्य ऊर्जा प्रविधि जडान सम्पन्न भएको छ।
- बाढी पहिरोका कारण क्षतिग्रस्त मनाङ जिल्लाको चामेमा संचालित लघु जलविद्युत लगायतका विद्युत संरचनाहरूमा ठूलो भौतिक क्षति भएको अवस्थामा मनाङ् जिल्लामा रहेका विभिन्न १६ वटा सरकारी कार्यालयहरूका लागि ३०० वाट पिक क्षमताको सोलार प्यानल जडान गरी विद्युत सेवा सुचारु गर्ने कार्य छिटो खरिद प्रक्रियाद्वारा (विशेष परिस्थितिमा) खरिद गरी जडान गरिएको छ।
- प्रदेश सरकारको विद्युत काठे पोल प्रतिस्थापन गर्ने नीति अनुरूप आ. व. २०७७/७८ सम्ममा ३०,४८१ वटा काठेपोल स्टिल पोलद्वारा प्रतिस्थापन गरिएको छ। यसबाट १ लाख ४९ हजार ४ सय ६७ जना लाभग्राही लाभान्वित भएका छन्।
- गण्डकी गा.पा.-८, पोखरा म.न.पा.-२७ र वालिङ न.पा.-८ मा गरी १६ थान सौर्य सडक बत्ती जडान गरिएको छ।
- अनुदानमा आधारित विद्युतीय चुलो वितरणसम्बन्धी मापदण्ड, २०७८ बमोजिम गोरखा न.पा. १० का ५३ घरधुरीमा इन्डक्सन चुलो वितरण कार्य सम्पन्न भएको छ।
- गोरखा जिल्लाको पालुङटार न.पा.-५ मा ११५ थान स्मार्ट सडक बत्ती जडान कार्य सम्पन्न गरिएको छ।

**सिंचाइ तथा नदी नियन्त्रणः**

- प्रदेश सरकारको सिंचाइ सुविधा विस्तार गर्ने नीति अन्तर्गत स्याङ्जा जिल्लाको चापाकोट टार, तनहुँ जिल्लाको अत्रौलीपुट्टार, पर्वत जिल्लाको फलेवास र लमजुङ जिल्लाको रम्घाटार सिंचाइ प्रणाली एवं सतह सिंचाइ, नयाँ प्रविधिमा आधारित र भूमिगत स्यालो तथा डिप ट्युववेल आयोजनाहरूका कार्यान्वयनबाट जम्मा ४,०६१ हेक्टर जमिनमा नयाँ कमाण्ड क्षेत्र विस्तार गरिएको र कृषक कुलो स्तरोन्नति तथा पुनर्स्थापना सुधारबाट १४,६५३ हेक्टर जमिनमा **बाह्रै महिना सिंचाइ** सुविधा पुग्ने गरी नवीकरण गरिएको

छ। हालसम्म गण्डकी प्रदेशमा भरपर्दो सिंचाइ सुविधा पुगेको क्षेत्रफल कूल ६६,४५७ हेक्टर रहेको छ। आ.व. २०८०/८१ मा नयाँ आयोजनको विकास तथा मौजुदा सिंचाई प्रणालीहरूको पुनर्स्थापना तथा सुधार तथा कृषक कुलो सुधार र स्तरोन्नतिबाट जम्मा ९६ हेक्टर जमिनमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भएको छ।

- नवलपुरको उल्टीखोलामा नयाँ बाँध निर्माण गरी सिंचाइ योजना सञ्चालनमा ल्याइएको छ।पोखराको सेती नहर प्रणालीको बाँध पुनर्स्थापना कार्य सम्पन्न भएको छ।
- सालबसाली रूपमा नदी नियन्त्रण/तटबन्ध योजनाहरू सम्पन्न गरी हालसम्म ९६ किलोमिटर तटबन्ध निर्माण भई बस्ती, बजार, जग्गा, भौतिक र सांस्कृतिक सम्पदाको संरक्षण भएको र ३,१८५ हेक्टर जग्गा उकास भएको छ। यसबाट हालसम्म सिंचाइ तथा नदी नियन्त्रणतर्फ १ लाख ४१ हजार ९ सय १७ जना लाभग्राही लाभान्वित भएका छन्।

**खानेपानी तथा सरसफाइः**

- प्रदेश सरकारले घोषणा गरेको 'एक घर-एक धारा' कार्यक्रम अन्तर्गत हालसम्म ४४२ वटा सम्पन्न आयोजनाबाट १,३६,३४७ निजी धारा जडान गरिएको छ। यसबाट ६,८०,५२६ जना लाभग्राही लाभान्वित भएका छन्। चालू आ.व. ८०/८१ को अन्त्यसम्ममा थप ३०,००० गोटा निजी धारा जडान भई थप ८५,००० जना लाभग्राही लाभान्वित हुनेछन्।
- शहर तथा शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तर वृद्धि गर्ने र ग्रामिण तथा शहरी खानेपानी योजनाहरूमा जलाधार क्षेत्र तथा मुहानसंरक्षण गर्ने योजना रहेको छ। हालसम्म आधारभूत स्तरको खानेपानी पुगेको जनसंख्या ९७.२४ % रहेको छ।
- बाढी पहिरोबाट क्षतिग्रस्त भएका र जीर्ण तथा आंशिक रूपमा संचालनमा रहेका खानेपानी आयोजनाको पुनर्निर्माण र मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिदै कूल १६२ योजनाहरूका मर्मत सम्भार कार्य सम्पन्न भएको छ।

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

**नीतिगत व्यवस्था**

- प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५, सहकारी ऐन, २०७५ र सहकारी नियमावली, २०७६, कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७७ र गण्डकी प्रदेश खाद्य परिषद (गठन तथा संचालन) आदेश, २०७८ जारी भएको छ। यस प्रदेशका प्राथमिकता प्राप्त फलफूल बाली स्याउ र सुन्तला खेती तथा कस्टम हायरिङ सेन्टरको व्यवसायिक योजना स्वीकृत गरी लागु गरिएको छ। कृषि व्यवसाय प्रवर्द्धन नियमावली, प्रदेश भूमि विधेयक, प्रदेश विषादी व्यवस्थापन विधेयक प्रदेश बीउ विजन व्यवस्थापन विधेयक, प्रदेश खाद्य सुरक्षा सम्बन्धी विधेयक तर्जुमाका लागि आवश्यक प्रक्रिया अगाडि बढेको छ। फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८० जारी गरी कार्यान्वयनमा ल्याइएको छ। उक्त निर्देशिका कार्यान्वयन सहजीकरणका लागि नर्सरी निरीक्षक तालिम सम्पन्न भई १८ जना नर्सरी निरीक्षक तयार भएका छन्।

**जग्गा चक्लाबन्दी कार्यक्रम र बाँझो जग्गा उपयोग**

- खण्डीकृत कृषियोग्य भूमिको एकीकरण गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाउन कार्यान्वयनमा ल्याईएको जग्गा चक्लाबन्दी कार्यक्रम मार्फत प्रदेशका ६ वटा जिल्लाका २९ स्थानमा गरी कुल ५४९६ रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको छ। चालु आ.व.मा थप ५०० रोपनी जमिनमा चक्लाबन्दी गर्ने कार्यका लागि प्रकृया अगाडि बढाइएको छ। चक्लाबन्दी भएका जमिनमा कृषि यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धिका लागि १० वटा समूह/सहकारीहरूलाई यन्त्र उपकरण खरिदमा सहयोग गरिएको छ।
- बाँझो जग्गालाई उपयोग गरी कृषिजन्य उत्पादन वृद्धि गर्न बाँझो जग्गामा व्यवसायिक खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ। गत आ.व. २०७९/८० सम्ममा सो कार्यक्रम मार्फत २७५.८ हेक्टर बाँझो जग्गाको सदुपयोग गरी स्याउ, सुन्तला, जुनार, अलैंची, ओखर आदि रोपण भएको छ। कृषकहरूबाट बाँदरको समस्याका कारण जग्गा बाँझिएको गुनसो प्राप्त भएकाले उक्त गुनासो सम्बोधनका लागि बाँझिएको जग्गामा घाँस खेति प्रवर्द्धनका लागि यस आ.व. देखि कार्यक्रम सञ्चालन गरिएको छ।

**जलवायु अनुकुलित कार्यक्रम**

- जलवायु परिवर्तनका प्रभावहरू न्यूनीकरण गर्दै स्थानीय स्रोत साधनको उचित व्यवस्थापन तथा जलवायु अनुकुलित प्रविधिको प्रयोग, विकास तथा विस्तार गर्दै कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले गण्डकी प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरू समेटी ८७ स्थानमा मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमबाट हालसम्म १०६ हेक्टरमा बेमौसमी तरकारी खेती, २७०.३ हेक्टरमा सुन्तला जातका फलफूल, स्याउ, केरा, लिची लगायतका फलफूल, १८.७५ हेक्टरमा चिया/कफी र २६ हेक्टरमा अलैंची खेती विस्तार गरिएको, २ हेक्टरमा अदुवा/बेसार खेती साथै बाख्रा, बंगुर र कुखुरापालन गर्नको लागि साना ठूला गरी ७७० वटा आधुनिक खोर निर्माण भएका छन्। यस कार्यक्रमबाट करिब १५,११८ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। उक्त गाउँहरूको संकटासन्नता विश्लेषण गरएको छ।

**स्याउ विशेष कार्यक्रम**

- स्याउ उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यले संचालित स्याउ विशेष कार्यक्रम मार्फत १४७७ रोपनीमा उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैंचा विस्तार गर्न सहयोग गरिएको छ। त्यस्तै ५०५ रोपनी क्षत्रफलमा ओखर वगैंचा विस्तार गरिएको छ। चालु आ.व.मा थप १३६ रोपनीमा स्याउ, ३२९ रोपनीमा ओखर र १६७ रोपनीमा खुर्पानी बगैंचा विस्तार गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

**खाद्यान्न तथा दुग्धजन्य उत्पादन**

- खाद्य तथा बीउ मकै उत्पादनका लागि सञ्चालित मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्धन आयोजना अन्तर्गत ७ टन मकै बीउ तथा ८०० मे.टन मकै उत्पादन भएको छ। चालु आ.व.मा ११२ हेक्टरमा बीउ तथा २४० हेहेक्टर क्षेत्रफलमा मकै उत्पादनका लागि आवश्यक प्रक्रिया अगाडि बढाईएको छ।
- कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्दै बजार प्रवर्द्धन गर्ने उद्देश्यले कुल ६,५२७ मे. टन क्षमताका ७ वटा कोल्ड स्टोर साथै ७१ वटा कोल्ड रुम निर्माणमा सहयोग गरिएको छ। दूधको गुणस्तर कायम गर्दै बजार सुनिश्चितताका लागि ४७ वटा दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग गरिएको छ।
- कृषकहरूलाई उत्पादनमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउने उद्देश्यले आ.व. २०७७/७८ बाट सहकारी संस्था मार्फत दूध संकलन र बजारीकरण गर्ने कृषकहरूलाई प्रति लिटर दूध उत्पादन गरेबापत रु २.५० उपलब्ध गराउने कार्यक्रम निरन्तर रूपमा संचालन गरिएको छ। तरकारी उत्पादनको क्षेत्र विस्तार गरे बापत प्रति रोपनी रु ३,००० का दरले प्रोत्साहन रकम उपलब्ध गराइएको छ।
- उच्च उत्पादन क्षमता भएका उन्नत नक्ष्लका गाई भैसीको संख्यात्मक तथा गुणात्मक बढोत्तरी गर्न पशु नक्ष्ल सुधार सम्बन्धी कार्यक्रम तथा पाडी बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम संचालन गरिएको छ।

**पशुमा पूर्ण खोप कार्यक्रम**

- पशुपालन क्षेत्रमा चुनौतीको रूपमा रहेका प्रमुख संक्रामक रोगहरूको नियन्त्रण गर्ने उद्देश्यले आ.व. २०७७/७८ बाट "पशुमा पूर्ण खोप कार्यक्रम" मार्फत अभियानको रूपमा पशुमा लाग्ने ६ वटा संक्रामक रोगहरू (खोरेत, भ्यागुते र चरचरे, पि.पि.आर. स्वाईन फिभर तथा रेबिज) विरुद्ध वृहत खोप कार्यक्रम सुरुवात गरिएको छ। आ.व. २०७९/८० सम्म ५६ वटा पालिकामा संचालित उक्त कार्यक्रम चालु आ.व.मा प्रदेशका ८५ वटै स्थानीय तहहरूमा संचालन गर्ने तयारी भएको छ। पशुपन्छीको खोप उपलब्धता सुनिश्चित गर्नका लागि भ्याक्सिन बैंक सञ्चालनमा ल्याइएको छ। त्यस्तै पशुहरूमा महामारीमा देखिएको लम्पी स्किन रोग व्यवस्थापनका लागि खोपको प्रबन्ध गरिएको छ।

**सिँचाई पूर्वाधार**

- १२२४ वटा साना सिँचाई पूर्वाधार विकास आयोजनामार्फत नयाँ सिचाँइ संरचना निर्माण तथा पुराना संरचना मर्मत गरी करिब १७३६ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुऱ्याइएको छ, जसबाट करिब १५,९९० घरधुरी लाभान्वित भएका छन्।

**जीविकोपार्जन सुधार गतिविधि**

- प्रदेशका ११ वटै जिल्लाका विपन्नवस्तीहरू पहिचान गरी विपन्न समुदायको जीविकोपार्जन सुधारका लागि बाख्राको खोर निर्माण-१३६, बाख्राका पाठी वितरण-६७९, बोका वितरण-४९, कुखुराको खोर निर्माण-१०४, कुखुरा चल्ला -१६००, भकारो सुधार-२९, भैसीका पाडी वितरण-३७, राँगो वितरण-४, बंगुर खोर निर्माण-१७, बंगुरका पाठा/पाठी वितरण-२३, प्लास्टिक टनेल पक्कि-१, प्लास्टिक टनेल अस्थायी-८४, मौरीघार गोला सहितको-३५९ , मौरी घार-५०, सुन्तला विरुवा वितरण १२००, किवी विरुवा वितरण-५००, चिया बेर्ना वितरण-२०००, सिंचाई कुलो निर्माण-१७५ मिटर, कम्बाइन मिल वितरण-५, मसला मिल-१, ट्र्याक्टर-४, च्याउ घर निर्माण-१, विउ बितरण, माउ गाई खरिद-२, तरकारी खेती-२ रोपनीका लागि सहयोग उपलव्ध गराइएको छ।
- मन्त्रालय मातहतका स्रोत केन्द्रहरूको सुदृढीकरण गरी मुख्य मुख्य तरकारी तथा फलफूल बालीका बेर्ना उत्पादन, खाद्यान्न बालीको स्रोत बीउ उत्पादन र व्यवसायिक कीट उत्पादन कार्यलाई जोड दिईएको छ।
- प्रदेशका पाँच वटा जिल्ला (गोरखा, लम्जुङ्ग, नवलपुर, तनहुँ ,स्याङ्गजा र कास्की) मा समुदाय स्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त ) अन्तर्गत ३१८ हेक्टर क्षेत्रफलमा आलु खेति गरिएको जसबाट उत्पादित आलु आलु चिप्स तथा फ्रेन्च फ्राई बनाउन प्रयोग गरिनेछ। त्यस्तै समुदाय स्तरमा खायन आलु उत्पादन प्रवर्धनको हकमा २९६ हेक्टर आलु लगाईएको छ।
- ग्रामीण साना कृषि उद्यम विकास कार्यक्रम अन्तर्गत खाद्यान्न प्रशोधनतर्फ ६ वटा, मह प्रशोधन तर्फ ३ वटा, तरकारी प्रशोधन (मस्यौरा बनाउने, आलु चिप्स बनाउने) तर्फ वटा, अचार/मसला प्रशोधन तर्फ २ वटा, फलफुल प्रशोधन (जुस बनाउने) तर्फ १ वटा र च्याउ प्रशोधन (सुकुटी बनाउने) तर्फ १ वटा गरी १३ साना उद्योग सञ्चालनमा उद्यमीहरूलाई सहयोग उपलब्ध गराइएको छ।

**सेवा विस्तार र रोजगारी**

- प्रदेशका ६ वटा जिल्लामा कृषि ज्ञान केन्द्र र ७ वटा जिल्लामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रहेकोमा प्राविधिक सेवा विस्तार गर्ने उद्देश्यले सम्पूर्ण जिल्लाहरूमा कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना गरिएको छ। सहकारी रजिष्ट्रारको कार्यालयको स्थापना गरी सहकारी क्षेत्रको नियमन तथा क्षमता अभिवृद्धि गरिएको छ। हालसम्म १४९ वटा सहकारीहरूको एकीकरण गरिएको छ।
- विशिष्टकृत पशु चिकित्सा सेवा उपलब्ध गराउने उद्देश्यले तनहुँ र कास्की जिल्लामा मोडल भेटेरिनरी अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- गोरखा, स्याङ्जा र कास्की जिल्लामा गरी ४ प्राङ्गारिक मल तथा १ बायोचार उत्पादन कारखानाको संरचना निर्माणका लागि सहयोग गरिएको छ।

- कृषि व्यवसायको जोखिम न्यूनीकरणका लागि कृषि बाली तथा पशुपन्छी बीमा गर्न प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सरकारबाट प्रदान गरिने अनुदानमा थप गरी निःशुल्क बाली बीमाको व्यवस्था गरिएको छ।
- व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्ने उद्देश्यले ३३२० वटा व्यवसायिक कृषि तथा पशुपन्छी फार्म स्थापना तथा विस्तारमा सहयोग गरिएको छ, जसबाट ३९१४ जना प्रत्यक्ष रोजगार भएका छन्।

**भूमि व्यवस्थापन**

- पोखरा महानरपालिका, मालपोत कार्यालय र नापी कार्यालयको समन्वयमा कित्ता नापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यक्रम सञ्चालन गरी १०० वटा कन्ट्रोल पोईन्ट स्थापना गरिएको, कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्नका लागि २०० कि.मि. बाटोको फिल्ड सर्भे सम्पन्न गरी १६ कि.मी. बाटोको लगत तयार गरी लगत कट्टीका लागि आवश्यक प्रकृया अगाडि वढाइएको छ।

# प्रदेश नीति तथा योजना आयोग

समष्टिगत आर्थिक अवस्थाः

- प्रदेशको कुल गार्हस्थ उत्पादनको संशोधित अनुमान आर्थिक वर्ष २०७८/७९ मा रू. ४ खर्ब ३७ अर्ब (प्रचलित मूल्यमा) रहेकोमा आर्थिक वर्ष २०७९/८० मा बढेर रू. ४ खर्ब ८२ अर्ब हुने अनुमान रहेको छ।
- गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको ८.९ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ९.० प्रतिशत योगदान पुर्याउने अनुमान छ।
- आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान क्रमशः २६.० र ७४.० प्रतिशत रहेको अनुमान गरिएकोमा आर्थिक वर्ष २०७९/८० मा क्रमशः २५.९ र ७४.१ प्रतिशत रहेको अनुमान रहेको छ।
- आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको आर्थिक वृद्धिदर ६.३५ प्रतिशत रहेको संशोधित अनुमान रहेकोमा आ.व. २०७९/८० मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ३.२६ प्रतिशत रहेको प्रारम्भिक अनुमान रहेको छ।
- आर्थिक वर्ष २०७९/८० मा प्रदेशको कुल गार्हस्थ उत्पादनमा प्राथमिक क्षेत्रको २६.६ प्रतिशत, द्वितीय क्षेत्रको १७.३ प्रतिशत र सेवा क्षेत्रको ५६.१ प्रतिशत योगदान रहेको अनुमान रहेको छ।

योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनः

- गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको आधारपत्र स्वीकृत भई सोही दस्तावेजमा प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७- ८०/८१) को समीक्षा समेत गरी आगामी चैत्र मसान्तसम्म दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२- ८५/८६) को तर्जुमा सम्पन्न गर्ने कार्ययोजना रहेको छ।
- आगामी योजनालाई तथ्यमा आधारित, सहभागितामूलक, केन्द्र र स्थानीय तहका योजनासँग सामञ्जस्यता, आम नागरिकको स्वामित्व समेत रहने गरी जिल्ला तथा स्थानीय स्तरमा पुगी योजना सुझाव तथा अन्तरक्रियात्मक क्रियाकलाप नियमित गरिएको छ।
- प्रदेश आयोजना बैंक दिग्दर्शन- २०७९ को पालना गर्न साथै उपलब्ध सिमित स्रोत साधनको सन्तुलित वितरणका लागि आयोजना बैंकमा आयोजना प्रविष्ट गरी वार्षिक कार्यक्रममा समावेश गर्ने गरी अभिमुखीकरण गरिएको छ।
- वार्षिक बजेटसँगै मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी पञ्चवर्षीय योजनालाई वार्षिक बजेटसँग तादात्म्यता मिलाउने गरिएको छ।
- प्रदेश स्तरका आयोजनाहरूको कार्यान्वयनमा प्रभावकारीता ल्याउन अनुगमन मूल्यांकन तथा क्षमता अभिवृद्धिका लागि नियमित रूपमा अभिमुखीकरण गरिएको छ।

- प्रदेश दिगो विकास लक्ष्य समन्वय समिति, प्रदेश विकास समस्या समाधान समिति जस्ता संयन्त्रको नियमित क्रियाशीलता मार्फत विकासका समस्याहरूको समाधानको प्रयत्न गरिएको छ।
- आयोगका पूर्ण बैठक र नियमित बैठक आवश्यकताअनुसार समयमै हुने गरेको छ।
- प्रदेशको एकीकृत तथ्याङ्क प्रणाली निर्माण भै कार्यान्वयनको चरणमा रहेको छ।

कार्यदल गठन र प्रतिवेदन

- प्रदेश सरकारका योजना कार्यान्वयनमा देखिएका समस्या निराकरण तथा न्यूनीकरणका लागि सुझाव सहित प्रतिवेदन तयारी सम्बन्धमा गठन भएको कार्यदलको नियमित बैठकबाट उपरोक्त समस्या समाधानको मार्ग प्रशस्त गरिएको छ।
- पोखरालाई पर्यटकीय राजधानी बनाउने सम्बन्धमा आयोगका उपाध्यक्षको अध्यक्षतामा ११ सदस्यीय अध्ययन समिति बनी सो समितिले प्रतिवेदन दिएको छ।

प्रथम पञ्चवर्षीय योजनाका मुख्य मुख्य उपलब्धी र प्रगतिको विश्लेषण

- योजनाले राखेका समृद्धिका २६ वटा सूचकमध्ये १० वटा सूचकको लक्ष्य प्राप्ति हुने देखिएको छ।
- दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरूको उपलब्धी तुलनात्मक रूपमा राम्रो रहेको छ।
- योजना वार्षिक औषत १०.२ प्रतिशत आर्थिक वृद्धि गर्ने लक्ष्य राखेकोमा ४.६ प्रतिशत मात्र वृद्धि रहेको छ।
- देशको कूल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.३ प्रतिशत कायम राख्ने लक्ष्य हासिल भएको छ।
- कृषि क्षेत्रमा वार्षिक औषत ५.५ प्रतिशतको वृद्धि हासिल गर्ने लक्ष्य प्राप्तिमा कठिनाइका साथै औधोगिक उत्पादनमा वार्षिक १३.३ प्रतिशत वृद्धि दर हासिल गर्ने लक्ष्य रहेकोमा औषत वृद्धिदर ०.२ प्रतिशत मात्र भएकोले लक्ष्य पूरा नहुने देखिएको छ।
- अधिकार, बजेट र पूर्वाधार कारण संवैधानिक अधिकार स्थापित गर्नका लागि आवधिक योजनाले लिएको सबै लक्ष्य पूरा गर्न चुनौतिपूर्ण रहेको छ। बेरोजगारी दर योजनाले लक्ष्य गरेभन्दा ३ प्रतिशत विन्दुले बढी हुने देखिन्छ भने रोजगारी र जनसंख्याको अनुपात योजनाले निर्धारण गरेको ३५.९ प्रतिशतको लक्ष्यभन्दा कमै हुने देखिन्छ।

## पञ्चवर्षीय योजनाका उपलब्धि तथा प्रगति

| सि नं | सूचक | लक्ष्य | प्रगति | |
|---|---|---|---|---|
| १ | मानव विकास विकास सूचकाङ्क | 0.65 | 0.60 | |
| २ | प्रत्यक्ष लैङ्गिक उत्तरदायी वजेट विनियोजन अनुपात | | ५१ | |
| ३ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (%) | १०० | ९७ | |
| ४ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिका (%) | ० | ३ | |
| ५ | पाँच वर्षमुनिकाबालबालिकामादुव्लोपना (%) | | - | |
| ६ | पाँच वर्षमुनिकाबालबालिकामा पुड्कोपना (%) | २२ | २८ | |
| ७ | पाँच वर्षमुनिकाबालबालिकामा रक्तअल्पता (%) | २० | २४ | |
| ८ | बहुआयामिक गरीबी सूचकाङ्क वास्तविक गणना अनुपात (%) | ९ | १४.२ | |
| ९ | ३० मिनेटको पैदल यात्रामा बजारको केन्द्र सम्म पहुंच भएका परिवार (कुल जनसंख्याको प्रतिशत) | ८० | ७२ | |
| १० | कुल उपभोगको दुई तिहाइ भन्दा बढी खानामा खर्च गर्ने जनसंख्या (%) | | ८९ | |
| ११ | कुल खेतीयोग्य भूमि मध्ये वर्षभरी सिंचाइ सुविधा पुगेको भूमि (%) | ४० | ३६.१ | |
| १२ | दक्ष प्रसुतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात (%) | ९० | ९४ | |
| १३ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ११ | २१ | |
| १४ | कुल प्रजनन दर (प्रति महिला शिशु जन्म) | २.१ | २ | |
| १५ | अस्पताल/ स्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउने (%) | १०० | ९० | |

## पञ्चवर्षीय योजनाका उपलब्धि तथा प्रगति

| सि नं | सूचक | लक्ष्य | प्रगति | |
|---|---|---|---|---|
| १८ | माध्यमिक तह (९-१२) मा कुल भर्नादर (%) | ९९ | ९१ | |
| १९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | | - | |
| २० | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | २२ | ३३ | |
| २१ | विद्युतमा पहुच पुगेको परिवार (%) | १०० | ९९ | |
| २२ | आधारभूत खानेपानीमा पहुंच पुगेको परिवार (%) | १०० | ९९ | |
| २३ | प्रादेशिक लोकमार्ग (कि.मी.) | ९०० | ६५० | |
| २४ | साक्षरता दर (पाँच वर्ष माथि%) | ९६ | ८८ | |
| २५ | १५ देखि २४ वर्षको साक्षरता दर (%) | ८० | ७२ | |
| २६ | जलविद्युत उत्पादन जडित क्षमता (मेगाबाट) | १०८४ | ६६५ | |
| २७ | जनसंख्यामा लैङ्गिक अनुपात | | ३.६६ | |
| २८ | घरजग्गामा महिलाको एकल स्वामित्व भएका महिला (१५-४९ वर्ष) | ३५ | २३ | |
| २९ | प्रदेश व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | ४० | ३४ | |
| | स्रोत: पन्ध्रौं योजना, मध्यमकालीन खर्च संरचना, २०७९/८० | | | |

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

संस्थागत विकास

- रणनैतिक योजना (२०७७/७८–२०८१/८२) निर्माण ।
- प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा ।
- नियमावली निर्माण ।
- संगठन संरचना निर्माण र कर्मचारी प्रशासन विनियमावलीको तर्जुमा ।
- भवन निर्माण ।
- गुण व्यवस्थापन प्रणालीको अवलम्बन र आइएसओ प्रमाणपत्रको प्राप्ति ।
- आर्थिक प्रशासन विनियमावलीको मस्यौदा निर्माण ।
- आन्तरिक नियन्त्रण प्रणालीको मस्यौदा निर्माण ।

तालिम तथा प्रशिक्षण

- संघ, प्रदेश र स्थानीय तहमा कार्यरत रा.प.अनं.प्रथम/द्वितीय श्रेणी तथा सहायकस्तर चौथो/पाँचौ तहका कर्मचारीका लागि सेवाकालीन तालिम पाठ्यक्रम निर्माण ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरी आ.व. २०७७/०७८ मा ११६ जना, आ.व २०७८/७९ मा ११२ र आ. व. २०७९/८० मा ५६ जना र आ.व. २०८०/८१ मा ८९ जना गरी कुल ३७३ जना सहायकस्तर कर्मचारीलाई ३० कार्यदिने सेवाकालीन तालिम प्रदान ।
- प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृतस्तरका कर्मचारीहरूका लागि ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम निर्माण

मूख्य उपलब्धिहरु

- ६३ वटा स्थानीय तहको लैससास रणनीति निर्माणमा सहयोग भएको,
- ६९ वटा स्थानीय तहको लैससास परीक्षण सम्पन गर्न सहयोग भएको,
- प्रदेश र स्थानीय तहका कर्मचारी र जनप्रनिधिहरुलाई विभिन्न तालिम प्रदान (सार्वजनिक खरिद, PAMS, IEMIS, वातावरणीय प्रभाव मूल्यांकन, GRB, कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचारसहिंता सम्वन्धी तालिम, स्थानीय तहको काम कर्तव्य र अधिकार सम्वन्धी तालिम आदि)।



- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरी आ.व. २०७९/८० मा ५८ जना र आ.व. २०८०/८१ ८९ जना गरी कुल १४७ जना अकिकृत कर्मचारीलाई ३० कार्यदिने सेवाकालीन तालिम प्रदान ।
- सेवाकालीन तालिम सञ्चालन नथा व्यवस्थापन कार्यविधि निर्माण ।
- सेवा प्रवेश तालिमका लागि ५ दिने पाठ्यक्रम निर्माण गरी स्थानीय तहमा कार्यरत ३१५ कर्मचारीलाई सेवा प्रवेश तालिम प्रदान ।
- प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहमा सिफारिस भएका कुल ११२१ जना कर्मचारीलाई सेवा प्रवेश सम्बन्धी अभिमुखीकरण ।
- लोक सेवा आयोगबाट प्रदेश मन्त्रालयका लागि सिफारिस भएका २२ जना इन्जिनियरहरूलाई सेवा प्रवेश तालिम ।
- स्थापना देखि २०८० मंसिर मसान्तसम्म १६ हजार ५ सय ६४ जना जनप्रतिनिधि र कर्मचारी क्षमता विकासका कार्यक्रमबाट लाभान्वित ।

## मूख्य उपलब्धिहरु

- १२१४५ जना कर्मचारी तथा जनप्रतिनिधहरुलाई तालिम प्रदान गरिएको

| सहभागीहरु | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | जनप्रतिनिधि | कर्मचारी |
|---|---|---|---|---|---|---|
| पुरुष | ३१०९ | ३०२१ | २१८३ | ३७८ | २४४५ | ६२४६ |
| महिला | १३३२ | १३६४ | ६६४ | ९४ | ८३५ | २६१९ |
| जम्मा | ४४४१ | ४३८५ | २८४७ | ४७२ | ३२८० | ८८६५ |




स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान

- ३८ स्थानीय तहमा आवधिक योजना निर्माण ।
- ४७ स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण ।
- ३४ स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा ।
- ६३ स्थानीय तहमा लैससास रणनीति निर्माण ।
- ६९ स्थानीय तहमा लैससास परीक्षण ।
- सबै स्थानीय तहमा लैंगिक उत्तरदायी बजेट सम्बन्धी प्रशिक्षण ।
- सबै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा सहयोग ।
- सबै स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्यांकनमा सहयोग ।
- सबै स्थानीय तहमा मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम ।
- सबै स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिका लागि आधारभूत तालिम ।
- सबै स्थानीय तहमा सार्वजनिक खरिद सम्बन्धी तालिम ।

### मूख्य उपलब्धिहरु

- ३७ स्थानीय तहको आवधिक योजना निर्माणमा सहयोग,
- ४७ स्थानीय तहको राजस्व सुधार योजना निर्माणमा सहयोग,
- ३४ स्थानीय तहको क्षमता विसका योजना निर्माणमा सहयोग,
- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन गर्न सहजीकरण, ८५ स्थानीय तहले गत बर्ष LISA सम्पन्न गर्न सफल,
- स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको लागि सहजीकरण, ८१ स्थानीय तहले गत बर्ष FRA सम्पन्न गर्न सफल,



- सबै स्थानीय तहमा वातावरणीय प्रभाव मूल्याङ्कन, भवन संहिता, भौगोलिक सूचना प्रणाली सम्बन्धी तालिम ।
- स्थानीय तहमा कार्यरत वडा सचिवका लागि सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम ।
- स्थानीय तहमा शासकीय औजारहरूको कार्यान्वयनमा सहयोग
    - स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) वित्तीय जोखिम मूल्यांकन (FRA) को कार्यान्वयन ।
    - स्थानीय आर्थिक विकास निर्देशिकाको कार्यान्वयन ।
    - आन्तरिक नियन्त्रण प्रणालीको विकास र कार्यान्वयन ।
    - GESI Audit
    - PAMS, IEMIS को प्रयोग ।
    - Public Audit, Social Audit, Public Hearing को कार्यान्वयन ।
- प्रदेश सरकार र स्थानीय तह बीचको अन्तरसम्बन्धको विकासमा योगदान ।

**प्रदेश तहका कार्यालयको क्षमता अभिवृद्धिमा योगदान**

स्थानीय तहमा जस्तै प्रदेश तहका कार्यालयका लागि समेत विभिन्न किसिमका तालिम तथा क्षमता विकासका कार्यक्रमको आयोजना ।

अध्ययन तथा अनुसन्धान

- **अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन** (Intergovernmental Relations in Federal Nepal: A Study of the Gandaki Province)
- **स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन** (Local Economic Development in Federal Context : A study of the Status and Prospect of Local Economic Development at Local Level)
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदन गरेका तालिमको प्रभावकारिता अध्ययन (Impact Study of the Capaicty Development interventions of GPTA)

सवाल केन्द्रित संवाद (Issue Based Dialogue)

- प्रदेश कार्यपालिका र स्थानीय तहका लागि वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध सम्बन्धी संवाद (Experience from Spain, South Africa and Australia)
- गण्डकी प्रदेशमा निर्मित कानुन र कार्यान्वयनको अवस्था सम्बन्धी संवाद
- स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिका आधारभूत पूर्वाधार सम्बन्धी संवाद
- प्रशिक्षणमा गुणस्तर व्यवस्थापन प्रणाली सम्बन्धी संवाद

- प्रदेश सभासद्का लागि Fiscal Federalism, Sub-national Governance and IGR-Experience from South Africa सम्बन्धी संवाद

प्रशिक्षण सामग्रीको उत्पादन र ज्ञान व्यवस्थापन

- स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन र वितरण
- कार्यालय सहयोगी, सवारी चालक र सुरक्षा गार्डको नियमित कार्यसम्पादनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) को प्रकाशन र वितरण
- आर्थिक प्रशासन सम्बन्धी आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) को प्रकाशन
- चौमासिक बुलेटिन प्रकाशन र वितरण
- Virtual lab र ज्ञान केन्द्रको स्थापना
- Surveillance camera को जडान र तालिम कक्षको अनुगमन
- सर्भर प्रणालीको स्थापना र संस्थागत मेमोरीको व्यवस्था

# मुख्य न्यायाधिवक्ताको कार्यालय

## हाल कायम रहेका मुद्दाको संख्यात्मक विवरण

| क्र.सं. | विवरण | आ.व. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | 075/76 | 076/77 | 077/78 | 078/79 | 079/80 | |
| 1 | दायर मुद्दा संख्या | 19 | 19 | 33 | 35 | 56 | 162 |
| 2 | फैसला | 4 | 3 | 11 | 24 | 43 | 85 |
| 3 | चालु अवस्थामा रहेका मुद्दा | 15 | 16 | 22 | 11 | 65 | 129 |



# रिट निवेदन/मुद्दाको पेसी विवरण

| क्र.सं. | अदालत | आ.व. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 075/76 | | 076/77 | | 077/78 | | 078/79 | | 079/80 | |
| | | मुद्दा संख्या | पेसी संख्या | मुद्दा संख्या | पेसी संख्या | मुद्दा संख्या | पेसी संख्या | मुद्दा संख्या | पेसी संख्या | मुद्दा संख्या | पेसी संख्या |
| 1 | सर्वोच्च अदालत | 9 | 50 | 24 | 93 | 51 | 57 | 70 | 156 | 63 | 81 |
| 2 | उच्च अदालत पोखरा | 5 | 14 | 11 | 44 | 15 | 20 | 26 | 82 | 15 | 55 |
| 3 | उच्च अदालत पोखरा बाग्लुङ ईजलास | 1 | 6 | 2 | 14 | 3 | 17 | 6 | 12 | 3 | 4 |
| 4 | उच्च अदालत पाटन | - | - | - | - | - | - | 3 | 4 | 8 | 25 |
| 5 | प्रशासकीय अदालत काठमाण्डौ | - | - | - | - | - | - | - | - | 4 | 10 |
| 6 | लमजुङ जिल्ला अदालत | - | - | - | - | - | - | - | - | 1 | 2 |
| 7 | कास्की जिल्ला अदालत | - | - | 1 | 3 | 2 | 3 | | | 1 | 4 |
| 8 | नवलपुर जिल्ला अदालत | - | - | - | - | - | - | - | - | 1 | - |
| **कुल जम्मा** | | **15** | **70** | **38** | **154** | **71** | **97** | **105** | **254** | **96** | **181** |

# रिट निवेदन/मुद्दाको लगत फछ्र्यौट र बाँकी विवरण

| क्र.सं. | अदालत | आ.व. | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 075/76 | | | 076/77 | | | 077/78 | | | 078/79 | | | 079/80 | | |
| | | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी |
| 1 | सर्वोच्च अदालत | 9 | - | 9 | 24 | 2 | 22 | 51 | 3 | 48 | 70 | 16 | 54 | 88 | 25 | 63 |
| 2 | उच्च अदालत पोखरा पुनरावेदन समेत | 5 | 3 | 2 | 11 | 4 | 7 | 15 | 11 | 3 | 26 | 20 | 6 | 50 | 46 | 4 |
| 3 | उच्च अदालत पोखरा बाग्लुङ ईजलास | 1 | 1 | - | 2 | 1 | 1 | 3 | 2 | 1 | 6 | 5 | 1 | 8 | 5 | 3 |
| 4 | उच्च अदालत पाटन पुनरावेदन समेत | - | - | - | - | - | - | - | - | - | 3 | - | 3 | 8 | 5 | 3 |
| 5 | प्रशासकीय अदालत | - | - | - | - | - | - | - | - | - | - | - | - | 4 | 3 | 1 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाण्डौ | | | | | | | | | | | | | | | |
| 6 | लमजुङ जिल्ला अदालत | - | - | - | - | - | - | - | - | - | - | - | - | 1 | - | 1 |
| 7 | कास्की जिल्ला अदालत | | | | 1 | - | 1 | 2 | 1 | 1 | 1 | 1 | - | 2 | 1 | 1 |
| 8 | नवलपुर जिल्ला अदालत | - | - | - | - | - | - | - | - | - | - | - | 0 | 1 | - | 1 |
| **कुल जम्मा** | | **15** | **4** | **11** | **38** | **7** | **31** | **71** | **17** | **53** | **106** | **42** | **64** | **162** | **85** | **77** |

| | मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश पोखराबाट सम्पादित कार्यक्रम सम्बन्धी विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | आ.व. | | | | |
| | | 075/76 | 076/77 | 077/78 | 078/79 | 079/80 |
| | | कार्यक्रम संख्या | कार्यक्रम संख्या | कार्यक्रम संख्या | कार्यक्रम संख्या | कार्यक्रम संख्या |
| 1 | हिरासत, कारागार, बाल सुधार गृह अनुगमन | 0 | 0 | 1 | 5 | 9 |
| 2 | स्थानिय तहका न्यायिक समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | १ | 1 | 1 | 1 | 8 |
| 3 | कानुन व्यवसायिहरूको दक्षता अभिवृद्धि कार्यक्रम | 0 | 2 | 2 | 2 | 2 |
| 4 | लिखित जवाफ, कानुनी राय तथा रिट निवेदन सम्बन्धी कार्यक्रम | 0 | 0 | 0 | 2 | 2 |
| **कुल जम्मा** | | **1** | **3** | **4** | **10** | **21** |



# मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश पोखराको विनियोजन निकासा र खर्चको विवरण

| क्र.सं. | खर्च शीर्षक | आ.व. | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 075/76 | | | 076/77 | | | 077/78 | | | 078/79 | | | 079/80 | | |
| | | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| 1 | चालु | 12651000 | 10272584 | 81.19 | 20577000 | 13450745 | 66 | 13729000 | 10291537 | 75 | 14499000 | 11265924 | 77.7 | 17189000 | 12137059 | 70.61 |
| 2 | पुँजीगत | 10185000 | 10123873 | 99.4 | 1000000 | 748260 | 75 | 7000000 | 6636697 | 95 | 1000000 | 287063 | 28.7 | 1000000 | 494047 | 49.4 |
| 3 | जम्मा | 22836000 | 20396457 | 89.32 | 21577000 | 14199005 | 66 | 20729000 | 16928234 | 82 | 15499000 | 11552987 | 74.54 | 18189000 | 12631106 | 69.44 |

# अनुसूची - १

## गण्डकी प्रदेश सभाबाट जारी भएका ऐन तथा प्रदेश सरकारबाट स्वीकृत भई लागू भएका नियमावली/गठन आदेश/नीति/कार्यविधिको विवरण

**(अ) ऐनहरूको सूची**

१. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४
२. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७४
३. मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४
४. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४
५. स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
६. कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५
७. प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
८. प्रदेश आकस्मिक कोष ऐन, २०७५
९. स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५
१०. खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५
११. प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५
१२. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५
१३. प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
१४. सहकारी ऐन, २०७५
१५. वर, पीपल, समि र चौतारो संरक्षण ऐन, २०७५
१६. ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५
१७. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५
१८. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५
१९. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६
२०. प्रदेश लोक सेवा आयोग ऐन, २०७६
